# वार्षिक प्रतिवेदन

## आ.व. २०७९/८०

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

(An ISO 9001:2015 Certified Academy)

गण्डकी प्रदेश, पोखरा

श्रावण, २०८०

MEMBER OF

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा (२२) को व्यवस्था बमोजिम
गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे समक्ष पेश गरिएको
आर्थिक वर्ष २०७९/८० को

# वार्षिक प्रतिवेदन

## श्रावण, २०८०
## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
## गण्डकी प्रदेश, पोखरा

MEMBER OF

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

IQNET CERTIFIED MANAGEMENT SYSTEM

MEMBER OF

**प्रकाशक :**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा, नेपाल
प्रकाशन वर्ष : २०८०
सर्वाधिकार © : प्रकाशकमा सुरक्षित
मुद्रण प्रति : ५००

**सम्पर्कका लागिः**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा, नेपाल
फोन नं : +९७७–५७१०८०, ५७०१४६
इमेल : academy.gandaki@gmail.com
वेवसाइट : https://gpta.gandaki.gov.np

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र संख्याः
चलानी नं.

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
पोखरा, नेपाल

विषयः वार्षिक प्रतिवेदन ।

माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५को दफा (२२) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पेश गरेको छु ।

श्रावण, २०८०

भवदीय,
(ऋषिराम पाण्डे)
कार्यकारी निर्देशक

फोन नं.: +९७७-६१-५२१०८०/५२०१४६
"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"
E-mail: academy.gandaki@gmail.c

# दुई शब्द

प्रदेश र स्थानीय तहमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमता अभिबृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित प्रतिष्ठानले कार्यारम्भ गरेको तीन वर्ष पूराभई चौथो वर्षमा प्रवेश गरेको छ।

गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तह निर्माणमा योगदान गर्ने उद्देश्यका साथ अगाडि बढेको प्रतिष्ठानले यस अवधिमा संस्थागत पूर्वाधार निर्माण, संस्थागत विकास, प्रशिक्षण सञ्चालन, अध्ययन तथा अनुसन्धान, समसामयिक विषयवस्तुमा संवाद कार्यक्रमको आयोजना र ज्ञान व्यवस्थापन जस्ता कार्यहरू मार्फत् प्रदेश तथा स्थानीय तहको मानव संसाधन विकास, शासकीय क्षमता अभिबृद्धि, संघ, प्रदेश र स्थानीय तहका कानूनी तथा नीतिगत व्यवस्थाहरूको कार्यान्वयनमा सहजीकरण एवम् संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। स्थापनाको छोटो अवधिमा नै Quality Austria बाट गुण व्यवस्थापन प्रणालीका लागि ISO 9001:2015 प्रमाण पत्र सहित International Quality Network को सदस्य बन्न सफल यस प्रतिष्ठानको चौथो वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ।

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"को सैद्धान्तिक अवधारणालाई आत्मसात गरी इमानदारिता, व्यावसायिकता र नवप्रवर्तनको संस्थागत मान्यता अन्तर्गत अगाडि बढेको प्रतिष्ठानले स्थापनाको छोटो अवधिमा नै क्षमता विकासको क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएको छ।

प्रदेश र स्थानीय तहको क्षमता विकासका क्रियाकलापहरूले यस आ.व.मा पनि निरन्तरता पाएका छन्। प्रशिक्षण आवश्यकताको पहिचान, पाठ्यक्रम निर्माण, प्रशिक्षण सञ्चालन र सञ्चालित प्रशिक्षणको अनुगमन तथा फलोअप निरन्तर रुपमा कार्यान्वयन भए। स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधि तथा प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहका लागि सिफारिस भई कार्य प्रारम्भ गरेका कर्मचारीको सेवा प्रवेश तालिम यस वर्षका महत्वपूर्ण क्रियाकलापहरू हुन्। स्थानीय तहको मागका आधारमा संस्थागत सबलीकरण र शासकीय क्षमता अभिबृद्धिका क्रियाकलाप कार्यान्वयन गरिएको छ। स्थानीय तहको आवधिक योजना, राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग गर्ने कार्यले निरन्तरता पाएको छ।

प्रदेश र स्थानीय तहमा सञ्चालन गरिएका क्षमता विकास कार्यक्रमको प्रभाव मूल्याङ्कन, स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र संभावना सम्बन्धी अध्ययन, वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध सम्बन्धी प्रदेश सभाका सदस्यहरूसँगको संवाद, तालिम प्रदायक संस्थाहरूको पेशागत क्षमता अभिबृद्धि र गुण व्यवस्थापन प्रणालीको प्रवर्द्धन यस आर्थिक वर्षमा लिइएका नयाँ अग्रसरता हुन्। अन्तरसरकार सम्बन्ध बारे गरिएको अध्ययन नतिजाको प्रवोधिकरण र स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्रीको वितरण गर्ने काम चालु आ.व. मा सम्पन्न भए।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दै जाने प्रतिष्ठानको नीति बमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि तयार गरिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन र लक्षित वर्गमा सोको अभिमुखीकरण सम्पन्न भयो । चालु आ.व.मै आर्थिक प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण कार्य सम्पन्न भएको छ ।

प्रतिष्ठानको भवन निर्माण, निर्मित संरचनाको मर्मत संभार, कर्मचारीको सेवाशर्त सम्बन्धी विनियमावलीको तर्जुमा, सेवाकालीन तालिम सञ्चालन कार्यविधि निर्माण आदि संस्थागत पूर्वाधार निर्माणका क्षेत्रमा यस आ.व.का केही महत्वपूर्ण कार्यहरू हुन् । प्रतिष्ठानले संस्थागत गरेको कार्य प्रक्रिया र सेवा प्रवाह सम्बन्धी नीतिगत व्यवस्थाका लागि ISO 9001:2015 को Internal Audit / Surveillance Audit चालु आ.व. मा सम्पन्न भए ।

उल्लिखित कार्यहरू सम्पन्न गर्न प्रतिष्ठानलाई निरन्तर दिशानिर्देश गर्नुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरू, मन्त्रीहरू, प्रदेश सरकारका प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रतिष्ठान परिवार र सम्बद्ध सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

ऋषिराम पाण्डे
कार्यकारी निर्देशक
श्रावण, २०८०

# कार्यकारी सारांश

प्रदेश र स्थानीय तहमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमता अभिबृद्धि गर्ने अभिप्रायले स्थापित प्रतिष्ठानको प्रथम रणनैतिक योजना (२०७७।७८-२०८१।८२) कार्यान्वयनको तीन वर्ष पूरा भएको छ । रणनैतिक योजना बमोजिम आर्थिक वर्ष २०७९/८० लाई "कार्यक्रम कार्यान्वयनको वर्ष" का रुपमा योजना गरिएको थियो । यो वर्ष प्रदेश र स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूका लागि क्षमता विकास कार्यक्रमको व्यापक कार्यान्वयन गर्ने गरी वार्षिक बजेट र कार्यक्रम तय भएको थियो । अध्ययन, अनुसन्धान, बहस र संवादका कार्यक्रम कार्यान्वयन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण गर्ने, ISO प्रक्रियाको फलोअप गर्ने, प्रतिष्ठानको मानव संसाधन विकास गर्ने जस्ता क्रियाकलाप चालु आ.व. का लागि निर्धारण गरिएका थिए । रणनैतिक योजनमा समावेश गरिएका उल्लिखित सबै क्रियाकलाप यस आ.व. मा कार्यान्वयनमा आएका छन् ।

प्रतिष्ठानले संस्थागत विकासको क्रमसँगै आफ्ना गतिविधिमा विविधता ल्याउँदै आएको छ । नवनिर्वाचित जनप्रतिनिधिको क्षमता विकास, नवप्रवेशी कर्मचारीको सेवा प्रवेश तालिम, प्रतिष्ठानद्वारा सञ्चालित क्षमता विकास कार्यक्रमको प्रभाव मूल्याङ्कन, तालिम प्रदायक संस्थाहरूको पेशागत दक्षता विकास र गुणस्तर व्यवस्थापन प्रणालीको अवलम्बन चालु आ.व.मा सुरु गरिएका नयाँ अग्रसरताहरू हुन् ।

कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र ज्ञान व्यवस्थापन प्रतिष्ठानका मुख्य कार्यहरू हुन् । जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम वर्षैभरी कार्यान्वय भए । प्रदेश तथा स्थानीय तहका लागि तालिम आवश्यकताको पहिचान र सोका आधारमा वार्षिक कार्यक्रम र बजेट निर्माणको कार्यले निरन्तरता पायो । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका ११६ वटा तालिम सञ्चालन भए । यसबाट कुल ४,२०७ जनाले चालु आ.व. मा क्षमता विकासको अवसर प्राप्त गरेका छन् ।

स्थानीय तहका नवनिर्वाचित पदाधिकारीहरूको अभिमुखीकरण यस आर्थिक वर्षको महत्वपूर्ण कार्यक्रम थियो । गत आ.व. को जेठ २७ र २८ गते प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षहरूका लागि पोखरामा आधारभूत तहको अभिमुखीकरण सम्पन्न भएकोमा यस आ.व. मा जिल्ला समन्वय समितिसँगको समन्वयमा प्रदेशका सबै स्थानीय तहका वडा अध्यक्षहरूका लागि स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयवस्तुमा अभिमुखीकरण सम्पन्न भयो । यसबाट ६७९ जना वडा अध्यक्षहरू लाभान्वित भएका छन् । त्यसैगरी, गत आ.व. मा स्याङ्जा र गोरखा जिल्लाका उप-प्रमुख/उपाध्यक्ष र कार्यपालिका सदस्यका लागि दुई दिने लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएकोमा बाँकी स्थानीय तहहरूका लागि चालु आ.व. मा उक्त कार्यक्रम सम्पन्न भयो । यसबाट १०६ जना जनप्रतिनिधि लाभान्वित भएका छन् ।

गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा छनौट भई स्थानीय तहका लागि सिफारिस भएका नवप्रवेशी कर्मचारीहरूलाई गत वर्ष प्रदेश लोक सेवा आयोगको समन्वयमा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएकोमा चालु आ.व.मा त्यस्ता ३१५ जना कर्मचारीले ५ दिने सेवा प्रवेश तालिम प्राप्त

गरेका छन् । यसले स्थानीय तहको सेवा प्रवाहका लागि दक्ष जनशक्ति निर्माणमा योगदान पुगेको छ ।

गत वर्षहरूमा सहायकस्तरका कर्मचारीका लागि ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन गरिँदै आएकोमा चालु आ.व. मा प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृतस्तरका कर्मचारीका लागि समेत सेवाकालीन तालिम प्रारम्भ भयो । प्रतिष्ठानले तयार गरेको अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरी प्रशिक्षण परिषद्को स्वीकृतिमा उक्त तालिम सञ्चालन गरिएको हो । यसबाट ५८ जना अधिकृतस्तरका कर्मचारी लाभान्वित भएका छन् । प्रदेश तहमानै अधिकृतस्तरको सेवाकालीन तालिम सञ्चालन हुनु प्रदेश सरकार र प्रतिष्ठानका लागि अर्को महत्वपूर्ण सफलता हो । यसैगरी, सहायकस्तरका ५६ कर्मचारीले चालु आ.व.मा सेवाकालीन तालिमको अवसर प्राप्त गरेका छन् ।

प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक खरिद, मध्यमकालीन खर्च संरचना, वातावरणीय प्रभाव मूल्याङ्कन, सामाजिक सुरक्षा तथा पञ्जीकरण, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिका लागि कार्यविवरण, कार्यस्थलमा हुने लैङ्गिक हिंसा, लैससास परीक्षण जस्ता तालिम सञ्चालन भए । त्यसैगरी, स्थानीय तहका विषयगत समितिका पदाधिकारीको काम कर्तव्य र अधिकार, वडा समितिका सदस्यहरूका लागि रुपान्तरणकारी नेतृत्व जस्ता तालिम आयोजना भए । कार्यालय सहयोगी, हलुका सवारी चालक र सुरक्षा गार्डका लागि उनीहरूको कार्यविवरणसँग सम्बन्धित तालिम सञ्चालन भए । यस्ता तालिमहरूबाट कुल ३१३९ जना कर्मचारी तथा जनप्रतिनिधि लाभान्वित भए ।

स्थानीय तहको शासकीय क्षमता अभिबृद्धिका विभिन्न कार्यक्रम यस आ.व. मा कार्यान्वयन भए । सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिसँगको समन्वय र सहजीकरणमा स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन, स्व-मूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण, स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कन जस्ता कार्यक्रम कार्यान्वयन भए । प्रतिष्ठानको सहजीकरणको परिणामस्वरुप गण्डकी प्रदेशका सबै स्थानीय तहले संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन सम्पन्न गरी आ-आफ्नो वेभसाइटमा नतिजा सार्वजनिक गरेका छन् ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत यस आ.व. मा ५ स्थानीय तहको आवधिक योजना तर्जुमा, १५ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १५ वटा स्थानीय तहको क्षमता विकास योजना र २० वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गर्न प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने गरी सम्बन्धित स्थानीय तहसँग समझदारी भएकोमा ५ स्थानीय तहको आवधिक योजना तर्जुमा, १४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १४ वटा स्थानीय तहको क्षमता विकास योजना र १९ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण भएका छन् । यसै गरी २० स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको काम सम्पन्न भयो । यसले निर्वाचित जनप्रतिनिधिहरूलाई विकास र सुशासनका कार्यक्रम कार्यान्वयन गर्न महत्वपूर्ण टेवा पुगेको छ ।

गत वर्षहरूमा आन्तरिक रुपमा प्रशिक्षण कार्यक्रमको प्रभावकारिताको फलोअप तथा अनुगमन गरिँदै आएकोमा यस आ.व.मा विज्ञ परामर्शदाता परिचालन गरि प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता मूल्याङकनको कार्य सम्पन्न भयो । क्षमता विकासको क्षेत्रमा प्रतिष्ठानले सुरु गरेको यो महत्वपूर्ण कार्य हो ।

प्रतिष्ठानका प्रशिक्षण, अनुसन्धान र अन्य कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम बनाउने उद्देश्यका

साथ प्रारम्भ गरिएको गुण व्यवस्थापन प्रणाली संस्थागत भएको छ । चालु आ.व. सम्ममा ISO 9001:2015 प्रमाण पत्र प्राप्त गर्ने लक्ष्य रहेकोमा गत आ.व.मा नै सो कार्य पूरा भयो । चालु आ.व.मा त्यसको Internal Audit र पहिलो Surveillance Audit सम्पन्न भएका छन् । उपरोक्त परीक्षणहरूबाट गुण व्यवस्थापन प्रणाली संस्थागत हुँदै गएको प्रतिवेदन प्राप्त भएको छ । यसलाई नेपालको प्रशिक्षणको इतिहासमा एउटा महत्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ । यसले प्रतिष्ठानको छविलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने काम समेत गरेको छ । गुण व्यवस्थापन प्रणालीलाई अन्य तालिम प्रदायक संस्थाहरूमा समेत कार्यान्वयन गर्नका लागि प्रतिष्ठानले सहजीकरण गरेको छ ।

सवाल केन्द्रित संवाद कार्यक्रमले यस वर्ष पनि निरन्तरता पायो । यस आ.व.मा तीन वटा सवाल केन्द्रित संवाद कार्यक्रम आयोजना भए । स्थानीय तहका प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतहरूसँग स्थानीय तहमा निर्माण गरिएका आवधिक योजना, राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैससास रणनीति, लैससास परीक्षण र लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्थाका बारेमा छलफल भयो । यसले नवनिर्वाचित पदाधिकारीका लागि आफ्नो स्थानीय तहमा तयार भएका दस्तावेजहरूको अवस्था र सोको प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण पृष्ठपोषण प्रदान गरेको छ ।

गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरू, शैक्षिक संस्था र अनुसन्धान केन्द्रहरूसँग क्षमता विकासको सन्दर्भमा गुण व्यवस्थापन प्रणालीको सान्दर्भिकता सम्बन्धमा संवाद कार्यक्रमको आयोजना भयो । यसले क्षमता विकासमा कामगर्ने संस्थाहरू र शैक्षिक संस्थाहरूलाई गुण व्यवस्थापन प्रणालीको अवलम्बन गर्न प्रेरणा प्राप्त भएको छ ।

चालु आर्थिक वर्षमा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, प्रदेश सरकारका सचिव एवम् अन्य पदाधिकारीहरू बीच वित्तीय संघीयता, अन्तर सरकार सम्बन्ध र प्रदेशमा कानून निर्माण प्रक्रिया जस्ता विषयमा संवाद कार्यक्रमको आयोजना भयो । उक्त संवाद कार्यक्रममा दक्षिण अफ्रिकाको अन्तर सरकारी सम्बन्धका बारेमा समेत विज्ञद्वारा कार्यपत्र प्रस्तुत भएको थियो । यस्ता संवाद कार्यक्रमले नीति निर्मातालाई महत्वपूर्ण पृष्ठपोषण भएको छ ।

अध्ययन तथा अनुसन्धानको कार्यले चालु आ.व.मा समेत निरन्तरता पायो । यस वर्ष स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र संभावना विषयमा अनुसन्धान कार्य सम्पन्न भएको छ । यसले स्थानीय तहहरूलाई आर्थिक समृद्धिका क्रियाकलाप कार्यान्वयनमा महत्वपूर्ण सुझाव प्रदान गर्नेछ ।

प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरूमा प्रशिक्षणका आधारभूत विधि र प्रक्रिया सम्बन्धी ज्ञान र सीप प्रदान गरी प्रदेशमा सञ्चालन गरिने सबै किसिमका तालिमको न्यूनतम् मापदण्ड र गुणस्तर कायम गर्न सहयोग गर्ने अभिप्रायले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा प्रशिक्षकहरूको पेशागत दक्षता विकास कार्यक्रम सम्पन्न भयो । यसले तालिम प्रदायक संस्थाहरूलाई Instructional Design पद्धतिका आधारमा तालिम कार्यक्रमको तयारी र कार्यान्वयन गर्न ठूलो टेवा पुगेको छ ।

प्रतिष्ठानको भवन निर्माणको कार्य निरन्तर रुपमा अगाडि बढिरहेको छ । बहुवर्षीय योजनाका रुपमा निर्माण प्रारम्भ भएको भवन आगामी आ.व. सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । पूराना संरचनाको मरमर संभार र कार्यालय परिसरको सौन्दर्यकरणको कार्य निरन्तर रुपमा अगाडि बढे । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू योजना अनुसार नै कार्यान्वयनमा आए ।

University of British Columbia, Canada का विद्यार्थीहरूलाई स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रतिष्ठानले खेलेको भूमिकाका बारेमा प्रस्तुतीकरण भयो । त्यसैगरी, सिंगापुरमा कार्यालय रहेको

Chandler Academy of Governance ले आयोजना गरेको Global Survey on Public Sector Training मा प्रतिष्ठान पनि सहभागी हुने अवसर प्राप्त भयो । प्रतिष्ठानले अगाडि सारेको Competency Based Training को अवधारणा उक्त सर्वेक्षण प्रतिवेदनमा समावेश भएको छ । चालु आ.व.मा World Bank, European Union, Norwegian Embassy, Swiss Embassy, Australian Embassy, British Embassy, UNDP लगायतका दातृ निकाय र विकास साझेदारहरूले प्रतिष्ठानको अवलोकन र प्रतिष्ठानद्वारा सम्पादित कार्यक्रमको बारेमा जानकारी लिए । अन्य प्रदेशका तालिम केन्द्रका कर्मचारीहरूसँग अन्तरक्रिया कार्यक्रम भए ।

गत आ.व.मा तयार गरिएको कर्मचारी सेवाशर्त सम्बन्धी विनियमावलीमा प्रदेश लोक सेवा आयोगको परामर्श प्राप्त भएको छ । प्रशिक्षण परिषद्को आगामी बैठकबाट सोको स्विकृति पश्चात् प्रतिष्ठानको जनशक्ति पूर्तिको लागि मार्ग प्रशस्त हुनेछ ।

प्रतिष्ठानमा कार्यरत कर्मचारीका लागि सिकाइ आदानप्रदान कार्यक्रम आयोजना गरी अन्य प्रदेशका असल अभ्यासबाट सिक्ने अवसर प्राप्त भयो भने विभिन्न विषयगत तालिमहरूमा प्रतिष्ठानका कर्मचारीहरूले सहभागिता जनाए । ज्ञान केन्द्रको स्थापना, डाटा बैंक र सर्भर प्रणालीको कार्यान्वयन, प्रशिक्षणका लागि आवश्यक उपकरण खरिद र तालिम कक्षको मर्मत संभार, अवलोकन भ्रमणमा आउने आगन्तुकहरूसँगको अन्तरक्रिया आदि यस आर्थिक वर्षमा सम्पादन गरिएका थप कार्य हुन् ।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दै जाने प्रतिष्ठानको नीति बमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि गत वर्ष तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन र सोको अभिमुखीकरण चालु आ.व. मा सम्पन्न भयो । त्यसैगरी, चालु आ.व.मा सार्वजनिक निकायको आर्थिक प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) निर्माणको कार्य सम्पन्न भएको छ । यसलाई विद्यमान प्रशिक्षणको आयाममा परिवर्तन र क्षमता विकासमा नयाँ प्रयोगको रुपमा लिइएको छ ।

जनशक्ति, पूर्वाधार र कार्यसञ्चालन पद्धति संस्थागत विकासका तीन महत्वपूर्ण आधारभूत स्तम्भहरू हुन् । स्थापनाको छोटो अवधिमा नै उपरोक्त कार्यहरूको जग बसाल्ने कामसँगै प्रतिष्ठान संस्थागत विकासको बाटोमा अगाडि बढेको छ । प्रतिष्ठानको स्थापनादेखि हालसम्म सञ्चालित क्रियाकलापहरूले संस्थागत विकासको मजबुत आधार निर्माण गरेका छन् । हालसम्मका उपलब्धिले प्रतिष्ठानलाई मानव संसाधन विकासको क्षेत्रमा प्रदेश तहमा एउटा भरपर्दो संस्थाका रुपमा परिचित गराउने काम मात्र गरेका छैनन् आगामी दिनहरूमा प्रतिष्ठानलाई थप उचाईमा पुर्‍याउने आधार समेत खडा गरेका छन् ।

# विषय सूची


दुई शब्द iv

कार्यकारी सारांश vi

**परिच्छेद–१ : परिचय** १

१.१ पृष्ठभूमि १

१.२ क्षमता विकासको सन्दर्भ र प्रतिष्ठानको औचित्य २

१.३ प्रतिवेदनको संरचना ३

**परिच्छेद–२ : दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र कार्यक्रम** ४

२.१ दीर्घकालीन सोंच (Vision) ४

२.२ ध्येय (Mission) ४

२.३ संस्थागत मान्यता (Core Values) ४

२.४ प्रशिक्षणका सिद्धान्त (Belief) ५

२.५ प्रतिष्ठानका उद्देश्य (Objectives) ५

२.६ प्रशिक्षण सम्बन्धी नीति ५

२.७ प्रतिष्ठानका प्रमुख कार्य ५

२.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा ६

२.९ रणनैतिक योजनाको सारसंक्षेप ८

२.१० संस्थागत संरचना १३

**परिच्छेद–३ : गत आर्थिक वर्षको समीक्षा** १६

**परिच्छेद–४ : आर्थिक वर्ष २०७९/८० को प्रगति** २२

४.१ आ.व. २०७९/८० को योजना २२

४.२ आ.व २०७९/८० को बजेट तथा कार्यक्रम २३

४.३ आ.व. २०७९/८० को प्रगति ३१

(क) प्रशिक्षण कार्यक्रम ३३

(ख) सवाल केन्द्रित संवाद ७५

(ग) अध्ययन तथा अनुसन्धान ७९

(घ) ज्ञान व्यवस्थापन ८२

(ङ) संस्थागत विकास र मानव संसाधन ८३

**परिच्छेद–५ : आर्थिक वर्ष २०७९/८० को आर्थिक प्रतिवेदन** ९८

**परिच्छेद–६ : आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम** १०७

**परिच्छेद–७ : समस्या, चुनौति, निष्कर्ष र आगामी कार्यदिशा** ११२

७.१ समस्या र चुनौति ११२

७.२ समस्या समाधानका लागि चालिएका कदम ११२

७.३ निष्कर्ष ११३

७.४ आगामी कार्यदिशा ११५

# परिच्छेद–१
# परिचय

## १.१ पृष्ठभूमि

संघीयताको कार्यान्वयन पश्चात् स्थापित प्रदेश र स्थानीय तहको पहिलो कार्यकाल पूरा भई दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न भएको छ । त्यसैले, नयाँ संरचनाका रुपमा स्थापित प्रदेश सरकार र स्थानीय तह संस्थागत विकासको प्रारम्भिक चरणमा नै छन् । तहगत सरकारका एकल र साझा अधिकारका क्षेत्र अझै पूर्णरुपमा कार्यान्वयनमा आउन सकेका छैनन् । प्रदेश र स्थानीय तहको संस्थागत विकासका लागि भौतिक पूर्वाधार र आवश्यक कानूनको प्रवन्ध, जनशक्तिको व्यवस्था तथा सेवा प्रवाहका लागि आवश्यक आधारभूत मापदण्ड र कार्यप्रणालीको स्थापनाले अझै मूर्तरुप लिन सकेका छैनन् । बदलिएको शासकीय संरचना मुताविकका सेवा प्रवाहका लागि उपलब्ध जनशक्तिको कार्यक्षमताको विकास र निर्वाचित जनप्रतिनिधिहरूले निर्वाह गर्नुपर्ने भूमिकाका लागि कार्यदक्षताको अभिबृद्धि प्राथमिकताका विषय हुन् ।

तालिम तथा प्रशिक्षण क्षमता विकासको एउटा महत्वपूर्ण औजारको रुपमा संसारभरी नै प्रचलित छ । संघीयताको कार्यान्वयनले सिर्जना गरेका तहगत सरकार र तिनका अधिकार क्षेत्रको संवैधानिक व्यवस्थाले निर्वाचित पदाधिकारी र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रमहरूको आवश्यकतालाई झनै बढाई दिएका छन् । संघीयताको लाभांश जनताको घरदैलोसम्म पुऱ्याउन र सरकार प्रति जनताको विश्वासमा अभिबृद्धि गर्ने कार्यसम्पादनमा आधारित प्रशिक्षण र नतिजा केन्द्रित क्षमता विकासका कार्यक्रम मार्फत् निर्वाचित पदाधिकारी र कार्यरत कर्मचारीको कार्यदक्षतामा अभिबृद्धि जरुरी छ ।

यसै परिप्रेक्ष्यमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका विकास र सुशासन प्रवर्द्धनका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिबृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेश सरकारको एउटा स्वायत्त संस्थाका रुपमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठानको स्थापना प्रदेश र स्थानीय तहको मानव संसाधन विकासका निम्ति गण्डकी प्रदेश सरकारले लिएको दूरगामी महत्वको महत्वपूर्ण अग्रसरता हो । आ.व. २०७६/७७ को फागुन अन्त्यदेखि कार्यारम्भ गरेको प्रतिष्ठानले तेस्रो वर्ष पूरा गरी चौथो वर्ष प्रवेश गरेको छ । कार्यसम्पादनमा आधारित प्रशिक्षण मार्फत् जनप्रतिनिधि र कर्मचारीको सेवा प्रवाहको गुणस्तरमा सुधार गर्ने तथा अध्ययन, अनुसन्धान, संवाद र ज्ञान व्यवस्थापनका माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहहरूलाई नीतिगत पृष्ठापोषण गर्ने काममा प्रतिष्ठान निरन्तर क्रियाशील छ । प्रदेश र स्थानीय तहमा निर्वाचित

भई आउने पदाधिकारीहरू र कार्यरत कर्मचारीका लागि नियमित रुपमा सञ्चालन गर्नुपर्ने क्षमता विकासका कार्यक्रमको प्रदेशस्तरबाट नै व्यवस्था गरिनु संघीयताका सन्दर्भमा महत्वपूर्ण उपलब्धि समेत हो ।

प्रतिष्ठानले सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तह निर्माणका लागि कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद, मागमा आधारित परामर्श सेवा र ज्ञान व्यवस्थापनका क्रियाकलापहरूको माध्यमद्वारा निरन्तर रुपमा योगदान गर्दै आइरहेको छ । प्रशिक्षणलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आवद्ध गराई सम्वन्धित संस्थाको समग्र कार्यसम्पादनमा सुधार गरी क्षमता विकास कार्यक्रमको सही मूल्य (best value for money) सुनिश्चित गराउने कार्यलाई प्रतिष्ठानले मूल मान्यताका रुपमा अगाडि सारेको छ ।

प्रशिक्षण र क्षमता विकास त्यस्तो एउटा प्राविधिक र वैज्ञानिक विषय हो जसमा नवप्रवर्तन र निरन्तरको सिकाइले सर्वाधिक महत्व राख्दछ । त्यसैले, प्रशिक्षणलाई उपयोगी र प्रभावकारी बनाउनका लागि विद्यमान प्रशिक्षण प्रणालीमा सुधारको आवश्यकता छ । उक्त वास्तविकतालाई मध्यनजर गरी प्रतिष्ठानले प्रशिक्षार्थीको प्रशिक्षण आवश्यकताको पहिचान, आवश्यकताका आधारमा प्रशिक्षण कार्यक्रमको डिजाइन र प्रशिक्षण सामग्रीहरू निर्माण, प्रशिक्षणको सहजीकरणका लागि उपयुक्त प्रशिक्षकको व्यवस्था, सहभागीको स्तरका आधारमा प्रशिक्षणका विधिहरूको चयन, प्रशिक्षणको विभिन्न तहमा गरिनुपर्ने मूल्याङ्कनका लागि मूल्याङ्कनका औजारहरूको विकास र प्रयोग, प्रशिक्षण पश्चात् प्रशिक्षणको कार्यान्वयनको सुनिश्चितताका लागि फलोअप वा अनुगमन, प्रशिक्षणले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा पारेको प्रभावको लेखाजोखाका लागि प्रभाव मूल्याङ्कन जस्ता कार्यहरूलाई वैज्ञानिक हिसाबले प्रशिक्षण प्रणालीमा अवलम्बन गर्दै आइरहेको छ । त्यसैगरी, क्षमता विकासको वर्तमान पद्धतिमा क्रमिक रुपमा परिस्करण र परिवर्तन गर्दै जानु पर्ने आवश्यकतालाई आत्मसात गरी प्रतिष्ठानले क्षमता विकासका वैकल्पिक र प्रभावकारी माध्यमहरूको विकास र प्रयोगको रणनीति अवलम्बन गरेको छ ।

## १.२ क्षमता विकासको सन्दर्भ र प्रतिष्ठानको औचित्य

देशको कुल क्षेत्रफलको २१,९७४ वर्ग कि.मि.(१४.६७ प्रतिशत) भूभागमा फैलिएको गण्डकी प्रदेश भित्र ११ जिल्ला, ८५ वटा स्थानीय तह (१ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका) र ११ वटा जिल्ला समन्वय समिति रहेका छन् । ८५ वटा स्थानीय तहमा निर्वाचित र मनोनित जनप्रतिनिधिहरूको कुल संख्या ४ हजार ५ सय भन्दा बढी छ भने ६० जना प्रदेश सभा सदस्य रहेको यस प्रदेशमा ९९ जना जिल्ला समन्वय समितिका सदस्यहरू कार्यरत छन् । प्रदेश अन्तर्गतका मन्त्रालय र मातहतका कार्यालय, विभिन्न आयोग, प्रतिष्ठान लगायतका निकाय र स्थानीय तहमासमेत गरी ठूलो सङ्ख्याका कर्मचारीहरूले सेवा प्रवाह गरिरहेका छन् ।

प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने, प्रदेश सरकार र स्थानीय

तहको शासकीय क्षमता अभिबृद्धिमा योगदान गर्ने, प्रदेश सरकार र स्थानीय तहका योजना तथा प्राथमिकताहरूको कार्यान्वयनमा सहयोग गर्ने एवम् अध्ययन तथा अनुसन्धानका माध्यमबाट प्रदेश सरकार र स्थानीय तहलाई नीतिगत पृष्ठपोषण गर्ने कार्यका लागि प्रदेश सरकारको एउटा स्वायत्त संस्थाको आवश्यकतालाई प्रतिष्ठानले पूरा गरेको छ ।

राज्यद्वारा प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी, प्रभावकारी र लागतप्रभावी बनाउनका लागि निर्वाचित पदाधिकारीहरू एवम् कार्यरत कर्मचारीको कार्यदक्षताले महत्वपूर्ण भूमिका खेल्दछ। राज्य वा सरकार सञ्चालन अविछिन्न रुपमा अगाडि बढ्ने प्रक्रिया हो । आवधिक निर्वाचनको माध्यमद्वारा छनौट भएका जनताका प्रतिनिधिहरूले नीति निर्माणमा योगदान गर्नु र जनप्रतिनिधिले गरेका निर्णयलाई कर्मचारी संयन्त्रले कार्यान्वयन गर्नु राज्य सञ्चालनको सामान्य अभ्यास हो । उक्त प्रक्रियामा क्षमता विकासका क्रियाकलापले महत्व राख्दछन् ।

प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोग मार्फत् छनौट गर्ने कार्य प्रारम्भ भइसकेको वर्तमान अवस्थामा सार्वजनिक सेवामा प्रवेश गरेका कर्मचारीको क्षमता विकास प्रतिष्ठानको महत्वपूर्ण कार्यका रुपमा अगाडि आएको छ। प्रदेश र स्थानीय तहका विकास प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धानका क्रियाकलापलाई केन्द्रित गराई ती निकायको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने काममा योगदान गर्ने कार्यमा प्रतिष्ठान क्रियाशील छ। प्रतिष्ठानले प्रशिक्षण, अध्ययन तथा अनुसन्धान, नीतिगत संवाद र मानव संसाधन तथा संस्थागत विकासका क्षेत्रमा आर्थिक वर्ष २०७९/८० भित्र सम्पादन गरेका मुख्य मुख्य कार्यहरूलाई समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.३ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई ७ वटा परिच्छेदमा वर्गीकरण गरिएको छ। पहिलो खण्डमा प्रतिष्ठानको पृष्ठभूमि र क्षमता विकासको सन्दर्भका बारेमा उल्लेख गरिएको छ। दोस्रो परिच्छेदमा प्रतिष्ठानको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम उल्लेख गरिएको छ भने तेस्रो परिच्छेदमा विगत आ.व.हरूमा सम्पादन गरिएका कार्यक्रमहरूको समीक्षा गरिएको छ । चौथो परिच्छेदमा आ.व. २०७९/८० को प्रगति विवरण समावेश गरिएको छ भने पाँचौं परिच्छेदमा आ.व. २०७९/८० को आर्थिक विवरण र भौतिक प्रगति उल्लेख गरिएको छ। छैटौं परिच्छेदमा आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम समावेश गरिएको छ भने सातौं परिच्छेदमा निष्कर्ष र आगामी दिनको कार्यदिशा प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२
# दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य र कार्यक्रम

प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने, प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आवद्ध गर्ने एवम् प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आवद्ध गर्ने उद्देश्यका साथ स्थापना भएको प्रतिष्ठानको मार्गचित्र तथा भावी कार्यदिशा निम्न बमोजिम रहेको छ ।

## २.१ दीर्घकालीन सोंच (Vision)

"सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान (Center of Excellence)" संस्थाको दीर्घकालीन सोंच रहेको छ। प्रतिष्ठान Quality Autria बाट ISO 9001:2015 Certified Academy का रुपमा स्थापित भएको छ भने International Quality Network को सदस्य बन्न सफल भएको छ ।

## २.२ ध्येय (Mission)

"गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाको माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिबृद्धि" संस्थाको ध्येय रहेको छ ।

### Quality Policy

We commit to continuously provide excellent and innovative training solutions, anchored on the principles of changing behaviour and improving performance, to satisfy the current and emerging needs of our stakeholders and conform to global management system standards.

We adhere to our core values of integrity, professionalism and innovation, and are committed to continually improve the effectiveness of Quality Management System.

### गुण नीति

सरोकारवालाहरूको वर्तमान र उदीयमान प्रशिक्षण आवश्यकताहरू पूरा गर्न एवम् विश्वव्यापी व्यवस्थापन प्रणालीका मापदण्डहरू अनुरुप व्यवहारमा परिवर्तन र कार्यसम्पादन सुधारको सिद्धान्तमा आधारित उत्कृष्ट र नवीन प्रशिक्षण समाधानहरू प्रदान गर्न हामी प्रतिबद्ध छौं ।

हामी इमानदारीता, व्यावसायिकता र नवप्रवर्तनको मूल मान्यताको पालना गर्छौं र गुणस्तर व्यवस्थापन प्रणालीको प्रभावकारितालाई निरन्तर सुधार गर्न प्रतिबद्ध छौं ।

## २.३ संस्थागत मान्यता (Core Values)

"इमानदारिता, व्यावसायिकता र नवप्रवर्तन" (Integrity, Professionalism and Innovation) प्रतिष्ठानका संस्थागत मान्यता हुन् ।

## २.४ प्रशिक्षणका सिद्धान्त (Belief)

"व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार"को सिद्धान्तलाई अवलम्बन गरी प्रतिष्ठानले आफ्ना क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

## २.५ प्रतिष्ठानका उद्देश्य (Objectives)

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी वनाउन आवश्यक कार्य गर्ने ।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने ।

## २.६ प्रशिक्षण सम्बन्धी नीति

प्रतिष्ठान ऐनले प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहाय बमोजिम हुने गरी व्यवस्था गरेको छ ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको व्यावसायिक ज्ञान, सीप र क्षमता बृद्धि गर्ने ।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र संस्थानको विकास कार्यक्रमसँग आवद्ध गर्ने ।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने ।

## २.७ प्रतिष्ठानका प्रमुख कार्य

प्रतिष्ठानले ऐनको परिधिभित्र रही देहायका क्रियाकलापमा केन्द्रित हुनेगरी आफ्नो कार्यक्षेत्र निर्धारण गरेको छ ।

(क) कार्यसम्पादनमा आधारित प्रशिक्षण

(ख) समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान

(ग) सवाल केन्द्रित संवाद


(घ) मागमा आधारित परामर्श सेवा

(ङ) ज्ञान व्यवस्थापन

## २.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा

प्रतिष्ठानले शिक्षण सिकाइ क्रियाकलाप निश्चित सैद्धान्तिक धरातलमा आधारित रही सञ्चालन गर्नु पर्दछ भन्ने मान्यता राख्दछ । त्यसैले, शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि शैक्षणिक योजना (Instructional Design) को मोडल अवलम्बन गर्दै आइरहेको छ ।

क्षमता विकास आवश्यकताको पहिचान र सोका आधारमा तालिमको योजना एवम् पाठ्यक्रम तयार गर्ने, तालिम पाठ्यक्रमको आधारमा तालिम सामग्रीको विकास गर्ने, निर्मित सामग्रीको प्रयोग गरी तालिम सञ्चालन गर्ने र तालिमका विषयवस्तुको प्रयोगको सुनिश्चितताको लागि फलोअप र अनुगमन गर्ने एवम् तालिम कार्यक्रमको प्रभावकारिताका लागि तालिमको मूल्याङ्कन गर्ने पद्धतिलाई प्रतिष्ठानले अंगिकार गरेको छ । प्रतिष्ठानले अवलम्बन गरेको प्रशिक्षण कार्यक्रमको मोडल निम्नानुसार छ ।





Instructional Design Principle मा आधारित ADDIE (Analysis, Design, Development, Implementation and Evaluation) मोडल कार्यसम्पादनमा आधारित प्रशिक्षणको नविनतम अवधारणा हो । उक्त मोडलको अनुसरण गरी प्रतिष्ठानका प्रशिक्षण–सिकाइ गतिविधि कार्यान्वयन गरिन्छ । तालिम कार्यक्रमलाई व्यवहारिक, नतिजामूलक र प्रशिक्षार्थीको

कार्यसम्पादनसँग आवद्ध गराउने उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानले निम्नानुसारको प्रक्रियाको विकास र अवलम्बन गर्दै आइरहेको छ ।

परम्परागत प्रशिक्षण अन्तर्गत प्रशिक्षण पश्चात् प्रशिक्षार्थीले प्रशिक्षणको सिकाइलाई कार्यान्वयनमा ल्याए नल्याएको बारे फलोअप गर्ने प्रचलनको कमी छ । तर, जबसम्म प्रशिक्षणका सहभागीहरूले प्रशिक्षणको सिकाइलाई आफ्नो कार्यस्थलमा व्यवहारिक रुपमा प्रयोगमा ल्याउँदैनन् र सिकाइको व्यवहारिक प्रयोगको परिणामस्वरुप संस्थाको समग्र कार्यसम्पादनमा सुधार आउन सक्दैन, तबसम्म प्रशिक्षणमा खर्च भएको साधन र श्रोतको अर्थ रहँदैन । त्यसकारण, प्रशिक्षणलाई प्रभावकारी बनाउन प्रशिक्षण पश्चात्को सहयोग, प्रशिक्षण कार्यान्वयनको अनुगमन र प्रशिक्षणले समग्र कार्यसम्पादनमा पारेको प्रभाव मूल्याङ्कनको पद्धतिलाई प्रतिष्ठानले अवलम्बन गरेको छ । प्रतिष्ठानले यो नै परम्परागत प्रशिक्षण पद्धतिमा ल्याइएको महत्वपूर्ण परिवर्तन हो ।

## प्रशिक्षण सञ्चालनको प्रक्रिया




प्रतिष्ठानले प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दै जाने रणनीति अवलम्बन गरेको छ । तत्कालीन प्राथमिकताका रुपमा सुधारिएको प्रशिक्षण मार्फत् क्षमता विकास र सुशासन प्रवर्द्धनका कार्यहरू गरिने भएता पनि प्रदेश र स्थानीय तहको शासकीय क्षमतामा अभिबृद्धि हुँदै जाँदा क्षमता विकासका परिस्कृत माध्यमहरूको अवलम्बन गर्नुपर्ने कुरामा प्रतिष्ठान विश्वास गर्दछ। यसका लागि प्रतिष्ठानले On-site Coaching, आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण, प्रशिक्षणको फलोअप, कार्य-सहयोगी सामग्री अर्थात् Job - Aid को निर्माण जस्ता कार्यहरू प्रारम्भ गरिसकेको छ ।

## २.९ रणनैतिक योजनाको सारसंक्षेप

प्रतिष्ठानले आफ्नो प्रथम रणनैतिक योजनाका पाँच वर्षलाई कार्यक्रमिक हिसाबले निम्न अनुसार प्राथमिकिकरण गरेको छ ।

प्रतिष्ठानका वर्ष कार्यक्रम (२०७७/७८–२०८१/८२)




नतिजा खाकामा आधारित रणनैतिक योजनाको सारसंक्षेप तल उल्लेख गरिएको छ ।

## रणनैतिक योजनाको सारसंक्षेप

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीको क्षमता विकासका लागि व्यवहारिक प्रशिक्षण सञ्चालन गर्ने । | १.१ प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादन स्तर बृद्धिको माध्यम बनाउने । | १.१.१ प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान गर्ने ।<br>१.१.२ क्षमता विकास तालिमका लागि तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.१.३ आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.१.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलको सहयोग, अनुगमन गर्ने ।<br>१.१.५ तालिम कार्यक्रमको मूल्याङ्कन गर्ने । | १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. स्थानीय तहका पदाधिकारीको क्षमता विकास तालिम ।<br>४. प्रदेश सभाका सदस्यको क्षमता विकास तालिम ।<br>५. प्रदेश सरकारका पदाधिकारीको क्षमता विकास तालिम<br>६. मनोनित र नियुक्त पदाधिकारीको क्षमता विकास तालिम<br>७. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>८. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएको हुने ।<br>३. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन भएको हुने । |


| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | १.२ प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा विकास गर्ने । | १.२.१ कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान गर्ने ।<br>१.२.२ क्षमता विकास तालिमका तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.२.३ क्षमता विकास आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन गर्ने ।<br>१.२.५ तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने । | १.कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. तालिम पाठ्यक्रम निर्माण ।<br>४. सहायकस्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>५. सहायक स्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>६. सहायक स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>७. अधिकृत स्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>८. अधिकृत स्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>९.अधिकृत स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>१०. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>११. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तहका सहायक तथा अधिकृत स्तरका कर्मचारीहरूका तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएका हुने ।<br>३. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४.तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| २. प्रदेश सरकार तथा स्थानीय तहका कार्य सम्पादन अभिबृद्धि गर्न क्षमता विकास सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने । | २.१ अध्यन तथा अनुसन्धानलाई नयाँ ज्ञानको सिर्जना र भईरहेको ज्ञान परिस्कृत गर्ने पद्धतिको रुपमा विकास गर्ने । | २.१.१ समस्या केन्द्रित अध्ययन अनुसन्धान गर्ने ।<br>२.१.२ अध्ययन अनुसन्धान सम्बन्धी अनुभव आदानप्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी आयोजना गर्ने ।<br>२.१.३ अनुसन्धानका प्रतिवेदन प्रकाशित गर्ने । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अध्ययन अनुसन्धान ।<br>२. राष्ट्रियस्तरका अनुभव आदानप्रदान गोष्ठी<br>३. अन्तर्राष्ट्रियस्तरका अनुभव आदानप्रदान गोष्ठी ।<br>४. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अनुसन्धान भएका हुने ।<br>२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अनुभव आदानप्रदान गोष्ठी आयोजना भएका हुने ।<br>३. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन भएका हुने । |
| | २.२ अध्ययन तथा अनुसन्धान लाई प्रदेश सरकार र स्थानीय तहका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने माध्यमको रुपमा विकास गर्ने । | २.२.१ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका गोष्ठी बाट आएका अनुभवले नीति तथा कार्यक्रममा पृष्ठपोषण गर्ने पद्धतिको विकास गर्ने । | १. अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा बारे छलफल ।<br>२ अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग । | १ अध्ययन तथा अनुसन्धानका नतिजा बारे छलफल भएका हुने ।<br>२ अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग भएका हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| ३. प्रतिष्ठानलाइ उत्कृष्ठ तालिम केन्द्रको रुपमा विकास गर्ने । | ३.१ प्रतिष्ठानको संगठन संरचना निर्माण गरी मानव संसाधनको विकास गर्ने । | ३.१.१ प्रतिष्ठानमा उत्कृष्ठ प्रशिक्षकद्वारा पठन पाठन र अध्ययन तथा अनुसन्धान गर्ने । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण ।<br>२. उत्कृष्ठ प्रशिक्षक तथा कर्मचारीको पदपूर्ति ।<br>३. प्रशिक्षक तथा कर्मचारीको अभिमुखीकरण र क्षमता विकास । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको हुने ।<br>२. प्रतिष्ठानमा उत्कृष्ठ जनशक्तिको पदपूर्ति भएको हुने ।<br>३. प्रशिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुने । |
| | | ३.१.२ प्रतिष्ठानलाई उत्कृष्ठ ज्ञान केन्द्रको रुपमा विकास गर्ने । | १. कार्यालय भवन निर्माण ।<br>२. संरचनाहरूको मर्मत संभार ।<br>३. Website निर्माण ।<br>४. प्रतिष्ठानका लागि आवश्यक नीति, नियम, कानून, कार्यविधि निर्माण ।<br>५. ISO प्रमाणपत्र प्राप्तिका लागि आवश्यक कार्य ।<br>६. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना ।<br>७. अध्ययन अनुसन्धान र मूल्याङ्कनका नतिजा अन्तराष्ट्रिय Peer Review Journal मा प्रकाशन ।<br>८. ज्ञान केन्द्रको स्थापना । | १. कार्यालय भवन निर्माण सम्पन्न भएको हुने ।<br>२. संरचनाहरूको नियमित मर्मत संभार भएका हुने ।<br>३. प्रतिष्ठानको Website सञ्चालनमा आएको हुने ।<br>४. प्रतिष्ठानका नियमावली, कर्मचारी विनियम, आर्थिक विनियम, खर्चको मापदण्ड निर्माण भएका हुने ।<br>५. प्रतिष्ठानले ISO प्रमाणपत्र प्राप्त गरेको हुने ।<br>६. अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना भएको हुने ।<br>८. प्रतिष्ठानका अध्ययन तथा अनुसन्धानका नतिजा अन्तर्राष्ट्रिय Peer Review Journal मा प्रकाशन भएका हुने ।<br>९. प्रतिष्ठान सिकाइ तथा ज्ञान केन्द्रको रुपमा विकास भएको हुने । |

## २.१० संस्थागत संरचना

प्रतिष्ठानलाई एउटा स्वायत्त संस्थाको रुपमा विकास गर्न ऐनले संगठन संरचना निर्धारण गरेको छ । ऐन बमोजिम संस्थाको सर्वोच्च निकायको रुपमा प्रशिक्षण परिषद् रहेको छ । प्रतिष्ठानका लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्न कार्यकारी समिति, प्रतिष्ठानको दैनिक कार्यसञ्चालन गर्न कार्यकारी निर्देशक र प्रदेश सरकारले तोके बमोजिम प्रशासकीय तथा प्राविधिक र प्राध्यापन तथा अनुसन्धान सेवाका कर्मचारी रहने व्यवस्था छ । प्रदेश सरकारले स्वीकृत गरेको संगठन संरचना देहाय बमोजिम रहेको छ ।



## (अ) प्रशिक्षण परिषद्

प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा प्रशिक्षण परिषद् रहने व्यवस्था छ । प्रशिक्षण परिषद्को संरचना निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| (क) मुख्यमन्त्री | – अध्यक्ष |
| (ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | – सदस्य |
| (ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग | – सदस्य |
| (घ) मुख्यमन्त्रीले तोकेको प्रदेशस्तरको विश्वविद्यालयको उपकुलपति | – सदस्य |
| (ङ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| (च) प्रदेश सरकारका सचिवहरू | – सदस्य |
| (छ) प्रदेश सरकारले मनोनित गरेका दुई जना महिला सहित तीन जना | – सदस्य |
| (ज) प्रतिष्ठानको कार्यकारी निर्देशक | – सचिव |

प्रशिक्षण परिषद्ले प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने, नियमावली बनाउने र विनियम स्वीकृत गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने, वार्षिक कार्यक्रमको प्रगति समीक्षा गर्ने, बजेट स्वीकृत गर्ने, समितिलाई आवश्यक निर्देशन दिने जस्ता कार्यहरू गर्दछ ।

## (आ) कार्यकारी समिति

प्रतिष्ठानको उद्देश्य एवम् नीति अनुरुप प्रशिक्षण एवम् अनुसन्धान कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमको एक कार्यकारी समिति रहने व्यवस्था छ ।

| | |
|---|---|
| (क) प्रमुख सचिव | – अध्यक्ष |
| (ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| (ग) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | – सदस्य |
| (घ) सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय | – सदस्य |
| (ङ) सचिव, प्रदेश लोक सेवा आयोग | – सदस्य |
| (च) सचिव, प्रदेश नीति तथा योजना आयोग | – सदस्य |
| (घ) कार्यकारी निर्देशक | – सदस्य सचिव |

समितिले आवश्यकता अनुसार प्रति बैठक एक जना महिला सहित तीन जना विशेषज्ञलाई बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ ।

कार्यकारी समितिले प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी तथा कर्मचारीका लागि आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने, समय समयमा समसामयिक सवालमा सभा, सम्मेलन, गोष्ठी आयोजना गर्ने, अध्ययन अनुसन्धानका

कार्यक्रमहरू सञ्चालन गर्ने, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, कर्मचारीको दरवन्दी सिर्जना गर्ने, प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, प्रदेश सरकारलाई प्रादेशिक स्तरमा प्रशिक्षण सम्बन्धी नीति तर्जुमा गर्न राय सल्लाह दिने जस्ता कार्य गर्दछ ।

### (इ) कार्यकारी निर्देशक

प्रतिष्ठानमा प्रशासकीय प्रमुखको रुपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था ऐनले गरेको छ । कार्यकारी निर्देशकले प्रशिक्षण परिषद् र कार्यकारी समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने, प्रशिक्षण परिषद्‌बाट स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, प्रतिष्ठानका प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, प्रतिष्ठानका प्रगति विवरण समय समयमा समिति समक्ष पेश गर्ने लगायतका कार्य गर्दछ ।

प्रदेश सरकारले सार्वजनिक प्रशासन तथा मानव संसाधन विकास महाशाखा, सार्वजनिक नीति तथा स्थानीय शासन महाशाखा र प्रशासन, बजारीकरण तथा परामर्श सेवा महाशाखा रहने गरी आवश्यक पद र दरवन्दी स्वीकृत गरेको छ । ऐन बमोजिम प्रदेश लोक सेवा आयोग मार्फत् कर्मचारीको स्थायी पदपूर्ति गरिन्छ ।

# परिच्छेद-३
# गत आर्थिक वर्षको समीक्षा

आ.व २०७६/७७ को अन्तिम चौमासिकदेखि औपचारिक रुपमा संस्थाको कार्य प्रारम्भ भएको भएता पनि आ.व.२०७७/७८ देखि मात्र क्षमता विकासका कार्यक्रम कार्यान्वयनमा आएका थिए । यसरी हेर्दा आ.व. २०७९/८० को समाप्तिसँगै तीन आर्थिक वर्षका क्रियाकलाप सम्पन्न भएका छन् भने प्रतिष्ठान चौथो वर्षमा प्रवेश गरेको छ । यस खण्डमा विगत आ.व.हरूमा प्रतिष्ठानद्वारा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरू र प्राप्त उपलब्धिहरूको सारसंक्षेप प्रस्तुत गरिएको छ ।

कोरोना भाइरसको महामारीका कारण आ.व २०७६/७७ का चार महिनामा क्षमता विकासका काम हुन सकेनन् तर संस्थागत विकासका केही महत्वपूर्ण कार्य भने प्रतिष्ठानले उक्त आ.व.को छोटो अवधिमा सम्पन्न गरेको थियो । कार्यालय स्थापना, प्रतिष्ठानको सर्वोच्च निकाय प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना, कर्मचारी व्यवस्थापन, कार्यालयको मर्मत संभार, रणनैतिक योजना निर्माण, वार्षिक योजना र कार्यक्रम तर्जुमा, प्रतिष्ठानका प्रचार प्रसार सामग्रीको उत्पादन र प्रकाशन, Website को निर्माण, सवारी साधन तथा मेशिनरी/औजारको खरिद आदि बन्दाबन्दीको समयमा सम्पन्न भएका कार्यहरू थिए ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्र (PCGG) का लागि खटिई आएका कर्मचारीको व्यवस्थापन, PCGG मार्फत् सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयन कार्ययोजना निर्माण, तालिम पाठ्यक्रम निर्माण र अन्य नीतिगत तयारी समेत उक्त अवधिमा सम्पन्न गरिएको थियो । तीनै कार्यहरूको जगमा प्रतिष्ठानका क्रियाकलाप कार्यान्वयन भइरहेका छन् ।

आर्थिक वर्ष २०७७/७८ देखि प्रतिष्ठानले क्षमता विकासका क्रियाकलाप कार्यान्वयन गरेको थियो । उक्त आ.व. का लागि प्रदेश सरकारबाट चालु तर्फ १ करोड ७० लाख १३ हजार र पूँजीगत तर्फ ५० लाख गरी कुल २ करोड २० लाख १३ हजार रुपयाँ विनियोजन भएको थियो । त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रादेशिक सुशासन केन्द्रद्वारा खर्च गर्ने गरी कुल १८ करोड २ लाख ५० हजार रुपयाँ विनियोजन भएको थियो । सो रकम मध्ये प्रतिष्ठानको भवन निर्माणका लागि विनियोजित ५ करोड रुपयाँ भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत् खर्च गर्नेगरी अख्तियारी हस्तान्तरण गरिएको थियो ।

प्रदेश समानीकरण अनुदान तर्फको रकम कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिम एवम् स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि आवश्यकतामा आधारित प्रशिक्षण सञ्चालन गर्ने, प्रशिक्षण सामग्री निर्माण र प्रकाशन गर्ने तथा अध्ययन अनुसन्धानका कार्य गर्ने गरी विनियोजन गरिएको थियो । त्यसैगरी, संघ सशर्त अनुदान अन्तर्गत प्रदेश तथा स्थानीय शासन

सहयोग कार्यक्रम तर्फको बजेट प्रदेश समन्वय समितिद्वारा निर्णय भएका क्रियाकलापमा तोकिएका नतिजाका लागि बाँडफाँट गरिएको थियो । स्थानीय तहको आवधिक योजना र राजस्व सुधार कार्ययोजना तर्जुमा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण, प्रदेश र स्थानीय तहका पदाधिकारी र कर्मचारीको क्षमता विकास आदि क्रियाकलापका लागि उक्त बजेट बाँडफाँट गरि वार्षिक रणनैतिक कार्ययोजना बमोजिम खर्च गरिएको थियो ।

कोरोनाको महामारीका बावजुद प्रतिष्ठानले आ.व. २०७७/७८ मा महत्वपूर्ण उपलब्धि हाँसिल गर्न सफल भएको थियो । उक्त आ.व. देखि नै प्रतिष्ठानले सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम र ५ कार्यदिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो । सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरी सबै प्रदेशका तालिम केन्द्रमा समेत प्रयोगमा ल्याउन परिपत्र गरेको थियो । सो पाठ्यक्रमका आधारमा उक्त आ.व. मा ११६ जना सहायकस्तरका कर्मचारीले सेवाकालीन तालिम प्राप्त गरेका थिए भने ११ जिल्लाका ६१ स्थानीय तहमा कार्यरत २६३ जना कर्मचारीले सेवा प्रवेश तालिमको अवसर प्राप्त गरेका थिए ।

स्थानीय तहको शासकीय क्षमता अभिबृद्धि, संस्थागत विकास र सुशासन प्रवर्द्धनका क्षेत्रमा उक्त आ.व. देखिनै प्रतिष्ठानका क्रियाकलाप केन्द्रित भएका थिए । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् २५ वटा स्थानीय तहको आवधिक योजना तर्जुमा र ४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणमा प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराएको थियो भने १०५ वटा तालिम मार्फत् ४३१८ जना जनप्रतिनिधि र कर्मचारीले क्षमता विकासको अवसर प्राप्त गरेका थिए । यसैगरी उक्त आ.व.मा ५९ वटा स्थानीय तहमा संस्थागत क्षमता स्व-मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण र १४ स्थानीय तहमा लैससास मूलप्रवाहीकरण सम्बन्धी तालिम सम्पन्न भएका थिए । प्रदेश समानीकरण अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फको सशर्त अनुदान रकमबाट उक्त आ.व.मा कुल १२१ वटा क्षमता विकासका तालिम तथा अभिमुखीकरण कार्यक्रमबाट ४९२७ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका थिए ।

संघीय मुलुकका विभिन्न तहका सरकारहरू बीचको अन्तरसम्बन्ध र संघीयता कार्यान्वयनको विषयमा अन्तर्राष्ट्रिय अनुभव र सिकाइ आदानप्रदान गर्ने उद्देश्यले प्रतिष्ठानद्वारा फोरम अफ फेडेरेशनसँगको सहकार्यमा प्रदेश र स्थानीय तहका लागि भर्चुअल माध्यमबाट सवाल केन्द्रित संवाद कार्यक्रम सम्पन्न भएको थियो । तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा देखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई प्रशिक्षणमा समावेश गराउने अभिप्रायले अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन सम्पन्न भाएको थियो । संघीयताको कार्यान्वयन पश्चात् तहगत सरकारहरू बीचको अन्तरसम्बन्धको अवस्थाको विश्लेषण र आगामी दिनका लागि तहगत

सरकारहरूले निर्वाह गर्नुपर्ने भूमिकाका लागि उक्त अध्ययन कोसेढुँगा सावित भएको छ ।

रणनैतिक योजना बमोजिम आ.व. २०७७/७८ लाई पूर्वाधार विकासको वर्षका रुपमा घोषणा गरिएको थियो । प्रतिष्ठानका संस्थागत संरचनाहरूलाई क्रियाशील गराउने, भौतिक पूर्वाधार निर्माण गर्ने, कार्यप्रणाली र कार्यसंस्कृतिको विकास गर्ने जस्ता कार्यहरूलाई रणनैतिक योजना मार्फत् प्राथमिकतामा राखिएको थियो । सोही मुताविक प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना गर्ने, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति, रणनैतिक योजना र सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम परिषद्को बैठकबाट स्वीकृत गर्ने, कार्यालयमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि विज्ञद्वारा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरी पेशागत दक्षता विकास गर्ने, कार्यालयको मर्मत संभार र कार्यालय परिसरमा बगैंचा निर्माण गर्ने, तालिम कक्षको मर्मत संभार गर्ने जस्ता कार्य उक्त आ.व. मा सम्पन्न भएका थप क्रियाकलापहरू हुन् । प्रतिष्ठानका लागि आवश्यक कर्मचारीका लागि संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी स्थायी दरवन्दी सिर्जना र ISO प्रक्रियाको थालनी उक्त आ.व मै सम्पन्न भएका थिए भने तालिम पश्चात्को फलोअप सुरु गरिएको थियो ।

संस्थागत पूर्वाधार निर्माणका लागि प्रतिष्ठानको भवन निर्माणको कार्य सोही आ.व. देखि प्रारम्भ भएको थियो । भूतपूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन १७ गते प्रतिष्ठानको भवनको शिलान्यास गर्नु भएको थियो । भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत् उक्त भवनको निर्माण कार्य अगाडि बढिरहेको छ । चौमासिक बुलेटिन र वार्षिक क्यालेण्डर प्रकाशन, संस्थागत परिचयका लागि ब्रोसर तयारी, वेभसाइट सञ्चालन जस्ता कार्य मार्फत् ज्ञान व्यवस्थापनका कार्यको थालनी भएको थियो । यसरी, कार्यक्रम कार्यान्वयनको पहिलो वर्षमा नै प्रतिष्ठानले संस्थागत पूर्वाधार निर्माण, संस्थागत विकास र क्षमता विकासका महत्वपूर्ण कार्य सुरुवात गरेको थियो ।

रणनैतिक योजना बमोजिम आ.व. २०७८/७९ संस्थागत विकासको वर्षका रुपमा रहेको थियो । उक्त आ.व. का लागि प्रदेश सरकारबाट रु.१ करोड ९२ लाख ११ हजार र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि १८ करोड २३ लाख ५० हजार विनियोजन भएको थियो । प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट सहायकस्तरका कर्मचारीको सेवाकालीन र नवनियुक्त कर्मचारीलाई सेवा प्रवेश तालिम, प्रशिक्षण सामग्रीको प्रकाशन, निर्मित संरचनाको मर्मत संभार जस्ता कार्यक्रम सम्पन्न भएका थिए भने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत तोकिएका प्रतिफल बमोजिम विभिन्न कार्यक्रम कार्यान्वयन भएका थिए । प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको संघ सशर्त रकमबाट लामो तथा छोटो अवधिका कुल १६३ वटा तालिम आ.व. २०७८/७९ मा सम्पन्न भएका थिए । उल्लिखित तालिमहरू बाट कुल ६,८८७ जना लाभान्वित भएका थिए ।

स्थानीय तहको शासकीय क्षमता अभिबृद्धि र सुशासन प्रवर्द्धनका लागि आ.व. २०७८/७९ मा प्रतिष्ठानले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । स्थानीय तहको संस्थागत क्षमता

स्व-मूल्याङ्कनलाई संस्थागन गर्ने काममा प्रतिष्ठानले प्राविधिक सहयोग प्रदान गरेको थियो भने जिल्ला समन्वय समितिसँगको समन्वयमा स्व-मूल्याङ्कन नतिजाको गुणस्तर जाँच गर्ने काम भएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार गरिएको स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधिको आधारमा स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कनका लागि सबै स्थानीय तहमा अभिमुखीकरणको कार्य आ.व. २०७८/७९ मा सम्पन्न भएको थियो । सो कार्यविधिको अवलम्बन गरी स्थानीय तहहरूले आ-आफ्नो कार्यालयको वित्तीय जोखिको मूल्याङ्कन गर्ने कार्य प्रारम्भ गरेका थिए । लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण जस्ता कार्यबाट स्थानीय शासनमा लैससास मूलप्रवाहीकरण गर्ने कार्यमा योगदान पुगेको थियो । गत आर्थिक वर्षमा नै स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन र स्थानीय तहहरूलाई वितरण गर्ने कार्य सम्पन्न भएको थियो ।

प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृत कर्मचारीको वृत्ति विकासमा सहायक ३० कार्यदिने सेवाकालीन तालिम प्रतिष्ठानद्वारा नै सञ्चालन गर्ने अभिप्रायले आफ्नै पहलमा सेवाकालीन तालिम पाठ्यक्रम निर्माणको काम गत वर्ष सम्पन्न भएको थियो । उक्त पाठ्यक्रमका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गर्ने एवम् उक्त पाठ्यक्रमलाई प्रशिक्षण परिषद्बाट स्वीकृत गर्ने काम समेत आ.व. २०७८/७९ मा नै सम्पन्न भएका थिए । प्रतिष्ठानद्वारा तयार गरिएको अधिकृतस्तरको सेवाकालीन तालिम पाठ्यक्रम अन्य प्रदेशमा समेत कार्यान्वयनमा आएको छ ।

प्रदेश र स्थानीय तहका लागि प्रदेश लोक सेवा आयोगबाट छनौट भइ सिफारिस भएका नवप्रवेशी कर्मचारीलाई सेवा प्रवेश तालिम उपलब्ध गराउने उद्देश्यले सबै सेवा समूहका लागि लक्षित गरी पाँच दिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माणको काम गत आ.व. मा सम्पन्न भएको थियो । उक्त तालिम पाठ्यक्रम प्रतिष्ठानको कार्यक्षेत्र विस्तारका लागि अर्को महत्वपूर्ण कार्य थियो ।

सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम आ.व. २०७८/७९ मा समेत सञ्चालन भएको थियो । उक्त तालिमबाट संघ, प्रदेश र स्थानीय तहमा कार्यरत ११२ जना कर्मचारी लाभान्वित भएका थिए । त्यसैगरी, गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका लागि छनौट भएका स्वास्थ्य, कृषि र इन्जिनियरिङ सेवाका ८५८ जना कर्मचारीका लागि एक दिने सेवा प्रवेश अभिमुखीकरण प्रदेश लोक सेवा आयोगसँगको समन्वयमा गत आ.व.मा सम्पन्न भएको थियो ।

स्थानीय तहको अगुवाइमा संघीय सरकारको पन्ध्रौं योजना तथा प्रदेश सरकारको पहिलो आवधिक योजनासँग तादत्म्यता कायम गरी राष्ट्रिय योजना आयोगले तयार गरेको आवधिक योजना तर्जुमाको ढाँचा एवम् प्रदेश नीति तथा योजना आयोगको मार्गदर्शनको अनुसरण गरी गत


आ.व. मा ८ वटा स्थानीय तहले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् आवधिक योजना तर्जुमाको कार्य सम्पन्न गरेका थिए । त्यसैगरी, २९ वटा स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण, ४४ स्थानीय तहमा लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमा र २० स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा गर्ने कार्यमा प्रतिष्ठान मार्फत् आर्थिक एवम् प्राविधिक सहयोग पुगेको थियो ।

स्थानीय तहमा नवनिर्वाचित प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षका लागि स्थानीय तह सञ्चालन र व्यवस्थापन सम्बन्धी २ दिने अभिमुखीकरण गत आ.व.को जेठ २७ र २८ गते पोखरामा सम्पन्न भएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र प्रतिष्ठानको आयोजनामा सञ्चालित उक्त अभिमुखीकरणमा गण्डकी प्रदेशका सबै स्थानीय तहका ५७ महिला र १०२ जना पुरुष गरी १५९ जनाको उपस्थिति रहेको थियो ।

गत आ.व. मा मुख्यन्यायाधिवक्ताको कार्यालयसँगको समन्वयमा "संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका" विषयक संवाद कार्यक्रम सम्पन्न भएको थियो । तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा हाल देखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई आवश्यकता अनुसार प्रशिक्षणमा समावेश गराउने एवम् सरोकारवाला समक्ष अध्ययनका निष्कर्ष प्रस्तुत गर्ने अभिप्रायले गरिएको अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन गर्ने काम गत आ.व.मा सम्पन्न भएको थियो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न प्रतिफल अन्तर्गत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्धि, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैङ्गिक उत्तरदायी बजेट, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई आदि सहित गत आर्थिक वर्षमा जम्मा १४४ वटा तालिम सञ्चालन भएका थिए । यी तालिम तथा अभिमुखीकरणबाट कुल ५८५६ जना लाभान्वित भएका थिए । प्रतिष्ठानले आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा कार्यान्वयन गरेका क्षमता विकास तालिमको सारसंक्षेप देहाय बमोजिम रहेको छ ।

**Details of Training by Fiscal Year**

| Fiscal Year | No. of Events | Toal Beneficiaries |
|---|---|---|
| 2077/78 | 121 | 4,927 |
| 2078/79 | 163 | 6,887 |
| **Total** | **284** | **11,814** |



ज्ञान व्यवस्थापनका क्षेत्रमा प्रतिष्ठानले सुरुदेखि नै कार्य गर्दै आइरहेको छ। तालिम सामग्रीको प्रबन्ध गर्ने, ज्ञान केन्द्रको स्थापना गर्ने, वार्षिक क्यालेण्डर र चौमासिक बुलेटिन प्रकाशन गर्ने, अध्ययन तथा अनुसन्धान प्रतिवेदन, प्रशिक्षण सामग्री आदि प्रकाशन गर्ने जस्ता कार्यहरू निरन्तर रुपमा कार्यान्वयन भएका छन् । त्यसैगरी, तालिम कार्यक्रमको फलोअप गर्ने कार्यले गत आ.व.मा समेत निरन्तरता पाएको थियो । कार्यकारी समिति र प्रशिक्षण परिषद्को बैठक सम्पन्न भएका थिए। कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावलीको मस्यौदा निर्माणको काम गत आ.व.मै सम्पन्न भई आर्थिक मामिला र कानून मन्त्रालयको सहमति समेत प्राप्त भएको थियो । Beyond Training को अवधारणालाई कार्यान्वयन गर्ने प्रयत्नस्वरुप सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सवारी चालक र सुरक्षा गार्डको नियमित कार्यसम्पादनका लागि कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure-SOP) को निर्माण कार्य सम्पन्न भएको थियो । उक्त कार्यविधि नेपालको प्रशिक्षणका क्षेत्रमा नयाँ प्रयोगका रुपमा रहेको छ।

# परिच्छेद-४
# आर्थिक वर्ष २०७९/८० को प्रगति

## ४.१ आ.व. २०७९/८० को योजना

आर्थिक वर्ष २०७९/८० लाई प्रतिष्ठानले "कार्यक्रम कार्यान्वयन वर्ष"का रुपमा घोषणा गरेको थियो । स्थानीय तह र प्रदेश सभाका लागि दोस्रो निर्वाचनबाट निर्वाचित भएर आउने ठूलो संख्याका जनप्रतिनिधहरूका लागि अभिमुखीकरण र क्षमता विकासका विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गरी यस आर्थिक वर्षलाई कार्यक्रम कार्यान्वयन वर्षका रुपमा योजना गरिएको थियो । रणनैतिक योजनामा उल्लिखित क्रियाकलापलाई आधार मानी तयार गरिएको वार्षिक योजना अनुसार प्रतिष्ठानले यस आ.व.का कार्यक्रम कार्यान्वयन गरेको छ। चालु आ.व. का लागि रणनैतिक योजनमा समावेश भएका क्रियाकलापको विवरण निम्नानुसार छ ।

| आ.व. २०७९/८० का लागि रणनैतिक योजनामा प्राथमिकता प्राप्त कार्यक्रम | | | |
|---|---|---|---|
| **वर्ष** | **प्राथमिकता** | **क्रियाकलाप** | **कैफियत** |
| तेस्रो आ.व. २०७९/८० | कार्यक्रम कार्यान्वयनको वर्ष | • क्षमता विकास कार्यक्रमको व्यापक कार्यान्वयन<br>• अध्ययन, अनुसन्धान, बहस र संवाद<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• ISO प्रक्रियाको फलोअप<br>• प्रतिष्ठानको मानव संसाधन विकास | नयाँ निर्वाचित प्रतिनिधिहरूको अभिमुखीकरण र प्रशिक्षण सञ्चालन |

उल्लिखित रणनैतिक योजनाको परिधिभित्र रहि चालु आ.व. का लागि तयार गरिएको वार्षिक योजना देहाय बमोजिम रहेको छ ।

## ४.२ आ.व.२०७९/८० को बजेट तथा कार्यक्रम

(क) प्रदेश समानीकरण अनुदान

| क.सं. | क्रियाकलाप | संख्या | इकाई | इकाई बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १ | २.६.१.८ – कर्मचारीको क्षमता विकास (सेवा प्रवेश तालिम) | १० | तालिम | ४००००० | ४०००००० |
| २ | २.६.१.९- सेवाकालीन तालिम | ३ | तालिम | १२००००० | ३६००००० |
| ३ | २.६.२.३- प्रतिष्ठानको कर्मचारीको क्षमता विकास कार्यक्रम | १ | तालिम | २५०००० | २५०००० |
| ४ | २.७.२५.५७- ज्ञान केन्द्रको स्थापना | १ | ज्ञानकेन्द्र | ५००००० | ५००००० |
| ५ | २.७.८.१०- युवा नेतृत्व क्षमता विकास तालिम कार्यक्रम | १ | तालिम | ४००००० | ४००००० |
| ६ | २.७.८.२- अन्तरसरकार सम्वन्ध र अनुगमन तथा मूल्याङ्कन प्रशिक्षण सामग्री छपाई तथा वितरण | २ | प्रशिक्षण सामग्री | २५०००० | ५००००० |
| ७ | २.७.८.३- कार्यमूलक अनुसन्धान, लेखन तथा प्रकाशन | १ | प्रकाशन | १०००००० | १०००००० |
| ८ | २.७.२५.७६- नेतृत्वसहितको सुशासन सम्मेलन | १ | कार्यशाला | १०००००० | १०००००० |
| ९ | २.७.८.९- पेशागत क्षमता विकास सम्बन्धी तालिम | १ | तालिम | ४००००० | ४००००० |
| १० | २.७.५.३८- प्रशिक्षण सामग्री प्रकाशन | ३ | प्रशिक्षण सामग्री | ३००००० | ९००००० |
| ११ | २.७.७.६- सवाल केन्द्रित संवाद | १ | कार्यशाला | १०००००० | १०००००० |
| १२ | २.७.८.८- कानून सम्बन्धी प्रवोधिकरण कार्यक्रम | १ | कार्यशाला | ७००००० | ७००००० |
| १३ | ११.३.७.५- भर्चुअल ल्याब स्थापनाका लागि मेशिनरी, औजार, उपकरण खरिद | १ | भर्चुअल ल्याब | ५००००० | ५००००० |
| १४ | ११.६.१३.१- कार्यालयको लागि फर्निचर तथा फिक्चर्स | १ | इकाई | ५००००० | ५००००० |
| १५ | ११.४.२२.७६९- प्रतिष्ठान परिसरमा पार्क तथा विश्रामस्थल निर्माण | १ | इकाई | १५००००० | १५००००० |

(ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान)

| Output | P/ASIP Specific Activity | Milestone (unit) in Number | Milestone (explanation) | Unit Budget | Total Budget |
|---|---|---|---|---|---|
| **7** | **प्रतिफल ७: क्षमता विकास सम्बन्धी सेवा प्रवाहका लागि प्रादेशिक सुशासन केन्द्र (PCGG) सञ्चालनमा आएको हुने ।** | | | | |
| 7.1 | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवनको Renovation | 1 | Building | 50000000 | 50000000 |
| 7.2 | प्रतिष्ठानको Website Update गर्ने | 1 | Updated website | 150000 | 150000 |
| 7.3 | प्रशिक्षण सामग्री र आधारभूत कार्यसञ्चालन कार्यविधि निर्माण | 3 | Training modules | 500000 | 1500000 |
| 7.4 | प्रतिष्ठानबाट सञ्चालन गरिएका तालिमहरूको प्रभाव मूल्याङ्कन | 1 | Training Impact Assessment | 500000 | 500000 |
| 7.5 | ISO अडिट र कार्यशाला | 1 | Audit/ Workshop | 200000 | 200000 |
| 7.6 | प्रतिष्ठानका कर्मचारीहरूको लागि क्षमता विकास तालिम | 1 | Training event | 300000 | 300000 |
| | **प्रतिफल ७ को जम्मा** | | | | **52650000** |
| **8** | **प्रतिफल ८: स्थानीय तहहरूमा आधुनिक एवम् प्रभावकारी प्रशासनिक प्रणाली र उत्तरदायी सार्वजनिक लेखा प्रणाली स्थापना भएको हुने ।** | | | | |
| 8.1 | स्थानीय तहको आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण | 15 | Prepared RIAP of LGs | 500 | 7500 |
| 8.2 | स्थानीय तहको क्षमता विकास योजना निर्माण | 15 | Prepared CDP of LGs | 500 | 7500 |
| 8.3 | स्थानीय तहको आवधिक योजना निर्माण | 5 | Prepared PDPs of LGs | 1000 | 5000 |

| Output | P/ASIP Specific Activity | Milestone (unit) in Number | Milestone (explanation) | Unit Budget | Total Budget |
|---|---|---|---|---|---|
| 8.4 | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यान्वनको फलोअप तालिम/ अन्तरक्रिया/ गुणस्तर परीक्षण | 17 | Interaction/ training/ Quaity Asurance of FRA | 100000 | 1750000 |
| 8.5 | स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) कार्यान्वयनको फलोअप तालिम/अन्तरक्रिया/गुणस्तर परीक्षण | 2 | Interaction/ QA of LISA | 1000000 | 2000000 |
| 8.6 | स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली कार्यविधिको निर्माण सम्बन्धी तालिम | 10 | Training event | 105000 | 1050000 |
| 8.7 | स्थनीय तहको जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना बिषयमा फलोअप तालिम/अन्तरक्रिया | 6 | Training event | 350000 | 2100000 |
| | **प्रतिफल ८ को जम्मा** | | | | **26900000** |

| | | | | | |
|---|---|---|---|---|---|
| **9** | **प्रतिफल ९: स्थानीय तहको शासकीय प्रणालीलाई उर्ध्व र समतलीय रुपमा नागरिक प्रति उत्तरदायी बनाउन सक्षम हुने।** | | | | |
| 9.1 | स्थानीय तहमा रहेको बिषयगत समितिहरूलाई क्रियाशील गर्नका लागि अन्तरक्रिया | 6 | Interaction | 400000 | 2400000 |
| 9.2 | सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई गर्नका लागि स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई तालिम | 24 | LG | 100000 | 2400000 |
| | **प्रतिफल ९ को जम्मा** | | | **4800000** | |

| Output | P/ASIP Specific Activity | Milestone (unit) in Number | Milestone (explanation) | Unit Budget | Total Budget |
|---|---|---|---|---|---|
| **10** | **प्रतिफल १०: स्थानीय शासन प्रणालीमा लैङ्गिक समानता र सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गरिएको हुने ।** | | | | |
| 10.1 | स्थानीय तहको लैससास परीक्षण | 20 | LG | 150000 | 3000000 |
| 10.2 | स्थानीय तहको लैससास रणनीति निर्माण | 20 | LG | 200000 | 4000000 |
| 10.3 | अपाङ्गमैत्री स्थानीय शासन प्रवर्धन अभिमुखीकरण | 5 | Training Event | 400000 | 2000000 |
| 10.4 | स्थानीय तहका लैससास सम्पर्क व्यक्तिहरूको लैससास र उनीहरूको कार्यविवरण सम्बन्धी अभिमुखीकरण | 3 | Orientation | 400000 | 1200000 |
| 10.5 | जनप्रतिनिधि तथा कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण | 6 | Training event | 400000 | 2400000 |
| 10.6 | कार्यस्थलमा हुने लैङ्गिक हिंसा बिरुद्धको आचार संहिताको कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया/अभिमुखीकरण | 4 | Interaction event/ Orientation | 350000 | 1400000 |
| 10.7 | न्यायीक समितिका सदस्यहरूलाई लैङ्गिक मैत्री न्यायप्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम | 4 | Training event | 400000 | 1600000 |
| 10.8 | दिवसीय कार्यक्रम | 1 | Day celebration | 500000 | 500000 |
| | **प्रतिफल १० को जम्मा** | | | | **16100000** |
| **13** | **प्रतिफल १३ : उच्च गुणस्तरीय सेवा प्रवाहका लागि प्रदेश तहका पदाधिकारी एवं कर्मचारीको क्षमता विकास भएको हुने ।** | | | | |
| 13.1 | सार्वजनिक खरिद सम्बन्धी प्रदेश अन्तरगतका कर्मचरीहरूलाई तालिम | 4 | Training event | 350000 | 1400000 |
| 13.2 | स्वास्थ्यका कर्मचारीका लागि तथ्याङ्क व्यवस्थापन, विश्लेषण र प्रतिवेदन सम्बन्धी तालिम | 1 | Training event | 350000 | 350000 |

| Output | P/ASIP Specific Activity | Milestone (unit) in Number | Milestone (explanation) | Unit Budget | Total Budget |
|---|---|---|---|---|---|
| 13.3 | मन्त्रालय र कार्यालयका सवारी चालकहरूलाई तालिम (Safety and security) | 1 | Training event | 200000 | 200000 |
| 13.4 | मन्त्रालय र कार्यालयका सहयोगीहरूका लागि आतिथ्यता व्यस्थापन तालिम | 1 | Training event | 200000 | 200000 |
| 13.5 | DPR सम्बन्धी तालिम (प्रदेश अन्तर्गतका कर्मचारीहरूलाई ) | 1 | Training event | 500000 | 500000 |
| 13.6 | वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम (EIA/IEE) (प्रदेश अन्तर्गतका कर्मचारीहरूलाई) | 1 | Training event | 500000 | 500000 |
| 13.7 | कार्यालयमा कम्प्यूटर तथा इन्टरनेट नेटवर्किङ सम्बन्धी तालिम (प्रदेश अन्तर्गतका कर्मचारीहरू) | 1 | Training event | 250000 | 250000 |
| 13.8 | प्रदेश सरकारका जिल्ला स्थित कार्यालयका प्रमुख तथा प्रशासन अधिकृतहरूका लागि प्रभावकारी कार्यालय व्यवस्थापन सम्बन्धी तालिम | 1 | Training event | 400000 | 400000 |
| 13.9 | कर्मचारीहरूलाई टेन्डर व्यवस्थापन तालिम (तयारी, मूल्याङ्कन र सम्झौता व्यवस्थापन) | 1 | Training event | 400000 | 400000 |
| 13.10 | अध्यावधिक अनुगमन प्रणालीको रिफ्रेसर तालिम | 1 | Training event | 200000 | 200000 |
| 13.11 | प्रदेश बाल अधिकार समितिको क्षमता विकास तालिम | 1 | Training event | 250000 | 250000 |
| | **प्रतिफल १३ को जम्मा** | | | | **4650000** |

| Output | P/ASIP Specific Activity | Milestone (unit) in Number | Milestone (explanation) | Unit Budget | Total Budget |
|---|---|---|---|---|---|
| **14** | **प्रतिफल १४: उच्च गुणस्तरीय सेवा प्रवाहका लागि स्थानीय तहका पदाधिकारी एवं कर्मचारीको क्षमता विकास भएको हुने ।** | | | | |
| 14.1 | स्थानीय तहका कर्मचारी र पदाधिकारीहरूको सार्बजनिक खरिद सम्बन्धी तालिम | 8 | Traing event | 350000 | 2800000 |
| 14.2 | स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि वित्तीय संघीयता तथा राजस्व व्यवस्थापन सम्बन्धी तालिम | 6 | Training event | 350000 | 2100000 |
| 14.3 | स्थानीय तहको वडा समितिका सदस्य तथा कर्मचारीलाई योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम | 11 | Training event | 400000 | 4400000 |
| 14.4 | योजना तर्जुमा र अनुगमन सम्बन्धी प्रशिक्षक प्रशिक्षण | 1 | ToT | 500000 | 500000 |
| 14.5 | प्राविधिक कर्मचारीहरूलाई वातावरणीय मूल्याङ्कन (IEE, EIA, BES) सम्बन्धी तालिम | 3 | Training event | 400000 | 1200000 |
| 14.6 | स्थानीय तहमा नव निर्वाचित जनप्रतिनिधिका लागि स्थानीय तहको संवैधानिक र कानूनी अधिकार, भूमिका र जिम्मेवारी बारे अनुशिक्षण | 5 | Training event | 350000 | 1750000 |
| 14.7 | स्थानीय तहका न्यायीक समितिका सदस्य तथा कर्मचारीहरूका लागि न्यायीक कार्यसम्पादन र मेलमिलाप सम्बन्धी तालिम | 4 | Training event | 350000 | 1400000 |
| 14.8 | स्थानीय तहमा स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | 5 | Training event | 200000 | 1000000 |
| 14.9 | स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिका लागि जोखिम संवेदनशील जग्गा व्यवस्थापन सम्बन्धी तालिम | 3 | Training event | 350000 | 1050000 |
| 14.10 | स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिका लागि समुदायमा आधारित विपद् व्यस्थापन सम्बन्धी तालिम | 3 | Training event | 350000 | 1050000 |

| Output | P/ASIP Specific Activity | Milestone (unit) in Number | Milestone (explanation) | Unit Budget | Total Budget |
|---|---|---|---|---|---|
| 14.11 | गाउँपालिका / नगरपालिकाका शिक्षा शाखाका कर्मचारीका लागि IEMIS सम्बन्धी तालिम | 3 | Training event | 350000 | 1050000 |
| 14.12 | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | 3 | Training event | 350000 | 1050000 |
| 14.13 | स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि कानून निर्माण प्रक्रिया सम्बन्धी तालिम | 2 | Training event | 350000 | 700000 |
| 14.14 | जनप्रतिनिधिहरूलाई जग्गा प्राप्ति, वनक्षेत्रको भोगाधिकार र वातावरणीय प्रभाव परीक्षण सम्बन्धी तालिम | 2 | Training event | 350000 | 700000 |
| 14.15 | Training on Transformative Leadership Development of \Elected Women Leaders of Local Levels | 6 | Training event | 400000 | 2400000 |
| | **प्रतिफल १४ को जम्मा** | | | | **23150000** |

**आ.व. २०७९/८० का लागि प्रतिष्ठानको कुल बजेट**

| कार्यक्रम | पूँजीगत | साधारण | जम्मा |
|---|---|---|---|
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश समानीकरण अनुदान) | ३५,००,००० | ३,३९,९९,००० | ३,७४,९९,००० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | ५,२४,००,००० | ८,४०,००,००० | १३,६४,००,००० |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (कर्मचारी तलब) | | ३०,००,००० | ३०,००,००० |
| **कुल** | **५,५९,००,०००** | **१२,०९,९९,०००** | **१७,६८,९९,०००** |

उल्लिखित बजेट मध्ये भवन निर्माणका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्राप्त ५ करोड रुपयाँ भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगत शहरी विकास तथा भवन कार्यालय मार्फत् कार्यान्वय गर्नेगरी हस्तान्तरण गरिएको थियो भने स्थानीय तहको क्षमता विकासका लागि विनियोजित रकम मध्ये २१ लाख रुपयाँ मुख्यन्यायाधिवक्ताको कार्यालय मार्फत् खर्च गर्नेगरी अख्तियारी सारिएको थियो । यसरी चालु आ.व. का लागि प्रदेश सरकारबाट चालु तर्फ ३ करोड ३९ लाख ९९ हजार र पूँजीगत तर्फ ३५ लाख गरी कुल ३ करोड ७४ लाख ९९ हजार रुपयाँ तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रादेशिक सुशासन केन्द्रद्वारा खर्च गर्नेगरी पूँजीगत तर्फ २४ लाख र साधारण तर्फ ८ करोड १९ लाख गरी कुल ८ करोड ४३ लाख रुपयाँ प्रतिष्ठानद्वारा खर्च गरि विनियोजन भएको थियो । चालु आ.व.को कुल बजेट निम्न अनुसार रहेको छ ।

| बजेटको श्रोत | बजेट रकम | | |
|---|---|---|---|
| | पूँजीगत | साधारण | जम्मा |
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश समानीकरण अनुदान) | ३५,००,००० | ३,३९,९९,००० | ३,७४,९९,००० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | २४,००,००० | ८,१९,००,००० | ८,४३,००,००० |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (कर्मचारी तलब) | | ३०,००,००० | ३०,००,००० |
| **जम्मा** | **५९,००,०००** | **११,८८,९९,०००** | **१२,४७,९९,०००** |

## ४.३ आ.व. २०७९/८० को प्रगति


प्रतिष्ठानले चालु आ.व.मा केही महत्वपूर्ण र दूरगामी प्रभाव पार्ने कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरेको छ। अधिकृतस्त छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिम पहिलो पटक प्रदेशतहमै सञ्चालन भयो । गण्डकी प्रदेशमा कार्यरत सबै तालिम प्रदायक संस्थाहरूले सञ्चालन गर्ने तालिम कार्यक्रममा एकरुपता आउन सकोस भन्ने अभिप्रायले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा पेशागत दक्षता विकास सम्बन्धी तालिम कार्यक्रम आयोजना भयो भने प्रदेश सभाका सदस्यहरूको लागि वित्तीय संघीयता, अन्तरसरकार सम्बन्ध र कानून निर्माण प्रक्रिया सम्बन्धी संवाद कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो ।


यस चालु आ.व. मा प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको संघ सशर्त रकमबाट लामो तथा छोटो अवधिका कुल ११६ वटा तालिम सम्पन्न भए। सहायकस्तर कर्मचारीका लागि दुई वटा र अधिकृतस्त छैटौं, सातौं र आठौं तहका कर्मचारीका लागि दुई वटा गरी ४ वटा ३० कार्यदिने सेवाकालीन तालिम चालु आ.व. मा सम्पन्न भएका लामो अवधिका तालिमहरू हुन । बाँकी तालिमहरू १ देखि ५ दिन अवधिका पाठ्यक्रममा आधारित भएर सञ्चालन भए। उल्लिखित तालिमबाट कुल ४२०७ जना लाभान्वित भए। यस आर्थिक वर्षमा सम्पन्न भएका क्षमता विकास कार्यक्रमको सारसंक्षेप निम्नानुसार छ ।

**Aggregated Data of Capacity Development**

| S.N | Particulars | No of Events | No of Participants | | |
|---|---|---|---|---|---|
| | | | Male | Female | Total |
| 1 | Service Entry Training (GPTA regular) | 10 | 205 | 110 | 315 |
| 2 | In-Service Training (GPTA regular) | 4 | 94 | 20 | 114 |
| 3 | Professional Development Training (GPTA regular) | 1 | 19 | 7 | 26 |
| 4 | Issue based Dialogue (GPTA regular) | 3 | 202 | 35 | 237 |
| 5 | Capacity development training for elected officials and personnel (PLGSP) | 49 | 1543 | 290 | 1833 |
| 6 | GESI Audit/gender related training (PLGSP) | 34 | 679 | 627 | 1306 |
| 7 | District wise LISA and FRA training (PLGSP) | 11 | 207 | 45 | 252 |
| 8 | Public Hearing/Public Audit for Local Levels (PLGSP) | 3 | 108 | 6 | 114 |
| 9 | Others | 1 | 8 | 2 | 10 |
| | **Total** | **116** | **3065** | **1142** | **4207** |
| | | | **73%** | **27%** | **100%** |

प्रदेश सरकारको समानीकरण अनुदान मार्फत् कर्मचारीको सेवाकालीन तथा सेवा प्रवेश तालिम र पेशागत दक्षता विकास सम्बन्धी तालिम आयोजना भए । त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् प्राप्त संघ सशर्त अनुदान रकमबाट प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम एवम् प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न नतिजामा तोकिएका कार्यक्रम कार्यान्वयन भए । प्रतिष्ठानको रणनैतिक योजनामा उल्लेख भए बमोजिम यस आ.व. मा तीन वटा सवाल केन्द्रित संवाद कार्यक्रमको आयोजना भयो । जिल्लास्तरमा स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन तालिम सञ्चालन भए । लैङ्गिक उत्तरदायी बजेट र लैससास परीक्षणबाट ठूलो संख्याका जनप्रतिनिधि र कर्मचारी लाभान्वित भए । गण्डकी प्रदेशका सबै स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणका प्राविधिक पक्षमा सहयोग पुग्यो । प्रतिष्ठानका कर्मचारीको क्षमता विकास तालिम सञ्चालन भयो । उल्लिखित कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधि र कर्मचारीको विवरण निम्न अनुसार रहेको छ ।




चालु आ.व.मा सञ्चालित क्षमता विकास कार्यक्रमका कुल सहभागी मध्ये २७ प्रतिशत महिला रहेका छन् भने बाँकी ७३ प्रतिशत पुरुषको सहभागिता रहेको छ । प्रतिष्ठानद्वारा यस आ.व. मा सञ्चालित क्षमता विकास कार्यक्रमको विस्तृत विवरण आगामी खण्डहरूमा उल्लेख गरिएको छ ।

## (क) प्रशिक्षण कार्यक्रम

चालु आर्थिक वर्षमा प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फको बजेट मार्फत् लामो तथा छोटो अवधिका विभिन्न किसिमका तालिम तथा प्रशिक्षण सञ्चालन गरेको छ । प्रदेश सरकारद्वारा प्राप्त अनुदान रकमबाट कर्मचारीको सेवाकालीन र सेवाप्रवेश तालिम, तालिम प्रदायक संस्थाहरूको पेशागत दक्षता अभिबृद्धि तालिम आदि सञ्चालन गरेको छ । त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम सञ्चालन भएका छन् । यस आ.व. मा प्रतिष्ठानद्वारा सञ्चालित तालिम तथा प्रशिक्षण कार्यहरूलाई विस्तृत रुपमा तल उल्लेख गरिएको छ ।

### (१) तालिम आवश्यकताको पहिचान

प्रतिष्ठानले आगामी आ.व. का लागि क्षमता विकासका कार्यक्रम तय गर्नु भन्दा अगावै प्रदेशतहका कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरूमा पत्राचार गरी जनप्रतिनिधि र कर्मचारीका लागि अलग अलग क्षमता विकास आवश्यकताको पहिचान गरेको थियो । त्यसैगरी, जनप्रतिनिधि तथा कर्मचारीसँग गरिएका औपचारिक तथा अनौपचारिक छलफल, अन्तरवार्ता तथा संघ, प्रदेश र स्थानीय तहका कार्यक्षेत्रलाई समेत विचार गरी तालिम आवश्यकताको पहिचान गरिएको थियो । यसरी गरिएको आवश्यकता पहिचानका आधारमा प्रतिष्ठान तर्फका नियमित कार्यक्रम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फका क्रियाकलापको वार्षिक योजना तयार गरिएको थियो । तालिम आवश्यकता पहिचानको क्रममा आ.व. २०८०/८१ का लागि माग गरिएका तालिमको विवरण निम्न अनुसार रहेको छ ।

#### (१.१) स्थानीय तहका कर्मचारीबाट माग भएका तालिमको विवरण

| क्र.सं | तालिमको नाम | माग गर्ने स्थानीय तहको सख्या |
|---|---|---|
| १ | सार्वजनिक खरिद | १७ |
| २ | जिन्सी व्यवस्थापन | १७ |
| ३ | इ–बिडिड | १७ |
| ४ | भौगोलिक सूचना प्रणाली (GIS) | १७ |
| ५ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता | १२ |
| ६ | सेवाकालीन तालिम | ७ |
| ७ | स्थानीय सरकार सञ्चालन | ५ |
| ८ | राजस्व प्रशासन | ४ |

| क्र.सं | तालिमको नाम | माग गर्ने स्थानीय तहको सख्या |
|---|---|---|
| ९ | सामाजिक जवाफदेहिताका औजार | ३ |
| १० | विपद् व्यवस्थापन | ४ |
| ११ | कार्यालय सञ्चालन र व्यवस्थापन | ११ |
| १२ | भवन मापदण्ड | ३ |
| १३ | लैङ्गिक उत्तरदायी बजेट | २ |
| १४ | Bio-Engineering | २ |
| १५ | SUTRA | ६ |

*Source: Training Need Survey, 2080, GPTA*

### (१.२) जनप्रतिनिधिका लागि माग भएका तालिम

| क्र.स. | तालिमको नाम | माग गर्ने स्थानीय तहको सख्या |
|---|---|---|
| १ | योजना तर्जुमा, बजेट निर्माण तथा अनुगमन | १५ |
| २ | नेतृत्व विकास | ६ |
| ३ | न्यायीक समितिका पदाधिकारीहरूको क्षमता विकास | ३ |
| ४ | लैङ्गिक समानता तथा समाजिक समावेशीकरण | ७ |
| ५ | कानून निर्माण | ७ |
| ६ | सकारात्मक सोंच | ४ |

*Source: Training Need Survey, 2080, GPTA*

### (१.३) जिल्ला समन्वय समितिबाट माग भएका तालिम

| क्र.स. | तालिमको नाम | माग गर्ने जि.स.स संख्या |
|---|---|---|
| १ | जनप्रतिनिधिहरूको लागि क्षमता विकास | ३ |
| २ | जिन्सी व्यवस्थापन | २ |
| ३ | वेभसाइट सञ्चालन | २ |
| ४ | अनुगमन तथा मूल्याङ्कन | २ |
| ५ | आर्थिक प्रशासन तथा बेरुजु फछ्र्यौट | २ |
| ६ | सकारात्मक सोंच | ४ |

*Source: Training Need Survey, 2080, GPTA*

**(१.४) प्रतिष्ठानद्वारा विभिन्न मन्त्रालय तथा सरोकारवालाहरूसँग छलफल गरी पहिचान भएका तालिम**

| क्र.स. | तालिम / कार्यक्रमको नाम |
|---|---|
| १ | प्रदेश अन्तरगतका कार्यालयका कर्मचारीहरूलाई लैससास र कार्यस्थलमा हुने लैङ्गिक हिंसा बिरुद्धको आचार संहिता निर्माण सम्बन्धी तालिम |
| २ | क्याविनेटको लागि प्रस्ताव लेखन तालिम |
| ३ | स्थानीय तहको जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना बिषयमा फलोअप तालिम तथा अन्तरक्रिया |
| ४ | सवाल केन्द्रित संवाद (स्थानीय तहले बनाएका आवधिक विकास योजना, क्षमता विकास योजना, राजस्व सुधार योजनाको कार्यान्वयन अवस्था सम्बन्धी संवाद कार्यक्रम) |
| ५ | नवनियुक्त कर्मचारीहरूको लागि सेवा प्रवेश तालिम |
| ६ | प्रदेश सभाका सदस्य तथा कर्मचारीहरूका लागि कानून निर्माणका विधि र प्रक्रिया सम्बन्धी अभिमुखीकरण |
| ७ | रुपान्तरणकारी नेतृत्व विकास सम्बन्धी तालिम |
| ८ | सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यान्वयनको फलोअप तथा अन्तरक्रिया कार्यक्रम |
| ९ | लैससास परीक्षण सम्बन्धी स्थानीय तहका कर्मचारीलाई प्रशिक्षक प्रशिक्षण |
| १० | प्रदेश अन्तरगतका कर्मचारीका लागि नेपाली भाषा र व्याकरण सम्बन्धी तालिम |
| ११ | सार्वजनिक खरिद |
| १२ | कम्प्यूटर कोर्ष (Word, Excel, Power Point समेत) |
| १३ | सेवाकालीन तालिम |

*Source: Training Need Survey, 2080, GPTA*

प्रतिष्ठानले विभिन्न श्रोत र विधिबाट पहिचान गरेका क्षमता विकास तालिमहरूलाई प्राथमिकताका आधारमा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै आइरहेको छ। तालिम आवश्यकता पहिचानबाट प्राप्त माग र सुझावलाई मध्यनजर गरी आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम तय गरिएको छ।

## (२) पाठ्यक्रम निर्माण

प्रतिष्ठानले क्षमता विकासका लामो तथा छोटो अवधिका तालिम, अनुशिक्षण तथा अभिमुखीकरणका लागि निश्चित ढाँचाको अवलम्बन गरी पाठ्यक्रम निर्माण गर्ने पद्धति स्थापित गरेको छ । पाठ्यक्रम निर्माण गर्दा तालिम तथा अभिमुखीकरणका साधारण तथा विशिष्ट उद्देश्यका साथ साथै कार्यान्वयन र नतिजा तहका उद्देश्य समेत किटान गरी सोही मुताविक प्रशिक्षणका विषयवस्तु र प्रशिक्षणका विधि निर्क्यौल गरिन्छ। यसका अलावा, तालिम पश्चात्को फलोअप र अनुगमन तथा मूल्याङ्कनका विधि समेत पाठ्यक्रमका विषयवस्तु बन्दछन् । डोनाल्ड कर्कप्याट्रिकको चार तहको सिकाइ मूल्याङ्कनको सिद्धान्तलाई आधार मानी पाठ्यक्रम तयार गरिन्छ ।

प्रतिष्ठानले आ.व. २०७७/७८ मा सहायकस्तर चौथो/पाँचौं तथा आ.व. २०७८/७९ मा अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम तयार गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरेको थियो । उल्लिखित पाठ्यक्रमहरूलाई क्रमशः २०७७ चैत्र १९ र २०७९ जेठ १७ गते बसेको प्रशिक्षण परिषद्का बैठकले स्वीकृत गरेका थिए। त्यसैगरी, प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश र स्थानीय तहका लागि छनौट भएका कर्मचारीको सेवा प्रवेश तालिम पाठ्यक्रम समेत गत आ.व.मा निर्माण भएको थियो ।

चालु आ.व. का लागि वार्षिक योजनामा समावेश भएका क्षमता विकास कार्यक्रमहरू जस्तै, प्रतिष्ठानका कर्मचारीको क्षमता विकास तालिम, युवा नेतृत्व विकास तालिम, प्रशिक्षकहरूको पेशागत क्षमता विकास तालिम, सवाल केन्द्रित संवाद आदिका पाठ्यक्रम निर्माण भए। त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फका विभिन्न नतिजाका लागि पाठ्यक्रम निर्माण भए। आ.व. २०७९/८० मा क्षमता विकास कार्यक्रमका लागि तयार भएका अवधारणा पत्र र पाठ्यक्रमको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | बिषय | अवधि | कैफियत |
|---|---|---|---|
| (२.१) प्रदेश स्तरीय | | | |
| १ | अधिकृत स्तरका कर्मचारीहरूका लागि सेवाकालीन तालिम | ३० दिन | प्रतिष्ठानको नियमित कार्यक्रम |
| २ | सहायक स्तरका कर्मचारीहरूका लागि सेवाकालीन तालिम (परिमार्जित) | ३० दिन | |
| ३ | सहायक स्तरका कर्मचारीहरूका लागि सेवाप्रवेश तालिम | ५ दिन | |
| ४ | गण्डकी प्रदेशका तालिम केन्द्रहरूका प्रशिक्षकका लागि पेशागत क्षमता विकास तालिम | १ दिन | |
| ५ | सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम (परिमार्जित) | ३ दिन | |

| क्र.सं. | शीर्षक/बिषय | अवधि | कैफियत |
|---|---|---|---|
| ६ | प्रदेश बाल अधिकार समितिको क्षमता विकास तालिम | २ दिन | |
| ७ | प्रदेश बाल परिषद्का पदाधिकारीहरूको क्षमता विकास तालिम | २ दिन | |
| ८ | गण्डकी प्रदेशका तालिम केन्द्रहरूका प्रशिक्षकहरूका लागि पेशागत क्षमता विकास सम्बन्धी प्रशिक्षक प्रशिक्षण | ५ दिन | |
| ९ | प्रतिष्ठानको कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रम (Instructional Design) | २ दिन | |
| १० | वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) सम्बन्धी तालिम | ३ दिन | |
| ११ | कम्प्यूटर तथा इन्टरनेट नेटवर्किङ सम्बन्धी तालिम | ३ दिन | |
| १२ | लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान सम्बन्धी अन्तरक्रिया | १ दिन | |
| १३ | मन्त्रालय तथा कार्यालयका कार्यालय सहयोगी तथा सुरक्षा गार्डका लागि आतिथ्यता र कार्यविवरण तथा SOP सम्बन्धी अभिमुखीकरण | १ दिन | |
| १४ | मन्त्रालय तथा कार्यालयका हलुका सवारी चालकहरूका लागि Safety and Security सम्बन्धी र कार्यविवरण तथा SOP सम्बन्धी अभिमुखीकरण | १ दिन | |
| १५ | प्रदेश सरकारको अनलाइन अनुगमन प्रणाली सम्बन्धी पुनर्ताजगी तालिम | १ दिन | |
| १६ | युवा नेतृत्व विकास सम्बन्धी तालिम | ३ दिन | |
| (२.२) **स्थानीय तह स्तरीय** | | | |
| १ | स्थानीय तहका प्राविधिक कर्मचारी तथा खरिद समितिका लागि सार्वजनिक खरिद सम्बन्धी तालिम | ३ दिन | |
| २ | स्थानीय तहका प्राविधिक कर्मचारीका लागि सार्वजनिक खरिद सम्बन्धी तालिम | ३ दिन | |
| ३ | स्थानीय तहको संवैधानिक एवम् कानूनी अधिकार, भूमिका र जिम्मेवारी सम्बन्धी तालिम | ३ दिन | |
| ४ | स्थानीय तहका वडा समितिका सदस्य तथा कर्मचारीका लागि योजना तर्जुमा तथा अनुगमन सम्बन्धी तालिम | २ दिन | |
| ५ | स्थानीय तहका बिषयगत समितिको काम, कर्तव्य अधिकार सम्बन्धी तालिम | २ दिन | |
| ६ | स्थानीय तहमा सार्वजनिक जवाफदेहिता सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण | १ दिन | |

| क्र.सं. | शीर्षक / बिषय | अवधि | कैफियत |
|---|---|---|---|
| ७ | लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी अभिमुखीकरण | २ दिन | |
| ८ | स्थानीय तहका जनप्रतिनिधि तथा सरोकारवालहरूका लागि रुपान्तरणकारी नेतृत्व विकास सम्बन्धी अभिमुखीकरण | २ दिन | |
| ९ | वातावरणीय प्रभाव मूल्याङ्कन (EIA, BES/IEE) सम्बन्धी तालिम | ३ दिन | |
| १० | स्थानीय तहको योजना तर्जुमा तथा अनुगमन सम्बन्धी प्रशिक्षक प्रशिक्षण | २ दिन | |
| ११ | न्यायीक समितिका सदस्यका लागि लैङ्गिकमैत्री न्याय सम्पादन तथा मनोसामाजिक सहयोग सम्बन्धी तालिम | ३ दिन | |
| १२ | लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान सम्बन्धी अन्तरक्रिया | १ दिन | |
| १३ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | २ दिन | |
| १४ | स्थानीय तहको शिक्षा शाखाका कर्मचारीका लागि एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी तालिम | २ दिन | |
| १५ | स्थानीय जनप्रतिनिधि तथा अगुवा नागरिकहरूका लागि "लैङ्गिक समानताका लागि स्थानीय नेतृत्वको भूमिका" बिषयक अभिमुखीकरण तथा अन्तरक्रिया | १ दिन | |
| १६ | लैङ्गिक हिंसा न्यूनीकरणका लागि नेतृत्व विकास सम्बन्धी तालिम | २ दिन | |
| १७ | स्थानीय तहका प्राविधिक कर्मचारीका लागि भवन आचार संहिता सम्बन्धी तालिम | ३ दिन | |
| १८ | स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि कानून निर्माण प्रक्रिया सम्बन्धी तालिम | २ दिन | |

जम्माः ३४ (प्रदेश स्तरीयः १६, स्थानीय तह स्तरीयः १७ र जिल्ला स्तरीय : १)

### (२.३) अवधारणा पत्र, समझदारी पत्र र कार्यक्षेत्रगत सर्त

| क्र.सं. | विषय |
|---|---|
| १ | स्थानीय तहको आवधिक विकास योजना निर्माण |
| २ | स्थानीय तहको क्षमता विकास योजना निर्माण |
| ३ | स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण |
| ४ | स्थानीय तहको लैससास रणनीति निर्माण |
| ५ | स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) कार्यान्वयनको फलोअप, अभिमुखीकरणर गुणस्तर परीक्षण |
| ६ | स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) कार्यान्वयनको फल्लो अप, अभिमुखीकरणर गुणस्तर परीक्षण |
| ७ | स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना (MTEF) कार्यान्वयनको फलोअप तथा अन्तरक्रिया |
| ८ | सवाल केन्द्रित संवाद (वित्तीय संघीयता तथा अन्तरसरकार सम्बन्ध) |
| ९ | सार्वजनिक कार्यालयमा आर्थिक प्रशासन सम्बन्धी SOP निर्माण |
| १० | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट सञ्चालित तालिमको प्रभाव मूल्याङ्कन |
| ११ | स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन |

## (३) प्रतिष्ठानतर्फका नियमित कार्यक्रम (प्रदेश समानीकरण अनुदान)

प्रतिष्ठानले रणनैतिक योजनामा उल्लिखित कार्यक्रमलाई मध्यनजर गरी तयार पारेको वार्षिक योजना अनुसार प्रदेश समानीकरण अनुदान मार्फत् सम्पादित क्रियाकलापहरूको विवरण निम्न अनुसार छ ।

### ३.१ अधिकृतस्तर कर्मचारीको सेवाकालीन तालिम

अधिकृतस्तरका कर्मचारीको वृत्ति विकासमा सहायक मानिने सेवाकालीन तालिम प्रदेशस्तरमा नै सञ्चालन गर्ने उद्देश्यले प्रतिष्ठानले गत आ.व. मा ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरेको थियो भने प्रशिक्षण परिषद्को बैठकबाट उक्त पाठ्यक्रम स्वीकृत समेत भएको थियो । चालु आ.व.मा सोही पाठ्यक्रमका आधारमा छैटौं तहका ३० जना र सातौ तथा आठौं तहका २८ जना गरी कुल ५८ जना कर्मचारीलाई सेवाकालीन तालिम सफलतापूर्वक सम्पन्न भयो । दुई समूहमा सञ्चालित उक्त तालिममा ५१ जना पुरुष र ७ जना महिला कर्मचारीको सहभागिता रहेको थियो ।

भाद्र १९ देखि कार्तिक २ सम्म सञ्चालित तालिमको उद्घाटन प्रदेश सरकारका तत्कालीन

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलबाट भएको थियो । उक्त समारोहमा प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थ, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरू लगायतको उपस्थिति रहेको थियो ।

पाठ्यक्रममा व्यवस्था गरिएका ७ वटा मोड्यूलमा आधारित भई हरेक दिन ९० मिनेटका ४ वटा सत्रका दरले बिहान ७:०० बजे देखि अपरान्ह १:३० बजेसम्मको अवधिमा कक्षा कोठाको शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गरिएको थियो ।






# गण्डकीमा पहिलोपल्ट अधिकृतलाई सेवाकालीन तालिम

यो तालिम लिने कर्मचारीको बढुवाका लागि २ नम्बर थपिन्छ।



सहभागीको सिकाइको नियमित मूल्ल्याङ्कन, व्यक्तिगत र समूह कार्य, कार्यमूलक अनुसन्धान, संगठन विकास सर्वेक्षण, सिकाइ परीक्षा आदिको आधारमा सहभागीको सिकाइको स्तर मापन गरिएको थियो ।




प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थद्वारा एक समारोहका बीच सहभागीहरूलाई प्रमाण पत्र सहित दीक्षान्त गरिएको थियो ।

## ३.२ सहायकस्तर कर्मचारीको सेवाकालीन तालिम

सहायकस्तरका कर्मचारीको वृत्ति विकास एवम् क्षमता अभिबृद्धि गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत मापदण्डका आधारमा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत राजपत्र अनङ्कित प्रथम तथा द्वितीय श्रेणी एवम् सहायकस्तर चौथो/पाँचौं तहका ५६ जना कर्मचारीका लागि २ वटा समूहमा ३० कार्यदिने सेवाकालीन तालिम सम्पन्न भयो । जम्मा ६० जना सहायकस्तरका कर्मचारीलाई तालिम प्रदान गर्ने लक्ष्य राखिएकोमा चालु आर्थिक वर्षमा ५६ जना कर्मचारी यस तालिमबाट लाभान्वित भएका छन् । यसबाट लक्ष्यको ९३ प्रतिशत उपलब्धि हाँसिल भएको छ ।







पाठ्यक्रममा व्यवस्था गरिएका १० वटा मोड्यूलमा आधारित भई हरेक दिन बिहान ७:०० बजे देखि अपरान्ह १:३० बजेसम्मको अवधिमा कक्षा कोठाको शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गरिएको थियो । दुई वटा समूहमा समानान्तर रुपमा आयोजित उपरोक्त तालिम मंसिर १२ देखि पौष २० गते सम्म सञ्चालन भएको थियो । प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थद्वारा एक


समारोहका बीच तालिमको औपचारिक रुपमा उद्घाटन गरिएको थियो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा आयोजित उक्त समारोहमा प्रदेश सरकारका सचिव मनमाया पंगेनी भट्टराई लगायतको उपस्थिति रहेको थियो ।



दैनिक पृष्ठपोषण, दैनिक पुनरावलोकन, मोड्यूल पुनरावलोकन, तालिम अन्तिम मूल्याङ्कन, पूर्व र पश्चात् परीक्षण आदि जस्ता औजारको प्रयोग गरी सहभागीको तालिम प्रतिको प्रतिक्रिया एवम् सिकाइको मापन गरिएको थियो । त्यसैगरी, सहभागीको सिकाइको नियमित मूल्याङ्कन, व्यक्तिगत र समूह कार्य, कार्यमूलक अनुसन्धान, संगठन विकास सर्वेक्षण, सिकाइ परीक्षा आदिको आधारमा सहभागीको सिकाइको स्तर मापन गरिएको थियो ।





पाठ्यक्रमले व्यवस्था गरे बमोजिम सहभागीको सिकाइ उपलब्धिका आधारमा प्रशिक्षार्थीको मूल्याङ्कन र श्रेणी विभाजन गरिएको थियो । प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलद्वारा कर्मचारीहरूलाई प्रमाण पत्र वितरण गरी तालिमको समापन गरिएको थियो । समापन समारोहमा प्रदेश सरकारका सचिव राम प्रसाद आचार्य, मुख्यन्यायाधिवक्ता रोहित राज वास्तोला लगायतको उपस्थिति रहेको थियो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न समापन समारोहमा तालिम अवधिभर भएका गतिविधिको सारसंक्षेप प्रस्तुत गरिएको थियो ।




यसरी, चालु आ.व. का लागि ३ वटा सेवाकालीन तालिम योजना गरिएकोमा ४ वटा सेवाकालीन तालिम सफलतापूर्वक सम्पन्न भएका छन् । प्रदेशस्तरमा पहिलो पटक आयोजना गरिएको अधिकृतस्तरको सेवाकालीन तालिम सफलतापूर्वक सम्पन्न हुनु प्रदेश सरकार र प्रतिष्ठानका लागि अर्को एउटा महत्वपूर्ण उपलब्धि र कर्मचारीका लागि ठूलो अवसर हो । यसले सेवाकालीन तालिमका लागि केन्द्रमा धाउनु पर्ने वाध्यता हटेको छ भने कर्मचारीको वृत्ति विकासमा आवश्यक तालिम सहज रुपमा प्राप्त हुने वातावरण बनेको छ । कूल ११४ जना अधिकृत र सहायकस्तरका कर्मचारीले चालु आ.व.मा उक्त अवसर प्राप्त गरेका छन् । तालिमका कुल सहभागी मध्ये २०

जना (१८ प्रतिशत) महिला र ९४ जना (८२ प्रतिशत) पुरुष कर्मचारीको सहभागिता रहेको थियो।

तालिमका कारण सहभागीको ज्ञानको पक्षमा आएको परिवर्तनको मापन गर्न प्रतिष्ठानले लामो तथा छोटो अवधिका सबै तालिमहरूमा पूर्व/पश्चात् परीक्षण गर्दै आइरहेको छ। तालिमको सुरुमा तालिमका विषयवस्तुमा सहभागीको बुझाईको स्तर मापन गरी तालिम अगाडि बढाइन्छ र तालिम पश्चात् पुनः उहि प्रश्नावलीको प्रयोग गरी तालिम पश्चात् ज्ञानको क्षेत्रमा आएको परिवर्तनको मापन गरिन्छ। चालु आ.व.मा सञ्चालित सेवाकालीन तालिम सहभागीको सिकाइको अवस्थालाई नमूनाका रुपमा तलको चार्टमा देखाइएको छ।





माथिको चार्टले तालिम पश्चात् तोकिएको विषयवस्तुमा सहभागीको ज्ञानमा उल्लेख्य सुधार आएको देखाउँदछ।

## ३.३ कर्मचारीको सेवा प्रवेश तालिम

प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका लागि छनौट भएका स्वास्थ्य, कृषि र इन्जिनियरिङ सेवाका ८२० जना कर्मचारीका लागि गत आ.व. मा. आयोगसँगको समन्वयमा एक दिने सेवा प्रवेश अभिमुखीकरण सम्पन्न भएको थियो । सार्वजनिक सेवामा प्रवेश गरेका कर्मचारीलाई कार्यालय सञ्चालन र व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहका आधारभूत विषयवस्तुका बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले उक्त अभिमुखीकरण आयोजना गरिएको थियो । तिनै कर्मचारीका लागि यस आ.व.मा विस्तृत तालिम सञ्चालन गरिएको छ । उक्त तालिमको विवरण निम्नानुसार रहेको छ ।

| चरण | मिति | जिल्ला | सहभागी संख्या |
|---|---|---|---|
| पहिलो | २०७९ चैत्र २९ देखि २३ | कास्की, स्याङ्जा | ५८ |
| दोस्रो | २०७९ चैत्र २६ देखि ३० | बाग्लुङ, तनहुँ | ६२ |
| तेश्रो | २०८० वैशाख ११ देखि १५ | पर्वत, म्याग्दी | ६३ |
| चौंथो | २०८० वैशाख २५ देखि २९ | मनाङ, मुस्ताङ, लमजुङ | ६१ |
| पाँचौं | २०८० जेष्ठ ७ देखि ११ | गोरखा र नवलपरासी | ७१ |
| जम्मा | | | ३१५ |

प्रत्येक चरणमा दुई समूहका दरले सञ्चालित उक्त तालिममा ८५ स्थानीय तहका २०५ जना पुरुष र ११० जना महिला गरी जम्मा ३१५ जनाको सहभागिता रहेको थियो । सहभागीको विस्तृत विवरण निम्नानुसार रहेको छ ।



कार्यालय व्यवस्थापन, स्थानीय तह सञ्चालन र व्यवस्थापन, स्थानीय तहको आर्थिक कार्य प्रणाली, सेवा प्रवाह, सुशासन र सामाजिक जवाफदेहिता र विकास व्यवस्थापन गरी पाँचवटा मोड्यूलमा उल्लिखित प्रशिक्षण सञ्चालन गरिएको थियो । उक्त तालिम मार्फत् कर्मचारीहरूमा कार्यालय व्यवस्थापन, सरकारी वित्त व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र सुशासन, स्थानीय तह सञ्चालन र व्यवस्थापन तथा स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका क्षेत्रमा सहभागीको ज्ञान र सीप विकास गर्न महत्वपूर्ण योगदान पुगेको छ ।

## ३.४ पेशागत क्षमता अभिबृद्धि तालिम

गण्डकी प्रदेशमा कार्यरत विभिन्न तालिम प्रदायक संस्थाहरूद्वारा सञ्चालन गरिने तालिमको गुणस्तर बृद्धि गर्ने, तालिमको डिजाइनमा एकरुपता कायम गर्ने तथा प्रशिक्षकहरूमा सहजीकरण सीपको विकास गर्ने उद्देश्यले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा ५ दिने पेशागत क्षमता अभिबृद्धि तालिम मिति २०७९ माघ १६ देखि २० सम्म सम्पन्न भएको थियो ।





जनपथ र शसस्त्र प्रहरी तालिम केन्द्रको समेत सहभागिता रहेको उक्त प्रशिक्षक प्रशिक्षण (TOT) मा वन, कृषि, शिक्षा, स्वास्थ्य लगायतका १४ वटा तालिम केन्द्रका १९ जना पुरुष र ७ जना महिला गरी २६ जना प्रशिक्षकको सहभागिता रहेको थियो । तालिमलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका सहजकर्ताहरूले सहजीकरण गरेका थिए ।

पेशागत क्षमता अभिबृद्धि तालिम प्रतिष्ठानको नयाँ अग्रसरता हो । प्रदेश अन्तर्गत रहेका विभिन्न तालिम प्रदायक संस्थाहरूलाई Instructional Design र Performance Based Training System मा आधारित प्रशिक्षण पद्धति अवलम्बन गर्न उक्त तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । प्रयोगात्मक पक्षलाई ध्यान दिई सञ्चालन गरिएको उक्त तालिम कार्यक्रममा तालिम आवश्यकता पहिचान, तालिम कार्यक्रमको डिजाइन, तालिम सामग्री निर्माण, तालिम सहजीकरण र तालिमको मूल्याङ्कन जस्ता विषयवस्तुमा सहभागीहरूलाई अभ्यस्त गराइएको थियो ।

## (४) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

### ४.१ परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) प्रदेश र स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने उद्देश्यले नेपाल सरकारद्वारा सञ्चालित राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम नेपाल सरकारको तर्फबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सबै प्रदेश र स्थानीय तहमा सम्बन्धित प्रदेश सरकार मार्फत् कार्यान्वयन भइरहेको छ । प्रदेश सरकार तथा स्थानीय तहको शासन व्यवस्थालाई क्रियाशील, दीगो, समावेशी र उत्तरदायी बनाउने यस कार्यक्रमको दीर्घकालिन लक्ष्य रहेको छ भने प्रदेश तथा स्थानीय तहबाट गुणस्तरीय सेवा प्रवाह गर्ने तथा स्थानीय विकास र आर्थिक समृद्धिका लागि योगदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । कार्यक्रमको लक्ष्य र उद्देश्य हाँसिल गर्न प्रदेश तथा स्थानीय तहको संस्थागत विकास, जनप्रतिनिधिहरूको नेतृत्व विकास तथा कर्मचारीहरूको क्षमता विकासका लागि उक्त कर्यक्रमले सहयोग गर्दछ ।

कार्यक्रमको समग्र समन्वयका लागि संघ स्तरमा कार्यक्रम समन्वय इकाई (Program Coordination Unit-PCU) को व्यवस्था गरिएको छ भने कार्यक्रम कार्यान्वयनका लागि प्रदेश स्तरमा प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (Provincial Program Implementation Unit – PPIU) तथा प्रदेश सुशासन केन्द्र (Provincial Center for Good Governance – PCGG) को व्यवस्था गरिएको छ । गण्डकी प्रदेशमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले PCGG का कार्यक्रम कार्यान्वयन गर्दछ । सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा हुने प्रदेश समन्वय समितिले वार्षिक कार्यक्रम तय गर्ने तथा कार्यक्रमको प्रगति समीक्षा गर्ने काम गर्दछ । नेपाल सरकार र विकास साझेदारहरू (संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम लगायत अन्य युएन एजेन्सीहरू, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग, यूरोपियन युनियन, नर्वेजियन सरकार र स्वीस विकास तथा सहयोय नियोग) को संयुक्त आर्थिक योगदान तथा युएनडिपिको प्राविधिक सहयोगमा आ.व. २०७६/७७ मा शुरु भएको यो कार्यक्रम आ.व. २०८०/८१ सम्म सञ्चालन हुनेछ । कार्यक्रमका निम्न अनुसार ३ वटा लक्ष्य र १४ वटा उद्देश्य रहेका छन् ।

| Programme Outcomes | Outputs |
|---|---|
| Outcome 1:<br>Government institutions and inter-governmental mechanisms at all levels are fully functioning in support of federal governance as per the Constitution. | Output 1.1: Federal level institutions develop legislations and policies to support PLGs in a consultative manner. |
| | Output 1.2: Federal level institutions develop tools and systems to support PLGs in a consultative process. |
| | Output 1.3: Inter-governmental administrative mechanisms strengthened and functional. |

| Programme Outcomes | Outputs |
|---|---|
| Outcome 2:<br>Provincial and local governments have efficient, effective, inclusive, and accountable institutions. | Output 4: Provincial governments drafted legislation in a consultative manner. |
| | Output 5: Modernized provincial government systems enable horizontal and vertical accountability to all citizens and mainstream GESI. |
| | Output 6: Provincial governments manage core public administration functions |
| | Output 7:PCGGs made operational to deliver capacity development service. |
| | Output 8: Modernized LGs have strong administrative systems, and accountable PFM system. |
| | Output 9: LG systems enable horizontal and vertical accountability to all citizens |
| | Output 10: LG systems mainstream GESI in their service delivery. |
| | Output 11: LG systems enable citizen engagement and inclusive participation. |
| | Output 12: IPF is operational and transparently supporting LGs. |
| Outcome 3:<br>Elected representatives and civil servants at provincial and local governments have the capacity and serve citizens to their satisfaction. | Output 13: Elected representatives and civil servants at the Province level are incentivized and trained for delivering high quality services. |
| | Output 14: LGs' elected representatives and civil servants are empowered and trained for delivering high quality services. |

## ४.२ प्रगति विवरण

### ४.२.१ जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न प्रतिफल अन्तर्गत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्धि, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैङ्गिक उत्तरदायी बजेट, स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन तथा वित्तीय जोखिम मूल्याङ्कन, सामाजिक जवाफदेहिताको प्रवर्द्धन (सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण) आदि गरी चालु आर्थिक वर्षमा जम्मा ९७ वटा तालिम सञ्चालन भएका छन् । यी तालिम तथा अभिमुखीकरणबाट २,५३७ पुरुष  र ९६८ महिला गरी जम्मा ३,५०५ जना लाभान्वित भएका छन । तालिमको विस्तृत विवरण पछिल्ला खण्डहरूमा उल्लेख गरिएको छ ।

चालु आ.व.मा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिहरूका लागि विभिन्न किसिमका प्रशिक्षण सञ्चालन भए । स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्षका लागि आवधिक योजना र मध्यमकालीन खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट, सामाजिक जवाफदेहताका औजारहरूको अभिमुखीकरण आयोजना भयो भने वडा अध्यक्ष र वडा सदस्यहरूका लागि, स्थानीय तह सञ्चालन र व्यवस्थापन, रुपन्तरणकारी नेतृत्व विकास र विषयगत समितिको भूमिका जस्ता तालिम सम्पन्न भए । त्यसैगरी, प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक खरिद, वातावरणीय प्रभाव मूल्याङ्कन, सामाजिक सुरक्षा तथा पञ्जीकरण, इन्टरनेट तथा नेटवर्किङ, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, आतिथ्यता व्यवस्थापन जस्ता तालिम सम्पन्न भए । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि सञ्चालन भएका क्षमता विकास तालिमको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

## प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि सञ्चालन भएका क्षमता विकास तालिमको विस्तृत विवरण


| S.N | Name of activity | District | Name of Local Level/Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 1 | Orienatation to Ward Committee Members | Nawalparasi (1) | Kawasoti, Madhyabindu, Devchuli | 21-22 Aug. 2022 | 47 | 1 | 48 |
| 2 | Orienatation to Ward Committee Members | Gorkha (1) | Gorkha, Siranchowk, Barpak, Palungtar, Ajirkot | 21-22 Aug. 2022 | 40 | 2 | 42 |
| 3 | Orienatation to Ward Committee Members | Tanahun(1) | Vyas, Bhanu, Bhimad, Suklagandaki | 21-22 Aug. 2022 | 46 | 1 | 47 |
| 4 | Orienatation to Ward Committee Members | Gorkha (2) | Gandaki, Dharche, Bhimsenthapa, Chunumbri, Sahidlakhan, Arughat | 23-24 Aug. 2022 | 42 | 1 | 43 |
| 5 | Orienatation to Ward Committee Members | Tanahun(2) | Devghat, Rising, Ghiring, Bandipur, Myagde | 23-24 Aug. 2022 | 28 | 0 | 28 |
| 6 | Orienatation to Ward Committee Members | Nawalparasi (2) | Gaidakot, Boudhikali, Hupsekot, Bulingtar, Binay Tribeni | 23-24 Aug. 2022 | 29 | 2 | 31 |
| 7 | Orienatation to Ward Committee Members | Syangja (1) | Kaligandaki, Harinas, Biruwa, Arjun Chaupari, Aandhikhola, Bhirkot, Phedikhola | 26-27 Aug. 2022 | 41 | 2 | 43 |
| 8 | Orienatation to Ward Committee Members | Syangja (2) | Putalibazar, Waling, Galyang, Chapakot | 28-29 Aug. 2023 | 43 | 1 | 44 |
| 10 | Orienatation to Ward Committee Members | Lamjung (2) | Madhyanepal, Dordi, Khoholasothar Marshyangdi | 2 - 3 Sep. 2022 | 33 | 1 | 34 |
| 11 | Orienatation to Ward Committee Members | Parbat (1) | Kusma, Phalebas, Jaljala | 2 - 3 Sep. 2022 | 33 | 0 | 33 |
| 12 | Orienatation to Ward Committee Members | Parbat (2) | Paiyun, Mahashila, Modi, Bihadi | 4-5 Sep. 2022 | 26 | 0 | 26 |


| S.N | Name of activity | District | Name of Local Level/Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 13 | Orienatation to Ward Committee Members | Baglung(1) | Baglung, Galkot, Jaimini, Dhorpatan | 6-7 Sep. 2022 | 44 | 0 | 44 |
| 14 | Orienatation to Ward Committee Members | Baglung(2) | Bareng, Tamankhola, Nishikhola, Tarakhola, Badigad | 8-9 Sep. 2022 | 41 | 0 | 41 |
| 15 | Orienatation to Ward Committee Members | Kaski (1) | Pokhara Metropolitan City | 4-5 Sep. 2022 | 29 | 1 | 30 |
| 16 | Orienatation to Ward Committee Members | Kaski (2) | Madi, Rupa, Annapurna, Machhapuchhre | 6-7 Sep. 2022 | 35 | 0 | 35 |
| 17 | Orienatation to Ward Committee Members | Myagdi (1) | Beni, Annapurna, Dhaulagiri, Mangala, Malika, Raghuganga | 8-9 Sep. 2022 | 36 | 1 | 37 |
| 18 | Orienatation to Ward Committee Members | Mustang (1) | Thasang, Gharapjhong, Baragun Muktichhetra, Loghekar Damodarkunda, Lomanthang | 10-11 Sep. 2022 | 20 | 0 | 20 |
| 19 | Orienatation to Ward Committee Members | Manang (1) | Chame, Manang Nishyang, Narpa Bhumi, Nason | 11-12 Sep. 2022 | 18 | 0 | 18 |
| 20 | Training on MTEF for local Level staff | All Districts | All Local Levels | 13-15 Sep. 2022 | 64 | 8 | 72 |
| 21 | Training on MTEF for Elected Officials | All Districts | All Local Levels | 16 Sep. 2022 | 53 | 6 | 59 |
| 22 | Training on IEE, EIA, BES | All Districts | Provincial Offices | 19-21 Oct. 2022 | 23 | 3 | 26 |
| 23 | Orientation on PDP, RIAP, CD Plan and GESI strategy preparation | All Districts | 40 Local Levels | 25 Nov. 2022 | 50 | 8 | 58 |
| 24 | TOT on LISA and FRA implementation | All Districts | 11 DCCs | 5-6 Dec. 2022 | 30 | 3 | 33 |

| S.N | Name of activity | District | Name of Local Level/Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 25 | Training on IEE, EIA, BES for Local Level (Group 1) | Local Levels | Local Levels | 14-16 Dec. 2022 | 28 | 1 | 29 |
| 26 | Training on IEE, EIA, BES for Local Level (Group 2) | Local Levels | Local Levels | 14-16 Dec. 2022 | 27 | 0 | 27 |
| 27 | Public Procurement Training (event 1) | Provincial Level Organizations | Provincial Level Organizations | 26-28 Jan. 2023 | 29 | 4 | 33 |
| 28 | Social Security and Vital Registration (Event 1) | Kaski | Pokhara Metropolitan City | 5-6 Feb. 2023 | 29 | 10 | 39 |
| 29 | Social Security and Vital Registration (Event 2) | Kaski | All Rural Municipalities | 5-6 Feb. 2023 | 13 | 17 | 30 |
| 30 | Social Security and Vital Registration (Event 3) | Mustang | All Local Levels | 7-8 Feb. 2023 | 24 | 10 | 34 |
| 31 | Social Security and Vital Registration (Event 4) | Myagdi | All Local Levels | 7-8 Feb. 2023 | 15 | 4 | 19 |
| 32 | Public Procurement Training (event 2) | Provincial Level Organizations | Provincial Level Organizations | 13-15 Feb. 2023 | 34 | 7 | 41 |
| 33 | Public Procurement Training (event 3) | Provincial Level Organizations | Provincial Level Organizations | 13-15 Feb. 2023 | 26 | 3 | 29 |
| 34 | Safety and Security Training for Drivers | Provincial Level Organizations | Provincial Level Organizations | 2 March, 2023 | 28 | 0 | 28 |
| 35 | Hospitality Management Training for Office Assistants | Provincial Level Organizations | Provincial Level Organizations | 2 March, 2023 | 19 | 10 | 29 |
| 36 | Public Procurement Training for Local Level (event 1) | Local Levels | Local Levels | 15-17 March, 2023 | 25 | 6 | 31 |
| 37 | Public Procurement Training for Local Level (event 2) | Local Levels | Local Levels | 15-17 March, 2023 | 27 | 3 | 30 |
| 38 | Capacity Development Training for DCC Members | 11 Disctricts | DCC Members | 21-Mar-23 | 23 | 13 | 36 |

| S.N | Name of activity | District | Name of Local Level/Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 39 | Transformative Leadership Training (Annapurna RM Ward no. 6) | Kaski | Ward Representatives | 9-10 April, 2023 | 37 | 25 | 62 |
| 40 | Transformative Leadership Training (Machhapuchhre RM Ward no. 9) | Kaski | Ward Representatives | 11-12 April, 2023 | 32 | 47 | 79 |
| 41 | Transformative Leadership Training (Madi RM Ward no. 12) | Kaski | Ward Representatives | 20-21 April, 2023 | 35 | 23 | 58 |
| 42 | Transformative Leadership Training (Rupa RM Ward no. 7) | Kaski | Ward Representatives | 11-12 May, 2023 | 32 | 25 | 57 |
| 43 | Training for Sectoral Committee Members of Local Level | Myagdi | Sectoral Committee Membes | 17-18 May, 2023 | 26 | 5 | 31 |
| 44 | Training for Sectoral Committee Members of Local Level | Gorkha | Sectoral Committee Membes | 23-24 May, 2023 | 45 | 4 | 49 |
| 45 | Internet and networking training | 11 Districts | Provincial Level Staff | 4-6 June, 2023 | 9 | 5 | 14 |
| 46 | IEMIS training for local level staff (Group 1) | 11 Districts | Local Levels | 7-8 June, 2023 | 34 | 12 | 46 |
| 47 | IEMIS training for local level staff (Group 2) | Kaski | Local Levels | 7-8 June, 2023 | 28 | 5 | 33 |
| 48 | Training for Sectoral Committee Members of Local Level | Parbat | Local Levels | 7-8 June, 2023 | 28 | 7 | 35 |
| 49 | Instructional Design Training for GPTA Staff | Kaski | GPTA Staff | 6-7 July, 2023 | 5 | 2 | 7 |
| | | | | **Total** | **1543** | **290** | **1833** |

उल्लिखित तालिमबाट १५४३ जना पुरुष र २९० जना महिला गरी जम्मा १८३३ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् । कार्यक्रममा सहभागी महिला पुरुषको विवरण तलका चार्टमा उल्लेख गरिएको छ ।




उपरोक्त चार्ट अनुसार कुल १८३३ जना सहभागी मध्ये १६ प्रतिशत महिला र बाँकी ८४ प्रतिशत पुरुष रहेका छन् । उल्लिखित तालिमहरूको विस्तृत विवरण पछाडिका खण्डहरूमा उल्लेख गरिएको छ ।

संघीयता कार्यान्वयन पश्चात् स्थानीय तहको दास्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको अभिमुखीकरण चालु आ.व.को प्राथमिकताको विषय रहेको थियो । स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको समन्वयमा गत आ.व. मा स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अभिमुखीकरण सम्पन्न भएको थियो । चालु आ.व.मा गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहका वडा अध्यक्षहरूको अभिमुखीकरण सम्पन्न भएको छ । जिल्ला समन्वय समितिसँगको समन्वयमा गण्डकी प्रदेशका ७५९ वडाका वडा अध्यक्षहरूका लागि १९ वटा समूहमा सो अभिमुखीकरण सम्मन्न भयो । उक्त अभिमुखीकरणबाट ६६५ जना पुरुष र १४ जना महिला गरी कुल ६७९ जना लाभान्वित भएका छन् । सो अभिमुखीकरणको विस्तृत विवरण निम्नानुसार छ ।

### वडा अध्यक्षहरूको अभिमुखीकरण (जम्मा वडा संख्या ७५९)

| S.N | District | Name of Local Level | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|
| | | | | Male | Female | Total |
| 1 | Nawalparasi (1) | Kawasoti, Madhyabindu, Devchuli | 21-22 Aug. 2022 | 47 | 1 | 48 |
| 2 | Gorkha (1) | Gorkha, Siranchowk, Barpak, Palungtar, Ajirkot, | 21-22 Aug. 2022 | 40 | 2 | 42 |
| 3 | Tanahun(1) | Vyas, Bhanu, Bhimad, Suklagandaki | 21-22 Aug. 2022 | 46 | 1 | 47 |
| 4 | Gorkha (2) | Gandaki, Dharche, Bhimsenthapa, Chunumbri, Sahidlakhan, Arughat | 23-24 Aug. 2022 | 42 | 1 | 43 |
| 5 | Tanahun(2) | Devghat, Rising, Ghiring, Bandipur, Myagde | 23-24 Aug. 2022 | 28 | 0 | 28 |
| 6 | Nawalparasi (2) | Gaidakot, Boudhikali, Hupsekot, Bulingtar, Binay Tribeni | 23-24 Aug. 2022 | 29 | 2 | 31 |
| 7 | Syangja (1) | Kaligandaki, Harinas, Biruwa, Arjun Chaupari, Aandhikhola, Bhirkot and Phedikhola | 26-27 Aug. 2022 | 41 | 2 | 43 |
| 8 | Syangja (2) | Putalibazar, Waling, Galyang, Chapakot | 28-29 Aug. 2023 | 43 | 1 | 44 |
| 9 | Lamjung (1) | Beshisahar, Sundarbazar, Rainas, Dudhpokhari | 31 Aug. - 1 Sep. 2022 | 34 | 1 | 35 |
| 10 | Lamjung (2) | Madhyanepal, Dordi, Khoholasothar, Marshyangdi | 2 - 3 Sep. 2022 | 33 | 1 | 34 |
| 11 | Parbat (1) | Kusma, Phalebas, Jaljala | 2 - 3 Sep. 2022 | 33 | 0 | 33 |
| 12 | Parbat (2) | Paiyun, Mahashila, Modi, Bihadi | 4-5 Sep. 2022 | 26 | 0 | 26 |
| 13 | Baglung(1) | Baglung, Galkot, Jaimini, Dhorpatan | 6-7 Sep. 2022 | 44 | 0 | 44 |
| 14 | Baglung(2) | Bareng, Tamankhola, Nishikhola, Tarakhola, Badigad | 8-9 Sep. 2022 | 41 | 0 | 41 |
| 15 | Kaski (1) | Pokhara Metropolitan City | 4-5 Sep. 2022 | 29 | 1 | 30 |
| 16 | Kaski (2) | Madi, Rupa, Annapurna, Machhapuchhre | 6-7 Sep. 2022 | 35 | 0 | 35 |
| 17 | Myagdi (1) | Beni, Annapurna, Dhaulagiri, Mangala, Malika, Raghuganga | 8-9 Sep. 2022 | 36 | 1 | 37 |
| 18 | Mustang (1) | Thasang, Gharapjhong, Baragun Muktichhetra, Loghekar Damodarkunda, Lomanthang | 10-11 Sep. 2022 | 20 | 0 | 20 |
| 19 | Manang (1) | Chame, Manang Nishyang, Narpa Bhumi, Nason | 11-12 Sep. 2022 | 18 | 0 | 18 |
| **Total** | | | | **665** | **14** | **679** |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तह सञ्चालन र व्यवस्थापनका लागि गरेका व्यवस्था र विकास व्यवस्थापनका अन्य समसामयिक विषयवस्तुमा आधारित उक्त प्रशिक्षण वडा अध्यक्षहरूले जिम्मेवारी सम्हाले पश्चात्को पहिलो र महत्वपूर्ण प्रशिक्षण रहेको थियो ।

### (ख) लैङ्गिक उत्तरदायी बजेट तथा लैससास परीक्षण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा भए गरेका कानूनी व्यवस्थाको कार्यान्वयन गर्दै प्रदेश अन्तर्गतका सबै स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने उद्देश्यले लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरणकार्यक्रम सम्पन्न भएको छ। गोरखा र स्याङ्जा जिल्लाका स्थानीय तहमा निर्वाचित उपप्रमुख/उपाध्यक्षहरू एवम् कर्मचारीलाई गत आ.व. मा उक्त कार्यक्रम सम्पन्न गरिएकोमा चालु आ.व.मा बाँकी स्थानीय तहका लागि मिति २०७९ माघ १७ देखि २० सम्म ३ वटा समूहमा सो कार्यक्रम सम्पन्न भएको छ ।

प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीद्वारा औपचारिक रुपमा शुभारम्भ गरिएको उक्त अभिमुखीकरण कार्यक्रमबाट जम्मा १०६ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण सम्बन्धी नीति नियमहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने एवम् सबै स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्ययोजना निर्माणका लागि स्थानीय तहलाई सहयोग गर्ने सो अभिमुखीकरणको उद्देश्य रहेको थियो । तालिमको




अन्त्यमा सहभागीले आ-आफ्नो स्थानीय तहको लैससास मूलप्रवाहीकरण कार्ययोजना तयार गरेका थिए । सोहि कार्ययोजनालाई आधार मानी तालिम पश्चात्को अनुगमन र फलोअप सञ्चालन गरिनेछ ।

त्यसैगरी, स्थानीय तहले अवलम्बन गरेका लैससास सम्बन्धी नीति तथा कार्यान्वयन गरेका कार्यक्रमको समीक्षा र आगामी दिनको कार्ययोजना तयार गर्ने उद्देश्यले यस आ.व. मा २० वटा स्थानीय तहमा लैससास परीक्षणको काम सम्पन्न भएको छ । लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी

अभिमुखीकरण कार्यक्रम सम्पन्न भएका स्थानीय तहहरूमा सूचकमा आधारित लैससास परीक्षण गरी लैससास रणनीति तयार गर्ने अभिप्रायका साथ लैससास परीक्षणमा सहयोग गरिएको हो । लैससास परीक्षणमा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई संलग्न गराइएको थियो ।

लैससास मूलप्रवाहीकरण अन्तर्गत चालु आ.व. मा प्रदेश बाल परिषद् र बाल क्लवका सदस्यहरूको क्षमता विकास तालिम, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान र अन्य दिवसीय



कार्यक्रम, लैससास सम्पर्क व्यक्तिहरूका लागि तालिम, कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता निर्माण र सोको कार्यान्वयन जस्ता विषयवस्तुमा चालु आर्थिक वर्षमा जम्मा ३४ वटा कार्यक्रम आयोजना भए । यस्ता कार्यक्रमबाट ६७९ पुरुष र ६२७ महिला गरी जम्मा १,३०६ जना लाभान्वित भए । लैङ्गिक उत्तरदायी बजेट र लैससास परीक्षणका लागि प्रतिष्ठानले गत आ.व.मा विज्ञ परामर्शदाता एवम् सहजकर्ताको लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन गरेको थियो । तिनै सहजकर्ताहरूलाई परिचालन गरी चालु आ.व.मा पनि लैससास सम्बन्धी माथि उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गरिएको छ। यस आ.व.मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमको विस्तृत विवरण निम्नानुसार छ ।

### यस आ.व.मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमको विस्तृत विवरण

| S.N | Name of activity | District | Name of Local Level | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 1 | Orientation to Provincial Child Council Members | Kaski | 11 Distircts , Gandaki Province | 04Sept. 2022 | 13 | 10 | 23 |
| 2 | GESI Audit | Baglung | Galkot | 13-15 Sept. 2022 | 24 | 30 | 54 |
| 3 | Child Day Celebration | Kaski | 11 Distirct , Gandaki Province | 14-Sept. 2022 | 34 | 22 | 56 |
| 4 | GESI Audit | Myagdi | Raghuganga | 13-15 Sept. 2022 | 24 | 13 | 37 |
| 5 | GESI Audit | Mustang | Loghekar Damodarkunda | 13-15 Sept. 2022 | 19 | 8 | 27 |
| 6 | GESI Audit | Baglung | Kathekhola | 17-19Sept. 2022 | 22 | 14 | 36 |
| 8 | GESI Audit | Mustang | Lomanthang | 17-19 Sept. 2022 | 19 | 6 | 25 |
| 9 | GESI Audit | Baglung | Tamankhola | 21-23 Sept. 2022 | 19 | 13 | 32 |
| 10 | GESI Audit | Myagdi | Mangala | 21-23 Sept. 2022 | 22 | 14 | 36 |
| 11 | GESI Audit | Baglung | Tarakhola | 25-27 Sept. 2022 | 21 | 10 | 31 |
| 12 | GESI Audit | Baglung | Bareng | 12 – 14 Oct. 2022 | 24 | 30 | 54 |
| 13 | GESI Audit | Mustang | Gharapjhong | 12 – 14 Oct. 2022 | 17 | 5 | 22 |
| 14 | GESI Audit | Baglung | Badigad | 16- 18 Oct. 2022 | 22 | 14 | 36 |
| 15 | GESI Audit | Mustang | Baragug Mukthichhetra | 16- 18 Oct. 2022 | 17 | 7 | 24 |
| 16 | GESI Audit | Myagdi | Dhaulagiri | 3-5 Nov. 2022 | 35 | 20 | 55 |
| 17 | GESI Audit | Manang | Chame | 6-8 Nov. 2022 | 7 | 20 | 27 |
| 18 | GESI Audit | Manang | Nason | 10-12 Nov. 2022 | 8 | 21 | 29 |
| 19 | GESI Audit | Magdi | Annupurna | 13-15 Nov. 2022 | 29 | 19 | 48 |
| 20 | GESI Audit | Gorkha | Ajirkot | 13-15 Nov. 2022 | 28 | 22 | 50 |
| 21 | Day Celebratlon (16 days of campaign), Stakeholder Interaction | Kaski | Pokhara | 29-Nov. 2022 | 40 | 55 | 95 |

| S.N | Name of activity | District | Name of Local Level | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 22 | Day Celebration (16 days of campaign), Stakeholder interaction | Kaski | Machhapuchhre (Dhital) | 5 Dec. 2022 | 25 | 28 | 53 |
| 23 | GESI Audit | Mustang | Thasang | 14-16 Dec. 2022 | 15 | 10 | 25 |
| 24 | GESI Audit | Parbat | Jaljala | 26-28 Dec. 2022 | 22 | 16 | 38 |
| 25 | GESI Focal Person TOR Training (group 1) | Kaski | Province level organizations and Local Levels | 18 Jan. 2023 | 12 | 16 | 28 |
| 26 | GESI Focal Person TOR Training (group 2) | Kaski | Province level organizations and Local Levels | 19 Jan.2023 | 3 | 17 | 20 |
| 27 | GESI Focal Person TOR Training (group 3) | Kaski | Province level organizations and Local Levels | 20 Jan. 2023 | 8 | 22 | 30 |
| 28 | Training for Child Council Members | Kaski | District Level | 27 Jan. 2023 | 19 | 7 | 26 |
| 29 | Training on GRB (Group 1) | Kaski | Local Levels | 31 Jan. - 1 Feb. 2023 | 26 | 9 | 35 |
| 30 | Training on GRB (Group 2) | Kaski | Local Levels | 31 Jan. - 1 Feb. 2023 | 21 | 13 | 34 |
| 31 | Training on GRB (Group 3) | Kaski | Local Levels | 2-3 Feb. 2023 | 22 | 15 | 37 |
| 32 | Leadership for GESI | Kaski | Pokhara Ward no. 5 | 7 Mar. 2023 | 8 | 51 | 59 |
| 33 | Leadership for GESI | Kaski | Pokhara Ward no. 21 | 10 Mar. 2023 | 21 | 39 | 60 |
| 34 | GESI Focal Person's interaction on work place harassment | Kaski | Local Levels | 18 Jun. 2023 | 12 | 21 | 33 |
| Total | | | | | 679 | 627 | 1,306 |

माथि उल्लिखित कार्यक्रमबाट स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । उल्लिखित कार्यक्रमको विस्तुत विवरण आगामी खण्डहरूमा उल्लेख गरिएको छ ।

## (ग) स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याङ्कन तथा वित्तीय सुशासन जोखिम मूल्याङ्कन

स्थानीय तहको कार्य प्रकृया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तह बीचमा तुलना योग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ जारी गरेको छ। यस कार्यविधिले स्थानीय तहको शासकीय अवस्थाको सवल र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी सुधार गर्नुपर्ने क्षेत्रहरूका लागि कार्ययोजना तयार गर्न मद्धत पुऱ्याउँदछ। उक्त कार्यविधि बमोजिम (१) शासकीय प्रवन्ध, (२) संगठन तथा व्यवस्थापन, (३) वार्षिक बजेट तथा योजना व्यवस्थापन, (४) वित्तीय एवम् आर्थिक व्यवस्थापन, (५) सार्वजनिक सेवा प्रवाह, (६) न्यायीक कार्यसम्पादन, (७) भौतिक पूर्वाधार, (८) सामाजिक समावेशीकरण, (९) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, र (१०) समन्वय र सहकार्य जस्ता विषयगत क्षेत्रका समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थितिको सवल र सुधार गर्नुपर्ने पक्षको विश्लेषण गरिन्छ।

त्यसैगरी, स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभाकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरेको छ। सोही कार्यविधिका आधारमा स्थानीय तहले (१) योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, (२) कार्यान्वयन क्षमता तथा व्यवस्थापन, (३) लेखांकन तथा प्रतिवेदन, (४) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण, र (५) राजस्व व्यवस्थापन जस्ता विषयगत क्षेत्रका आधारमा प्रक्रियाको जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासनको जोखिमको विश्लेषण गरी स्थानीय तहको सवल र सुधार गर्नुपर्ने पक्षहरू निर्क्योल गर्दछ।

विगत वर्षहरू देखि सुरु भएको स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनलाई संस्थागत गर्न, नतिजाको गुणस्तर सुनिश्चित गर्न एवम् स्व-मूल्याङ्कन कार्यविधि र स्व-मूल्याङ्कन प्रक्रियामा देखिएका समस्या उपर छलफल गर्न जिल्ला समन्वय समिति मार्फत् जिल्लास्तरीय अभिमुखीकरण तथा अनुभव आदानप्रदान कार्यक्रम सबै जिल्लामा सम्पन्न भयो। अभिमुखीकरण पश्चात् स्थानीय तहहरूको स्व-मूल्याङ्कन, स्व-मूल्याङ्कन नतिजालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा विकास गरिएको वेभसाईट मार्फत् सार्वजनिकीकरण र नतिजाको गुणस्तर परीक्षणमा प्रतिष्ठानले प्राविधिक सहयोग प्रदान गरेको छ। यस आ.व. मा गण्डकी प्रदेशका सबै स्थानीय तहले सो कार्य सम्पन्न गरी नतिजा सार्वजनिक गरेका छन्। चालु आ.व. मा सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रमको विवरण देहाय बमोजिम रहेको छ।

## चालु आ.व. मा सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रमको विवरण

| S.N | Name of activity | District | Name of Local Levels | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 1 | District Level LISA and FRA Orientation | Kaski | All Local Levels | 20 Dec. 2022 | 13 | 11 | 24 |
| 2 | District Level LISA and FRA Orientation | Lamjung | All Local Levels | 18 Dec. 2022 | 19 | 3 | 22 |
| 3 | District Level LISA and FRA Orientation | Tanahun | All Local Levels | 16 Dec. 2022 | 27 | 5 | 32 |
| 4 | District Level LISA and FRA Orientation | Syangja | All Local Levels | 15 Dec. 2022 | 27 | 6 | 33 |
| 5 | District Level LISA and FRA Orientation | Parbat | All Local Levels | 18 Dec. 2022 | 12 | 4 | 16 |
| 6 | District Level LISA and FRA Orientation | Baglung | All Local Levels | 19 Dec. 2022 | 24 | 3 | 27 |
| 7 | District Level LISA and FRA Orientation | Myagdi | All Local Levels | 1 Jan. 2023 | 12 | 3 | 15 |
| 8 | District Level LISA and FRA Orientation | Gorkha | All Local Levels | 15 Dec. 2022 | 28 | 6 | 34 |
| 9 | District Level LISA and FRA Orientation | Mustang | All Local Levels | 21 Dec. 2022 | 12 | 4 | 16 |
| 10 | District Level LISA and FRA Orientation | Nawalparasi | All Local Levels | 22 Dec. 2022 | 21 | 0 | 21 |
| 11 | District Level LISA and FRA Orientation | Manang | All Local Levels | 23 Dec. 2022 | 12 | 0 | 12 |
| Total | | | | | 207 | 45 | 252 |

प्रदेशका ११ जिल्लामा आयोजित अभिमुखीकरण कार्यक्रमबाट २०७ जना पुरुष र ४५ जना महिला गरी कुल २५२ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन । प्रतिष्ठानद्वारा उपलब्ध गराइएको प्राविधक सहयोगका कारण स्थानीय तहहरूमा उल्लिखित औजारहरू विस्तारै संस्थागत हुँदै गएको आभास मिलेको छ ।




स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा स्थानीय तहहरूलाई सहजीकरण गर्न जिल्ला समन्वय प्रमुख र जिल्ला समन्वय अधिकारीहरूका लागि दुई दिने प्रशिक्षक प्रशिक्षण २०७९ मंसिर १९ र २० गते पोखरामा सम्पन्न भएको थियो । उक्त प्रशिक्षक प्रशिक्षणमा ३० जना पुरुष र ३ जना महिला गरी जम्मा ३३ जनाको सहभागिता रहेको थियो ।

प्रशिक्षक प्रशिक्षण कार्यक्रम पश्चात् जिल्ला समन्वय समितिको समन्वय र सहजीकरणमा संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धी स्थानीय तहका पदाधिकारी र कर्मचारीका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

उल्लिखित अभिमुखीकरणको नतिजा स्वरुप सबै स्थानीय तहले आ–आफ्नो स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन गरी सोको नतिजा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको पोर्टलमा सार्वजनिक गरिसकेका छन् । यी औजारहरूले स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

### (घ) स्थानीय तहका पदाधिकारी र कर्मचारीका लागि सामाजिक जवाफदेहिता सम्बन्धी तालिम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) ले "गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने" व्यवस्था गरेको छ । सोही प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि गण्डकी प्रदेशका सबै स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूका लागि सामाजिक जवाफदेहिता सम्बन्धी एक दिने तालिम २०७९ चैत्र २८ र २०८० वैशाख १४ गते दुई

समूहमा पोखरामा सम्पन्न भए । प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीद्वारा औपचारिक रुपमा शुभारम्भ भएको उक्त कार्यक्रमलाई नेपाल सरकारका पूर्व सचिव एवम् सूचना आयोगका पूर्व प्रमुख आयुक्त कृष्णहरी बास्कोटा, प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे लगायतले सहजीकरण गरेका थिए ।



स्थानीय तहले प्रदान गरेका सेवाको गुणस्तरमा सुधार गर्न, स्थानीय तहद्वारा सञ्चालन गरिएका कार्यक्रममा पारदर्शीता अभिबृद्धि गर्न एवम् स्थानीय तहका नीति, कार्यक्रमले जनताको सामाजिक आर्थिक अवस्थामा पारेको प्रभाव विश्लेषण गरी आगामी दिनको मार्गचित्र तय गर्न सहयोग पुऱ्याउने उद्देश्यले सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण जस्ता औजारको अवधारणा, स्थानीय तहमा प्रयोगको अवस्था र तिनको प्राविधिक पक्षका बारेमा छलफल, अन्तरक्रिया र अभिमुखीकरण गरिएको थियो । उक्त कार्यक्रमले सबै स्थानीय तहमा सामाजिक जवाफदेहीता प्रवर्द्धन सम्बन्धी कार्यविधि निर्माण गरी सामाजिक जवाफदेहीताका औजारहरू कार्यान्वयन गर्नुपर्ने निष्कर्ष निकालेको थियो । उक्त कार्यक्रमले नागरिक निगरानीको प्रवर्द्धन गर्न, स्थानीय तहका सेवालाई जनताप्रति उत्तरदायी बनाउन तथा स्थानीय शासनको सुदृढिकरण गर्न प्रयोग गरिने सामाजिक जवाफदेहिताका औजारको सहि तरिकाबाट कार्यान्वयन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।



सामाजिक जवाफदेहिता तालिम

समाधान संवाददाता
पोखरा, २९ चैत

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा गण्डकी प्रदेश अन्तर्गतका स्थानीय तहका लागि सामाजिक जवाफदेहिता सम्बन्धी एक दिवसीय अभीमुखीकरण चैत २८ गते पोखरामा सम्पन्न भयो । प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, लम्जुङ र गोरखा जिल्लाका ४४ वटा स्थानीय तहका प्रमुख/अध्यक्ष तथा प्रमुख प्रशासकीय गरी जम्मा ६३ जनाको सहभागिता थियो ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्य प्रचलित कानुनले निर्दिष्ट गरेका सुशासन र सामाजिक जवाफदेहिताका प्रावधानहरुलाई स्थानीय तहमा प्रभावकारी रुपमा कार्यान्वयन गरी नागरीक सन्तुष्टि अभिवृद्धि गर्न स्थानीय तहलाई सहजीकरण गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

अभिमुखीकरण कार्यक्रमलाई सूचना आयोगका पूर्व प्रमुखआयुक्त कृष्णहरि बास्कोटा, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे लगायतले सहजीकरण गरेका थिए । स्थानीय तहले सामाजिक जवाफदेहिता सम्बन्धी कार्यविधि निर्माण गरी आफूले प्रवाह गरेको सेवाको गुणस्तरमा सुधार गर्नुपर्ने, स्थानीय तहमा कार्यान्वयन गरिने योजनाहरुको प्रभावकारिता बढाउन थप कार्य गर्नुपर्ने बारेमा कार्यक्रममा छलफल भएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मुख्यमन्त्री अधिकारीले सामाजिक जवाफदेहिता कायम गर्न सके स्थानीय तहमा पारदर्शिताका साथसाथै सुशासन समेत प्रवर्द्धन हुने विश्वास व्यक्त गरे । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले प्रतिष्ठानले प्रदेश स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिका लागि विगत ३ वर्ष देखि निरन्तर क्रियाशील रहेको धारणा राखेका थिए ।

प्रतिष्ठानले प्रदेश र स्थानीय तहमा निर्वाचित पदाधिकारी रकर्मचारी गरी १५ हजारभन्दा बढीलाई विभिन्न किसिमका प्रशिक्षण प्रदान गरेको छ ।



## (ङ) जिल्ला समन्वय समितिका पदाधिकारीको अभिमुखीकरण

नेपालको संविधानको धारा २२० मा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरू बीच समन्वय गर्न जिल्ला सभाको व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ । स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्ने, सरकारी र गैर सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरूको व्यवस्थापन, प्रभावकारिता र प्रतिफल अनुगमन गरी समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गराउन आवश्यक सुझाव र मार्गदर्शन दिने, गाउँपालिका र नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने, स्थानीय तहहरू बीच समन्वय गर्ने, विवाद समाधानका लागि सहजीकरण गर्ने, विकास निर्माणको कार्यमा सन्तुलन भए नभएको अध्ययन, अनुसन्धान गरी संघ, प्रदेश र स्थानीय सरकारलाई सुझाव र प्रतिवेदन दिने, बार्षिक समीक्षा कार्यक्रमहरू गरी राय सुझाव दिने लगायतका कार्यहरू तोकिएका छन् ।



तीनै तहको सरकार बीच समन्वय गर्नको लागि महत्वपूर्ण कडीको रुपमा रहेको जिल्ला समन्वय समितिको नेतृत्वमा रहेका नवनिर्वाचित पदाधिकारीहरूलाई उनीहरूको संवैधानिक र कानूनी भूमिका निर्वाह गर्न सक्षम बनाउने, अनुगमन तथा मूल्याङ्कनका बारेमा अभिमुखीकरण गर्ने एवम् स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनका बारेमा जानकारी गराउने उद्देश्यले २०७९ चैत्र ७ गते गण्डकी प्रदेशका सबै जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र दुई जना सदस्यका लागि एक दिने अभिमुखीकरण सम्पन्न भयो । निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले शुभारम्भ गर्नु भएको उक्त कार्यक्रमलाई नेपाल सरकारका पूर्व मुख्य सचिव डा. सोमलाल सुवेदी र प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहजीकरण गरेका थिए ।



## (च) वडास्तरीय रुपान्तरणकारी नेतृत्व विकास तालिम

वडा समितिका सदस्य, टोल विकास संस्थाका पदाधिकारी एवम् वडास्तरीय विभिन्न संघ संस्थाका प्रमुखहरूलाई सामुदायिक विकासका क्रियाकलापको अगुवाई गर्न, नागरिक निगरानीकर्ताको भूमिका निर्वाह गर्न एवम् सामाजिक जवाफदेहिता कायम गर्न सक्षम बनाउने उद्देश्यले दुई दिने रुपान्तरणकारी नेतृत्व विकास सम्बन्धी तालिम परीक्षणका रुपमा कास्की जिल्लाको मादी गाउँपालिकाको वडा नं. १२, रुपा गाउँपालिकाको वडा नं. ७, अन्नपूर्ण गाउँपालिकाको वडा नं. ६ र माछापुछ्रे गाउँपालिकाको वडा नं. ९ मा सम्पन्न भयो । उक्त तालिम वडाको समग्र विकासको खाका कोर्न, विकासका काममा पारदर्शिता कायम गर्न र समसामयिक विषयमा स्थानीय समुदायका आवाजहरू मुखरित गर्न कोसेढुँगा सावित भएको छ । तालिमको विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

| District | Name of Local Level | Date | No. of Participants | | |
|---|---|---|---|---|---|
| | | | Male | Female | Total |
| Kaski | Annapurna RM Ward no. 6 | 9-10 April, 2023 | 37 | 25 | 62 |
| Kaski | Machhapuchhre RM Ward no. 9 | 11-12 April, 2023 | 32 | 47 | 79 |
| Kaski | Madi RM Ward no. 12 | 20-21 April, 2023 | 35 | 23 | 58 |
| Kaski | Rupa RM Ward no. 7 | 11-12 May, 2023 | 32 | 25 | 57 |
| **Total** | | | **136** | **120** | **256** |

उक्त तालिममा १३६ पुरुष र १२० जना महिला गरी जम्मा २५६ जनाको सहभागिता रहेको थियो ।

## (छ) सार्वजनिक खरिद सम्बन्धी तालिम

गण्डकी प्रदेश सरकारका जिल्लास्थित कार्यालय र स्थानीय तहमा खरिद सम्बन्धी जिम्मेवारीमा रहेका कर्मचारीहरूका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी ३ दिने तालिम पोखरामा सम्पन्न भयो । सार्वजनिक खरिदलाई कानूनी प्रक्रियाको रुपमा मात्र नलिई सार्वजनिक जवाफदेहिताको औजारको रुपमा समेत संस्थागत गरी हरेक सार्वजनिक निकायले पारदर्शी, प्रभावकारी, व्यवस्थित एवम् परिणाममुखी ढङ्गले खरिद कार्य सम्पादन गर्न आवश्यक सैद्धान्तिक एवम् व्यवहारिक





ज्ञान, सीप अभिबृद्धि गर्ने उद्देश्यले आयोजित उक्त तालिममा सार्वजनिक खरिद सम्बन्धी कानूनी व्यवस्थाका साथै विभिन्न किसिमका खरिदका विधि, प्रक्रिया, आवश्यक कागजात तयारी, सम्झौता व्यवस्थापन, भुक्तानी प्रक्रिया लगायत समग्र बिषयलाई समेटिएको थियो । तालिम पश्चात् सम्बन्धित सार्वजनिक निकायको खरिद प्रक्रिया प्रभावकारी भई कार्यालयको कार्यसम्पादनमा सुधार तथा बेरुजु शून्य-उन्मुख हुने अपेक्षा गरिएको छ । जिल्लास्थित कार्यालयका लागि ३ समूहमा १०३ जना र स्थानीय तहका लागि दुई समूहमा ६१ जना गरी चालु आ.व.मा जम्मा १६४ जनालाई सार्वजनिक खरिदको तालिम प्रदान गरिएको छ ।

### (ज) स्थानीय तहका विषयगत समितिका सदस्यको तालिम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायतका समिति गठन गर्न सकिने व्यवस्था गरेको छ भने स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दीग्दर्शन, २०७४ ले स्थानीय तहमा आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी पाँच वटा विषयगत समितिहरू गठन गर्न सकिने व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार गठित समितिका संयोजकहरूको जिम्मेवारी, भूमिका र कर्तव्य बोध गराउने उद्देश्यले प्रतिष्ठानको आयोजना तथा सम्बन्धित जिल्ला समन्वय समितिको समन्वयमा २ दिने तालिम म्याग्दी, गोरखा र पर्वत जिल्लामा सम्पन्न भएका छन् । उपरोक्त कार्यक्रमबाट १६ जना महिला तथा ९९ जना पुरुष गरी कुल ११५ जना लाभान्वित भएका छन् ।

### (झ) स्थानीय तहका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली तालिम

गण्डकी प्रदेश अन्तरगतका ८५ वटै स्थानीय तहका शिक्षा शाखा प्रमुखहरूका लागि लक्षित गर्दै एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी तालिम कार्यक्रम प्रतिष्ठानको आयोजनामा मिति २०८०।०२।२४ र २५ गते पोखरामा सम्पन्न भयो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा आयोजित शुभारम्भ सत्रमा गण्डकी प्रदेश सरकार,





सामाजिक विकास तथा स्वास्थ्य मन्त्री माननीय सुशिला सिंखडाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भक्तपुरका प्रशिक्षकबाट सहजीकरण गर्ने व्यवस्था मिलाइएको थियो । कार्यक्रममा ६२ जना पुरुष र १७ जना महिला सहित कुल ७९ जनाको सहभागिता रहेको थियो ।

### (ञ) इन्टरनेट र नेटवर्किङ तालिम

गण्डकी प्रदेश अन्तर्गतका मन्त्रालय तथा प्रदेशस्तरीय कार्यालयमा कार्यरत कम्प्यूटर अपरेटर तथा कम्प्यूटर अधिकृतहरूका लागि कम्प्यूटर नेटवर्किङ तथा इन्टरनेटसँग सम्बन्धित विषयमा मिति २०८०।०२।२१ देखि २३ सम्म ३ दिने तालिम सम्पन्न भयो । उक्त  कार्यक्रममा ५ जना महिला  र ९ जना पुरुष गरी जम्मा १४ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । व्यवहारिक अभ्यासका रुपमा आयोजित उक्त तालिमले कार्यालयहरूमा आउने इन्टरनेट तथा नेटवर्किङ सम्बन्धी समस्या समाधान गर्न उपयोगी हुने अपेक्षा गरिएको छ ।



### (ट) सवारी चालक, सुरक्षा गार्ड र कार्यालय सहयोगीको अभिमुखीकरण

प्रदेश सरकारका मन्त्रालय तथा प्रदेशस्तरीय कार्यालयका हलुका सवारी चालकहरूका लागि एक दिने अभिमुखीकरण कार्यक्रम २०७९ फागुन १८ गते पोखरामा सम्पन्न भयो । कार्यक्रममा सवारी सञ्चालन सम्बन्धी सुरक्षा एवम् सतर्कता र सवारी चालकको कार्यविवरण तथा दैनिक कार्यसम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधिका बारेमा सहभागीहरूलाई अभिमुखीकरण गरिएको थियो । प्रदेश ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी सहजीकरण गरिएको उक्त कार्यक्रममा जम्मा २८ जना सवारी चालकहरू (सबै पुरुष) को सहभागिता रहेको थियो ।



त्यसैगरी, प्रदेश मन्त्रालय तथा प्रदेशस्तरीय कार्यालयका कार्यालय सहयोगी तथा सुरक्षा गार्डहरूको कार्यविवरण र कार्यसम्पादन कार्यविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम चालु आ.व.मा सम्पन्न भयो । उक्त अभिमुखीकरण कार्यक्रममा कर्मचारीको भूमिका, निजामती कर्मचारीको आचार संहिता, कार्यालय सहयोगीहरूको विभिन्न ७ किसिमका विषयक्षेत्रगत कार्य विवरण, आतिथ्यता र सुरक्षा

गार्डको कार्यविवरणको बारेमा अभिमुखीकरण तथा छलफल गरिएको थियो । कार्यक्रममा १९ पुरुष र १० महिला गरी जम्मा २९ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।



प्रतिष्ठानले तयार गरी प्रकाशन गरेको सवारी चालक, सुरक्षा गार्ड र कार्यालय सहयोगीहरूको कार्यसञ्चालन कार्यविधि (SOP) लाई कार्यान्वयनमा ल्याउने सिलसिलामा यी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएका थिए । प्रतिष्ठानले क्षमता विकासका वैकल्पिक र किफायती औजारहरूको विकास र प्रयोग गर्दै जाने रणनीति अनुरुप कार्यसञ्चालन कार्यविधि (SOP) निर्माण सुरु गरेको छ ।

## (ठ) सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी तालिम

गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा स्थानीय तहका पञ्जीकाधिकारी (वडा सचिव) हरूलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी २ दिने तालिम पोखरामा सम्पन्न भयो । तालिममा सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताका कानूनी व्यवस्था, व्यवहारिक समस्या र प्राविधिक अभ्यासलाई मुख्य रुपमा छलफल गरिएको थियो । यस तालिमबाट वडा कार्यालयहरूको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुगेको छ ।

माघ २२-२३ र २४-२५ गते दुई दुई समूह गरी जम्मा ४ समूहमा सञ्चालन भएको उक्त तालिममा कास्की, म्याग्दी र मुस्ताङ जिल्लाका सबै स्थानीय तहका सबै वडा सचिवहरूलाई सहभागी गराइएको थियो । यसबाट ८१ पुरुष र ४१ महिला गरी जम्मा १२२ जना वडा सचिवहरू लाभान्वित भएका



### वडा सचिवलाई तालिम

समाधान संवाददाता
पोखरा, २५ माघ

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा कास्की, म्याग्दी र मुस्ताङका स्थानीय तहमा कार्यरत वडा सचिवका लागि २ दिने सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी तालिम भएको छ । तालिमको पहिलो चरणमा कास्कीका स्थानीय तहका ६८ वडा सचिवको सहभागिता थियो ।

मंगलबार र बुधवार भएको दोस्रो चरणको कार्यक्रममा म्याग्दी र मुस्ताङ जिल्लाका स्थानीय तहका ५३ वडा सचिव सहभागी थिए । सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमसँग सम्बन्धित विद्यमान ऐन, नियम, कार्यविधि र कार्यप्रक्रियाका बारेमा जानकारी दिन तालिम आयोजना गरिएको हो ।

कार्यक्रममा सामाजिक सुरक्षा ऐन, नियमावली, कार्यविधि, परिपत्र, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली लगायत अन्य समसामयिक एवं प्राविधिक विषयमा छलफल गरिएको थियो । सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका लागि प्रयोग हुने अनलाइन प्रणालीको बारेमा प्रयोगात्मक अभ्यास गराइएको थियो ।

प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले व्यक्तिगत घटना दर्ता कार्यक्रम कार्यान्वयनको जिम्मा स्थानीय सरकारको भएकाले यी दुवै विषयमा स्थानीय तहमा कार्यरत कर्मचारीको क्षमता विकास हुने बताए । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँगको सहकार्यमा स्थानीय तहको मागलाई मध्यनजर गरी तालिम आयोजना गरिएको उनको भनाइ छ ।

सहभागीले तालिमबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी कानुनी व्यवस्था, प्रक्रिया र अनलाइन प्रविधिबारे जानकारी पाएको बताउ । उनीहरुले तालिमले दैनिक कार्यसम्पादन गर्दा आईपरेका कठिनाई तथा अन्योलको निदान गर्न सहयोग गरेको जनाए ।

छन् । तालिमलाई राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागका प्रशिक्षकहरूले सहजीकरण गरेका थिए ।

## (ड) वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम

गण्डकी प्रदेशका जिल्लास्तरीय कार्यालय र स्थानीय तहका प्राविधिक कर्मचारीहरूलाई वातावरणीय प्रभाव मूल्याङ्कन (IEE, EIA, BES) सम्बन्धी ३ दिने तालिम यस आ.व.मा सम्पन्न भयो । वातावरणीय मूल्याङ्कन सम्बन्धी कानूनी व्यवस्था, यसको आवश्यकता र महत्व, पूर्वाधार विकासका आयोजनाहरू निर्माण गर्नु पूर्व वातावरणीय मूल्याङ्कन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा प्रक्रिया, प्रतिवेदन तयारी लगायतका विषयमा उक्त तालिमका सत्रहरू केन्द्रित गरिएको थियो । प्रदेश र स्थानीय तहमा पूर्वाधार निर्माण आयोजनाहरूको कार्यान्वयन गर्दा यस विषयमा कम ध्यान जाने र आयोजना निर्माण तथा तत्पश्चात् वातावरणमा प्रतिकूल असर परिरहेको परिप्रेक्षमा उक्त तालिमको आयोजना गरिएको हो । जिल्ला स्थित कार्यालयका लागि एक समूह र स्थानीय तहका लागि दुई समूहमा सञ्चालित उक्त तालिममा जिल्ला कार्यालयका २६ जना र स्थानीय तहका ५६ जना प्राविधिक कर्मचारीहरूको सहभागिता रहेको थियो ।







## (त) प्रदेश बाल परिषद् र बालअधिकार समितिको क्षमता विकास तालिम

गण्डकी प्रदेश बालपरिषद्का पदाधिकारीहरूको लागि क्षमता विकास कार्यक्रम २०७९ माघ १३ गते पोखरामा सम्पन्न भयो । गण्डकी प्रदेशका ११ जिल्लाका बाल समितिबाट प्रतिनिधित्व हुने उक्त परिषद्का सदस्य (बालबालिका) हरूलाई बाल-अधिकार, बालसंरक्षण, बालविकास, बालसहभागिता, बालमैत्री स्थानीय शासन र बालक्लबहरूको संस्थागत विकासको बिषयमा अभिमुखीकरण गरिएको थियो ।

बाल अधिकारको क्षेत्रमा क्रियाशील प्रशिक्षक तथा प्रतिष्ठानका सहजकर्ताहरूबाट बिषयगत शत्रको सहजीकरण गरिएको थियो । उक्त कार्यक्रममा परिषद्का जम्मा २८ जना सदस्यको सहभागिता रहेको थियो जसमध्ये १८ जना बालक र १० जना बालिका रहेका थिए ।

त्यसैगरी, प्रदेश वाल अधिकार समितिका सदस्यहरूका लागि क्षमता विकास तालिम समेत यसै आ.व. मा सम्पन्न भएको छ । उक्त तालिममा १३ जना महिला र ११ जना पुरुष गरी जम्मा २४ जना कर्मचारीको सहभागिता रहेको थियो । बाल क्लव र बाल सञ्जालहरूको रेखदेख, परिचालन र क्षमता विकासका लागि गठन भएको बाल अधिकार समितिको बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा महत्वपूर्ण भुमिका रहने हुनाले समितिका सदस्यहरूलाई उक्त तालिम प्रदान गरिएको हो ।




## (द) लैङ्गिक हिंसा विरुद्धको अभियानमुखी कार्यक्रम

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (मंसिर ९ देखि २४ गते सम्म) को अवसरमा यस सम्बन्धी कानूनी सचेतना, सरोकारवाला बीच अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू आयोजना भयो । गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, स्थानीय तह तथा दलित महिला संघ, जिल्ला शाखा कास्कीसँगको समन्वय तथा सहकार्यमा चालु आ.व. मा ३ वटा कार्यक्रमहरू सम्पन्न भए । यी कार्यक्रमहरूमा ६ जना जनप्रतिनिधि, १३२ जना कर्मचारी र ५२ जना अन्य सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरू गरी कुल १९० जनाको सहभागिता रहेको थियो ।

## (ध) अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सचेतना कार्यक्रम

११३औं अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) को अवसरमा स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीयस्तरका विभिन्न संघसंस्था, संजाल, समिति, समूह एवम् स्थानीय नागरिक अगुवाहरूलाई लक्षित गरी एक दिवसीय अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम आयोजना भयो । सो अवसरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैङ्गिक हिंसा सम्बन्धी कानूनी व्यवस्था र लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक हिंसा अन्त्यका लागि स्थानीय नेतृत्वको भूमिका विषयमा अभिमुखीकरण तथा अन्तरक्रिया गरिएको थियो । पोखरा महानगरपालिकाको ५ र २१ नम्बर वडा कार्यालय तथा दलित महिला संघ, शाखा कार्यालय कास्कीसँगको समन्वय एवम् सहकार्यमा फागुन २३ र २६ गते आयोजित कार्यक्रममा जम्मा ११९ जनाको सहभागिता रहेको थियो ।

## ४.२.२ स्थानीय तहको शासकीय क्षमता अभिबृद्धिमा सहयोग

### (क) स्थानीय तहको आवधिक योजना तर्जुमा

स्थानीय तहको पहिलो कार्यकाल सम्पन्न भई दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न भइसकेको छ। तथापि, कतिपय स्थानीय तहको हालसम्म पनि आवधिक योजना तयार हुन सकेको छैन। प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूको आवधिक योजना तर्जुमा गर्न सहयोग गर्ने प्रदेश सरकारको नीति अनुसार प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगम वितग वर्षहरूमा ३३ वटा स्थानीय तहमा आवधिक योजना निर्माण भएको थियो भने आवधिक योजना तर्जुमा गर्न बाँकी रहेका ५ स्थानीय तहसँग चालु आ.व.मा आवधिक योजनाका लागि समझदारी भएको थियो।

स्थानीय तहको अगुवाइमा संघीय सरकारको पन्ध्रौं योजना तथा प्रदेश सरकारको पहिलो आवधिक योजनासँग तादत्म्यता कायम गरी राष्ट्रिय योजना आयोगले तयार गरेको आवधिक योजना तर्जुमाको ढाँचा एवम् प्रदेश नीति तथा योजना आयोगको मार्गदर्शनको अनुसरण गरी चालु आ.व. मा ५ वटा स्थानीय तहले आफ्नो आवधिक योजना तर्जुमाको कार्य सम्पन्न गरेका छन्। उक्त योजनाका लागि प्रतिष्ठान मार्फत् दश लाख रुपयाँको आर्थिक सहयोग गर्ने गरी २०७९ मंशिर ९ गते स्थानीय तह र प्रतिष्ठानका बीच समझदारी भएको थियो। चालु आ.व. मा आवधिक योजना निर्माण गरेका स्थानीय तहको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| आवधिक योजना | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
| १ | बागलुङ | जैमिनी नगरपालिका | सम्पन्न |
| २ | गोरखा | सिरानचोक गाउँपालिका | सम्पन्न |
| ३ | मुस्ताङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | सम्पन्न |
| ४ | नवलपुर | गैंडाकोट नगरपालिका | सम्पन्न |
| ५ | स्याङ्जा | बिरुवा गाउँपालिका | सम्पन्न |

आवधिक योजनाको गुणस्तर सुनिश्चित गर्न प्रतिष्ठानद्वारा आवश्यक प्राविधिक सहयोग र पृष्ठपोषण गर्ने व्यवस्था मिलाईएको थियो। चालु आ.व.को समेत गरी हालसम्म प्रतिष्ठानको आर्थिक एवम् प्राविधिक सहयोगमा ३८ वटा स्थानीय तहको आवधिक योजना निर्माण भएका छन्।

### (ख) स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण

स्थानीय तहको आन्तरिक आयको वर्तमान अवस्थाको विश्लेषण गर्ने, राजस्वका संभावनाहरूको पहिचान गर्ने र संभावित श्रोतहरूको अधिकतम प्रयोग मार्फत् स्थानीय तहको आन्तरिक आयबृद्धिको

समयबद्ध योजना तर्जुमा गर्ने उद्देश्यले यस आर्थिक वर्षमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् १५ वटा स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण गर्ने योजना रहेकोमा १४ वटा स्थानीय तहले त्यस्तो कार्य सम्पन्न गरेका छन् । यसका लागि स्थानीय तह र प्रतिष्ठान बीच स्थानीय तहको अग्रसरतामा कार्य सम्पन्न गर्ने गरी समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णय बमोजिम प्रति स्थानीय तह पाँच लाख रुपयाँ सम्मको आर्थिक सहयोग प्रतिष्ठान मार्फत् उपलब्ध गराउने र राजस्व सुधार कार्य योजना निर्माणको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा राजस्व सुधार कार्ययोजना तयार गरेका स्थानीय तहको विवरण देहाय बमोजिम रहेको छ ।

| राजस्व सुधार कार्ययोजना | | | |
|---|---|---|---|
| क्र.सं | जिल्ला | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
| १ | मनाङ | चामे गाउँपालिका | सम्पन्न |
| २ | पर्वत | पैयुँ गाउँपालिका | सम्पन्न |
| ३ | बागलुङ | तमानखोला गाउँपालिका | सम्पन्न |
| ४ | पर्वत | मोदी गाउँपालिका | सम्पन्न |
| ५ | म्याग्दी | रघुगंगा गाउँपालिका | सम्पन्न |
| ६ | स्याङ्जा | फेदिखोला गाउँपालिका | सम्पन्न |
| ७ | स्याङ्जा | हरिनास गाउँपालिका | सम्पन्न |
| ८ | म्याग्दी | धवलागिरि गाउँपालिका | सम्पन्न |
| ९ | स्याङ्जा | चापाकोट नगरपालिका. | सम्पन्न |
| १० | बागलुङ | बरेङ गाउँपालिका | सम्पन्न |
| ११ | नवलपुर | कावासोती नगरपालिका | सम्पन्न |
| १२ | गोरखा | भिमसेन थापा गाउँपालिका | सम्पन्न |
| १३ | कास्की | अन्नपूर्ण गाउँपालिका | सम्पन्न |
| १४ | गोरखा | धार्चे गाउँपालिका | सम्पन्न |
| १५ | लमजुङ | सुन्दरबजार नगरपालिका | सम्पन्न हुन नसकेको |

स्थानीय तहको माग बमोजिम उक्त योजना निर्माणका लागि सहयोग गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागिता र स्वामित्वमा निर्माण गरिएका उपरोक्त योजनाको कार्यान्वयनबाट स्थानीय तहको आर्थिक सक्षमता अभिबृद्धि र वित्तीय दीगोपनामा योगदान पुग्ने अपेक्षा गरिएको छ। प्रतिष्ठानको सहयोगमा हालसम्म ४७ वटा स्थानीय तहको राजस्व सुधार कार्य योजना निर्माण भएका छन् ।

## (ग) स्थानीय तहको लैससास रणनीति निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई विकासमा मूलप्रवाहीकरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैससासमैत्री बनाउन, संवैधानिक एवम् कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश सुशासन ऐन, २०७६ को दफा ४३ बमोजिम गण्डकी प्रदेश सरकारले तर्जुमा गरेका लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्न योगदान गर्ने उद्देश्यले चालु आ.व. मा २० स्थानीय तहमा लैससास मूलप्रवाहीकरण रणनीति तर्जुमा गर्ने योजना रहेकोमा १९ स्थानीय.तहले सो योजना निर्माण गरेका छन् । यसका लागि स्थानीय तह र प्रतिष्ठान बीच स्थानीय तहको अग्रसरतामा कार्य सम्पन्न गर्ने गरी समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णय बमोजिम प्रति स्थानीय तह दुई लाख रुपयाँ सम्मको आर्थिक सहयोग प्रतिष्ठान मार्फत् उपलब्ध गराउने र लैससास रणनीति निर्माणको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा लैससास रणनीति तर्जुमा गरेका स्थानीय तहको विवरण देहाय बमोजिम रहेको छ ।

| लैससास रणनीति | | | |
|---|---|---|---|
| क्र.सं | जिल्ला | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
| १ | गोरखा | पालुङटार नगरपालिका | सम्पन्न |
| २ | तनहुँ | ऋषिङ गाउँपालिका | सम्पन्न |
| ३ | स्याङ्जा | कालीगण्डकी गाउँपालिका | सम्पन्न |
| ४ | म्याग्दी | मंगला गाउँपालिका | सम्पन्न |
| ५ | म्याग्दी | रघुगंगा गाउँपालिका | सम्पन्न |
| ६ | गोरखा | भिमसेनथापा गाउँपालिका | सम्पन्न |
| ७ | गोरखा | चुमनुब्री गाउँपालिका | सम्पन्न |
| ८ | तनहुँ | म्याग्दे गाउँपालिका | सम्पन्न |
| ९ | पर्वत | मोदी गाउँपालिका | सम्पन्न |
| १० | स्याङ्जा | चापाकोट नगरपालिका | सम्पन्न |

| लैससास रणनीति | | | |
|---|---|---|---|
| क्र.सं | जिल्ला | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
| ११ | मनाङ | चामे गाउँपालिका | सम्पन्न |
| १२ | म्याग्दी | धवलागिरी गाउँपालिका | सम्पन्न |
| १३ | बागलुङ | बरेङ गाउँपालिका | सम्पन्न |
| १४ | पर्वत | माहाशिला गाउँपालिका | सम्पन्न |
| १५ | पर्वत | पैयुँ गाउँपालिका | सम्पन्न |
| १६ | गोरखा | सिरानचोक गाउँपालिका. | सम्पन्न |
| १७ | मुस्ताङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | सम्पन्न |
| १८ | लमजुङ | मध्यनेपाल नगरपालिका | सम्पन्न |
| १९ | बागलुङ | ताराखोला गाउँपालिका | सम्पन्न |
| २० | गोरखा | गण्डकी गाउँपालिका | सम्पन्न हुन नसकेको |

स्थानीय तहको माग बमोजिम उक्त योजना निर्माणमा सहयोग गरिएको थियो । स्थानीय तह बाट विज्ञ परामर्शदाता छनौट गरी सो कार्यका लागि परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागिता र स्वामित्वमा निर्माण गरिएका उपरोक्त योजनाको कार्यान्वयनबाट स्थानीय तहमा लैससास मूलप्रवाहीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ । प्रतिष्ठानको सहयोगमा हालसम्म ६३ वटा स्थानीय तहको लैससास रणनीति निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग पुगेको छ ।

## (घ) स्थानीय तहको क्षमता विकास योजना निर्माण

नेपालको संविधान र प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकारको प्रयोग गरी उत्तरदायीपूर्ण ढंगबाट कार्यसम्पादन गर्न निर्वाचित पदाधिकारी एवम् कर्मचारीहरूको कार्यदक्षता बृद्धिको लागि क्षमता विकासको वर्तमान अवस्थाको लेखाजोखा गर्न, प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, दक्षता र विद्यमान क्षमता बीचको फरक पहिचान गरी क्षमता विकासका कार्यक्रम तर्जुमा गर्न, सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको अनुसरण तथा प्रयोग गर्न, संस्थागत विकास तथा मानव संशाधन विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको कार्यनीति निर्धारण गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत १५ वटा स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा गर्ने कार्यक्रम रहेकोमा चालु आ.व.मा जम्मा १४ वटा स्थानीय तहले उक्त योजना निर्माणको कार्य सम्पन्न गरेका छन् ।

उल्लिखित योजना निर्माणका लागि स्थानीय तह र प्रतिष्ठान बीच समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णय बमोजिम प्रतिष्ठान मार्फत् प्रति स्थानीय तह पाँच लाख रुपयाँ सम्मको आर्थिक एवम् आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने र योजना निर्माणको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा प्रतिष्ठानसँग समझदारी गरेका र कार्य सम्पन्न गरेका स्थानीय तहको विवरण देहाय बमोजिम रहेको छ ।

| क्षमता विकास योजना | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | समझदारी गरेका स्थानीय तह | कामको प्रगति |
| १ | गोरखा | चुमनुब्री गाउँपालिका | सम्पन्न |
| २ | गोरखा | गण्डकी गाउँपालिका | सम्पन्न |
| ३ | पर्वत | महाशिला गाउँपालिका | सम्पन्न |
| ४ | बागलुङ | ताराखोला गाउँपालिका | सम्पन्न |
| ५ | बागलुङ | ढोरपाटन नगरपालिका | सम्पन्न |
| ६ | गोरखा | दूधपोखरी गाउँपालिका | सम्पन्न |
| ७ | पर्वत | कुश्मा नगरपालिका | सम्पन्न |
| ८ | कास्की | मादी गाउँपालिका | सम्पन्न |
| ९ | स्याङ्जा | वालिङ नगरपालिका | सम्पन्न |
| १० | पर्वत | जलजला गाउँपालिका | सम्पन्न |
| ११ | म्याग्दी | मालिका गाउँपालिका | सम्पन्न |
| १२ | तनहु | भिमाद नगरपालिका | सम्पन्न |
| १३ | लमजुङ | राइनास नगरपालिका | सम्पन्न |
| १४ | तनहुँ | म्याग्दे गाउँपालिका | सम्पन्न |
| १५ | मुस्ताङ | थासाङ गाउँपालिका | सम्पन्न हुन नसकेको |

स्थानीय तहको माग बमोजिम उक्त योजना निर्माणमा सहयोग गरिएको थियो । स्थानीय तहबाट विज्ञ परामर्शदाता छनौट गरी सो कार्यमा परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागिता र स्वामित्वमा निर्माण गरिएका उपरोक्त योजनाको कार्यान्वयनबाट भर्खरै निर्वाचित जनप्रतिनिधिको क्षमता विकास र स्थानीय तहको संस्थागत क्षमता सुदृढिकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ । प्रतिष्ठानको सहयोगमा हालसम्म ३४ स्थानीय तहको क्षमता विकास योजना निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग पुगेको छ ।

## (ख) सवाल केन्द्रित संवाद

सवाल केन्द्रित संवाद मार्फत् नीतिगत पृष्ठपोषण प्रतिष्ठानको एउटा महत्वपूर्ण विषयगत क्षेत्र हो । समसामयिक सवालहरूमा सरोकारवालासँग छलफल तथा संवाद कार्यक्रमको आयोजना गर्ने र त्यस्ता छलफलबाट आएका निष्कर्षलाई विभिन्न तहका सरकारलाई नीतिगत तथा कार्यक्रमिक रुपमा पृष्ठपोषण गर्ने उद्देश्यका साथ विगत वर्षहरूदेखि गरिएको सवाल केन्द्रित संवाद कार्यक्रमले यस वर्ष पनि निरन्तरता पायो । यस आ.व.मा आयोजना गरिएका संवाद कार्यक्रमहरू निम्न बमोजिम रहेका छन् ।

### (१) गुण व्यवस्थापन प्रणाली सम्बन्धी संवाद कार्यक्रम

(व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार) को मूल मान्यतालाई अंगिकार गरेको प्रतिष्ठानले स्थापनादेखि नै गुण व्यवस्थापन प्रणाली अवलम्बन गर्दै आइरहेको छ । प्रतिष्ठानले गुण व्यवस्थापन प्रणालीको सुनिश्चितताका लागि ISO 9001:2015 अंगिकार गरेको छ । तर, क्षमता विकासको क्षेत्रमा काम गर्ने सबै निकायले गृण व्यवस्थापन प्रणालीको अवलम्बन नगरे सम्म क्षमता विकासका कार्यक्रमको सहि मुल्य (best value for money) सुनिश्चित गर्न संभव छैन । यसै तथ्यलाई आत्मसात गरी प्रतिष्ठानको अगुवाईमा सरकारी निकायका तालिम प्रदायक संस्थाहरू, शैक्षिक संस्थाहरू र नीजि क्षेत्रको समेत सहभागितामा क्षमता विकासमा गुण व्यवस्थापन प्रणालीको आवश्यकता र औचित्य सम्बन्धमा संवाद कार्यक्रम सम्पन्न भयो । यस छलफल तथा संवाद कार्यक्रममा गण्डकी विश्वविद्यालय, जनप्रिय क्याम्पस, प्रतिभा माध्यामिक विद्यालय, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान, पोखरा उद्योग बाणिज्य संघ, ला-ग्राण्डी कलेज, लेखनाथ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति लगायतको उपस्थिति रहेको थियो ।

उक्त छलफल कार्यक्रमलाई National Certification and Management Nepal Pvt. Ltd का निर्देशक जनार्दन शर्माले सहजीकरण गरेका थिए भने गुण व्यवस्थापन प्रणाली अवलम्बन गरेका गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, जनप्रिय क्याम्पस, प्रतिभा माध्यामिक विद्यालय लगायतले गृण व्यवस्थापन प्रणालीको औचित्य र महत्वका बारेमा आ–आफ्नो अनुभव प्रस्तुत गरेका थिए । कार्यक्रममा ५ महिला र २१ पुरुष गरी जम्मा २६ जनाको सहभागिता रहेको थियो । छलफलले क्षमता विकासको क्षेत्रमा काम गर्ने संस्था र शैक्षिक क्षेत्रले गृण व्यवस्थापन प्रणाली अवलम्बन गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।

## (२) स्थानीय तहको शासकीय क्षमता अभिबृद्धि सम्बन्धी संवाद कार्यक्रम

प्रतिष्ठानले स्थानीय तहको आवधिक विकास योजना, क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना र लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग प्रदान गर्दै आइरहेको छ। चालु आ.व सम्ममा ३८ स्थानीय तहको आवधिक विकास योजना, ४७ स्थानीय तहको राजस्व सुधार कार्ययोजना, ३४ स्थानीय तहको क्षमता विकास योजना र ६३ स्थानीय तहको लैससास रणनीति निर्माणमा प्रतिष्ठानले सहयोग गरेको छ। यसका अलावा, स्थानीय तहको मध्यमकालीन खर्च संरचना निर्माणका लागि छलफल, अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम आयोजना भएका छन्।






स्थानीय तह मार्फत् निर्माण भएका उल्लिखित दस्तावेजहरूको कार्यान्वयनको अवस्था र निर्माणाधिन दस्तावेजहरूमा ध्यान दिनुपर्ने पक्षहरूका सम्बन्धमा गण्डकी प्रदेशका सबै गाउँपालिका तथा नगरपालिका बीच २०७९ चैत्र ९ गते पोखरामा संवाद कार्यक्रम सम्पन्न भएको थियो। प्रदेश सरकारका तत्कालीन आर्थिक मामिला मन्त्री सिता कुमारी सुन्दासबाट औपाचारीक रुपमा उद्घाटन भएको उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेल, प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थ लगायतको उपस्थिति रहेको थियो। संवाद कार्यक्रमलाई प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे, विज्ञ प्रशिक्षक प्रेम दवाडी, विजय पन्त लगायतले सहजीकरण गरेका थिए। सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी स्थानीय तहको शासकीय क्षमता अभिबृद्धिका सावलहरूको पहिचान, निर्मित दस्तावेजहरूको कार्यान्वयनको अवस्था र आगामी दिनको मार्गचित्रका बारेमा छलफल गरिएको थियो।

स्थानीय तहको अघिल्लो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा बनेका योजना, कार्ययोजना तथा रणनीतिहरू स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित नयाँ जनप्रतिनिधिहरूलाई जानकारी गराउने एवम् तिनको कार्यान्वयनको अवस्था, चुनौति तथा अनुभव एवम् सिकाइ आदानप्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रमले

स्थानीय तहको शासकीय क्षमता अभिबृद्धिमा नीतिगत पृष्ठपोषण गर्न महत्वपूर्ण योगदान पुगेको छ । कार्यक्रममा स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गरी कुल १२४ जनाको सहभागिता रहेको थियो ।

### (३) वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध सम्बन्धी संवाद कार्यक्रम

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरू निर्धारण गरेको छ । संघ, प्रदेश र स्थानीय तहका लागि आवश्यक पर्ने स्रोतहरूको पहिचान, बाँडफाँट, खर्च, सोको अभिलेख, लेखा परीक्षण, स्थानीय, प्रदेश र संघको सञ्चित कोषको व्यवस्थापन, मौजुदा प्राकृतिक स्रोतको उपयोग र सोको समन्यायीक वितरण लगायतका कार्यको संवैधानिक व्यवस्था छ । समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित संघीयताको मोडलले तहगत सरकार बीचको अन्तरसम्बन्धलाई संवैधानिक एवम् कानूनी रुपले परिभाषित समेत गरेको छ ।

संघीयता, वित्तीय संघीयता, अन्तरसरकारी सम्बन्ध, Sub-National Governance जस्ता विषय नेपालका लागि नयाँ प्रयोग हुन् । त्यसैले, यस्ता विषयवस्तुहरूमा निर्वाचित जनप्रतिनिधिहरूसँग छलफल र संवाद आवश्यक छ । यसै वास्तविकतालाई मध्यनजर गरी प्रतिष्ठानको आयोजनामा प्रदेश सभाका माननीय सदस्यहरूसँग वित्तीय संघीयता, अन्तरसरकार सम्बन्ध, Sub-National Governance र प्रदेशमा कानून निर्माण प्रक्रियाका बारेमा २०८० जेष्ठ १७ गते संवाद कार्यक्रम सम्पन्न भयो ।

गण्डकी प्रदेश सभाका माननीय सभामुख कृष्णप्रसाद धितालको अध्यक्षता तथा प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यतामा सञ्चालन भएको कार्यक्रममा प्रदेश सरकारका माननीय मन्त्रीहरू, माननीय उपसभामुख, प्रदेश सभाका माननीय सदस्यहरू एवम् प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश सरकारका प्रमुख सचिव तथा सचिवहरू सहित ८७ जनाको उपस्थिति रहेको थियो । संवाद कार्यक्रममा




नेपालको संघीयता र वित्तीय संघीयता, Sub-National Governance, नेपालको संघीयतामा अन्तरसरकार सम्बन्ध सम्बन्धी सवाल तथा अभ्यास, प्रदेशमा कानून निर्माण प्रक्रिया र विधायकहरूको भूमिका जस्ता विषयहरूमा प्रतिनिधि सभाका माननीय सदस्य रमेश लेखक, राष्ट्रिय प्राकृतिक श्रोत

तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल लगायतका विज्ञ सहजकर्ताहरूबाट सहजीकरण भएको थियो। यसका साथै फोरम अफ फेडेरेशनका अन्तरसरकार सम्बन्ध विषयका विज्ञ Reuben Baatjies द्वारा संघीयतामा अन्तरसरकार सम्बन्ध सम्बन्धी दक्षिण अफ्रिकाको अनुभवको प्रस्तुतीकरण भएको थियो।



संवाद कार्यक्रमले नवनिर्वाचित प्रदेश सभाका सदस्यहरू बीच वित्तीय संघीयता, अन्तरसरकारी सम्बन्ध र प्रदेशमा कानून निर्माण प्रक्रियाका बारेमा साझा बुझाईको विकास गर्न महत्वपूर्ण भूमिका खेलेको छ भने प्रदेश कार्यपालिकाका लागि तहगत सरकारहरू बीच अन्तरसरकारी सम्बन्ध मजबुत बनाउन नीतिगत पृष्ठपोषण भएको छ।

# (ग) अध्ययन तथा अनुसन्धान

## (१) स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने प्रशिक्षणको व्यवस्था गर्न, प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन, प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापनलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन, प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिबृद्धि गर्न एवम् अन्य समसामयिक विषयवस्तुमा प्रदेश सरकार तथा स्थानीय तहलाई नीतिगत सुझाव प्रदान गर्न प्रतिष्ठानले अध्ययन अनुसन्धानका कार्य गर्दछ ।

तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा देखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई आवश्यकता अनुसार प्रशिक्षणमा समावेश गराउने एवम् सरोकारवाला समक्ष अध्ययनका निष्कर्ष प्रस्तुत गरी नीतिगत पृष्ठपोषण गर्ने अभिप्रायले गण्डकी प्रदेशको सन्दर्भमा अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन प्रतिष्ठानको पहिलो प्रयास थियो ।

चालु आर्थिक वर्षमा प्रतिष्ठानले स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र संभावना सम्बन्धी अध्ययन सम्पन्न गरेको छ । स्थानीय तहमा स्थानीय आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू कार्यावयनको अवस्था विश्लेषण गर्न एवम् स्थानीय आर्थिक विकासको अवधारणा कार्यान्वयनको सम्भावना पहिचान गरी संघ, प्रदेश र स्थानीय तहलाई नीतिगत पुष्ठपोषण गर्ने उद्देश्यले उक्त अध्ययन गरिएको हो । संघीय सरकार "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोंचलाई आत्मसात गरी अगाडि बढेको छ भने गण्डकी प्रदेश सरकार "समृद्ध प्रदेश, सुखी नागरिक" को परिकल्पना सहित आफ्नो गतिविधिहरूलाई कार्यान्वयन गरिरहेको छ । तर समृद्धि कसरी भन्ने वहस भने जारी छ ।

स्थानीय स्रोतसाधनको अधिकतम परिचालन गरी योजनाबद्ध ढंगले उत्पादन बृद्धि, रोजगारी सिर्जना, जीविकोपार्जनमा सुधार जस्ता कार्यमा सबै वर्ग, लिङ्ग, समुदायका जनतालाई सहभागी गराई गरिबी र बेरोजगारीको अन्त्य गर्दै सबै जनताको जीवनस्तर उठाउन स्थानीय आर्थिक विकासको मोडल प्रादुर्भाव भएको हो । यो आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार पनि हो ।

स्थानीय तहमा समृद्धिको सपना साकार पार्न गण्डकी प्रदेशका स्थानीय तहहरूले विकास र आर्थिक समृद्धिका दीर्घकालीन सोंच सहित आवधिक योजना तथा कार्यक्रमहरू अगाडि सारेका छन् । तर स्थानीय आर्थिक विकासको सैद्धान्तिक अवधारणालाई आत्मसाथ गरी योजनाबद्ध ढंगले त्यस्ता योजना तथा कार्यक्रम तयार र कार्यान्वयन भएका छन् वा छैनन् भन्ने सवाल भने अध्ययन विश्लेषणको विषय बनेको छ । यसै सन्दर्भमा स्थानीय आर्थिक विकासको अवधारणा अनुरुप

स्थानीय तहहरूले के कस्ता नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याएका छन्, हालसम्म के कस्ता उपलब्धी र सिकाइ हाँसिल भएका छन्, नेपालमा स्थानीय आर्थिक विकासको हालको अवस्था र भावि संभावना के छ भनी उक्त अध्ययन गरिएको हो ।

नेपालको वर्तमान शासकीय संरचनामा स्थानीय आर्थिक विकासका लागि स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान गरी योजनाबद्ध ढंगले अगाडि बढाउन आवश्यक मार्गदर्शन गर्न र नीतिगत रुपमा संघ तथा प्रदेश सरकारको भूमिकालाई प्रष्ट्याउदै स्थानीय आर्थिक विकासका लागि आवश्यक रणनीति तय गर्नका लागि सहयोग गर्न उक्त अध्ययन गरिएको हो । अध्ययन मूलतः स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवधारणाको कार्यान्वयनको अवस्था र भावि संभावनाहरूको विश्लेषणमा केन्द्रित रहेको थियो ।

गण्डकी प्रदेशको सन्दर्भमा गरिएको यस अध्ययनले स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासको सम्बन्धमा महत्वपूर्ण नीतिगत पृष्ठपोषण हुने अपेक्षा गरिएको छ । यस अध्ययनले स्थानीय तहमा आर्थिक कृयाकलापहरू कार्यान्वयनमा आएको भएता पनि नीतिगत रुपमा योजनाबद्ध ढंगले स्थानीय आर्थिक विकासको अवधारणा अनुसार अगाडि बढ्न नसकेको निष्कर्ष निकालेको छ ।

## (२) प्रशिक्षण कार्यक्रमको प्रभाव सम्बन्धी अध्ययन

प्रतिष्ठानले स्थापना देखि प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारी र कार्यरत कर्मचारीको क्षमता विकासका लागि विभिन्न किसिमका तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । आ.व. २०७७/७८ देखि संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सहायकस्तरका कर्मचारीहरूका लागि सेवाकालीन तालिम सञ्चालन गर्दै आइरहेकोमा आ.व. २०७९/८० देखि प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृतस्तर कर्मचारीको सेवाकालीन तालिम सुरु गरेको छ ।

प्रतिष्ठानको नियमित वार्षिक कार्यक्रम तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगत विभिन्न विषयका छोटो समयावधिका झण्डै ४ सय तालिम तथा अभिमुखीकरण कार्यक्रम मार्फत् करिब १६ हजार जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासमा योगदान गरेको छ । त्यस्ता तालिमहरूको सिकाइ कार्यान्वयनको अवस्था बारे नियमित रुपमा फलोअप गर्दै आइरहेकोमा त्यस्ता कार्यक्रमले प्रशिक्षार्थीको व्यवहारमा परिवर्तन आए नआएको र तालिमका कारण सम्बन्धित संस्थाको सेवा प्रवाह र कार्यसम्पादनमा सुधार भए नभएको बारे तेश्रो पक्षबाट अध्ययन गर्ने कार्य चालु आ.व.मा सम्पन्न भएको छ ।

तालिमका सिकाइ तथा ज्ञान-सीप कार्यान्वयनको अवस्था लेखाजोखा गर्ने, सम्पन्न तालिमहरूको प्रभावकारिता (सहभागीहरूको कार्यसम्पादनमा आएको सुधार) विश्लेषण गर्ने,

सम्पन्न तालिमहरूको सान्दर्भिकता लेखाजोखा गर्ने, तालिमहरूले सम्बन्धित कार्यालयमा पारेको प्रभाव विश्लेषण गर्ने एवम् तालिम कार्यक्रमको विकास, सञ्चालन र व्यवस्थापनमा सुधारका क्षेत्रहरू पहिचान गर्ने उद्देश्यले गरिएको अध्ययनले तालिमका प्रशिक्षार्थीहरूले तालिममा प्राप्त गरेको ज्ञान र सीपलाई कार्यान्वयनमा ल्याई सम्बन्धित संस्थाको कार्य सम्पादनमा सुधार ल्याउन योगदान पुगेको निष्कर्ष निकालेको छ ।

तालिमको प्रभावकारिता अध्ययन प्रतिष्ठानले लिएको नयाँ अग्रसरता हो । प्रतिष्ठानले स्थापना देखि नै तालिम सञ्चालनको वर्तमान पद्धतिमा सुधार गर्ने रणनीति अवलम्बन गरेको छ । त्यसको पहिलो काम तालिम कार्यक्रमको प्रभावकारिता (Best Value for Money) को लेखाजोखा गर्नु हो । यो आफैंमा चुनौतिपूर्ण कार्य हो । तथापि, प्रतिष्ठानले विद्यमान प्रशिक्षण प्रणालीमा ल्याउन चाहेको परिवर्तनलाई प्रभाव अध्ययन र सोको निष्कर्षको कार्यान्वयन गर्ने प्रतिबद्धताबाट सुरु गरेको छ । यसलाई प्रतिष्ठानले तालिम प्रदायक संस्थाहरूका लागि तालिमको विद्यमान प्रणालीमा पुनर्विचार गर्न वाध्य पार्ने महत्वपूर्ण अग्रसरता हुने अपेक्षा गरेको छ ।

## (घ) ज्ञान व्यवस्थापन

ज्ञान व्यस्थापन आज पनि नेपालको सार्वजनिक प्रशासनको विषय बन्न सकेको छैन । त्यसैले, नेपालका सरकारी तथा सार्वजनिक संस्थाहरूको ज्ञान व्यवस्थापन प्रणाली कमजोर छ । प्रदेश र स्थानीय तहले पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकाल प्रारम्भ गरेका छन् । प्रतिष्ठान आफैं पनि चौथो वर्षमा प्रवेश गरेको छ । ज्ञान व्यवस्थापन संस्थागत विकासको एउटा महत्वपूर्ण सूचक हो । प्रतिष्ठानलाई अध्ययन तथा अनुसन्धानको केन्द्र (Knowledg Center) का रुपमा विकास गरी प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिबृद्धिमा योगदान गर्ने अभिप्रायले ज्ञान व्यवस्थापनका कार्यको थालनी भएको छ ।

प्रतिष्ठानका सूचना, जानकारी, तथ्याङ्क आदिलाई एकीकृत गर्ने, तथ्याङ्कको ब्याकअप लिने, तथ्याङ्कमा सबैको पहुँच सुनिश्चित गर्ने कार्यको थालनी भएको छ । प्रतिष्ठानको वेभसाइट अद्यावधिक गर्ने, प्रतिष्ठानका प्रकाशनहरूलाई वेभसाइट मार्फत् सार्वजनिक गर्ने, चौमासिक बुलेटिन र वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, सूचनामूलक क्यालेण्डर प्रकाशन र वितरण गर्ने कार्य निरन्तर रुपमा अगाडि बढेका छन् । यस आ.व.मा सवारी चालक, सुरक्षा गार्ड र कार्यालय सहयोगीको दैनिक कार्यसम्पादनका लागि तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) प्रकाशन गरी गण्डकी प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहमा वितरण गरिएको छ । प्रदेश र स्थानीय तहमा ज्ञान व्यवस्थापनको कार्यलाई प्रवर्द्धन र संस्थागत गर्न हरेक प्रशिक्षणमा ज्ञान व्यवस्थापनका विषयवस्तु समावेश गर्ने कार्यको थालनी भएको छ । चालु आ.व. मा सम्पन्न स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन र तालिमको प्रभाव विश्लेषणले समेत नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञानका क्षेत्रमा योगदान गर्नेछन् ।






## (ङ) संस्थागत विकास र मानव संसाधन

प्रतिष्ठानले संस्थागत विकासको क्षेत्रमा विशेषतः तीन वटा विषयवस्तुहरूलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। ती हुनः (१) भौतिक पूर्वाधार, (२) मानव संशाधन/ जनशक्ति, र (३) कार्यप्रणाली। कार्यालय सञ्चालन र प्रशिक्षणका लागि आवश्यक सुविधा सम्पन्न भौतिक पूर्वाधार, आवश्यक ऐन, कानून, कार्यविधि, पर्याप्त र दक्षतायुक्त जनशक्ति, श्रोत साधनको उपलब्धता र संस्थागत कार्यप्रणालीको व्यवस्थाले संस्थागत विकासको अवस्थालाई जनाउँदछन्। प्रतिष्ठानले यी सबै पक्षहरूलाई सँगसँगै विकास गर्ने काम गरेको छ। सुविधा सम्पन्न कार्यालय भवन र तालिम कक्षको निर्माण तिब्र गतिमा अगाडि बढेको छ भने प्रतिष्ठानका लागि आवश्यक ऐन, नियमावली र प्रशिक्षण सञ्चालनका लागि आवश्यक पाठ्यक्रम र कार्यविधि निर्माण भएका छन्। कर्मचारीको दक्षता परीक्षण र क्षमता विकासका कार्यक्रम मार्फत् व्यावसायिकता र कार्यकुशलताको अभिबृद्धि गर्ने काम भएको छ। संगठन संरचनाको निर्माण र जनशक्तिको व्यवस्थापनका काम भएका छन्। तालिम तथा अनुसन्धानका कार्य सञ्चालनका लागि आवश्यक कार्यविधिको निर्माण गरिएको छ। ऐन बमोजिमका संस्थागत संरचनाहरूलाई क्रियाशील गराइएको छ। संस्थागत विकासका लागि यस आ.व मा सम्पन्न भएका कार्यहरू तल उल्लेख गरिएको छ।

### (१) प्रशिक्षण परिषद् बैठक

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान परिषद्को पाँचौ बैठक फागुन ५ गते सम्पन्न भयो। गण्डकी प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री एवम् प्रशिक्षण परिषद्का अध्यक्ष खगराज अधिकारीको अध्यक्षतामा बसेको उक्त बैठकमा प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, गण्डकी विश्वविद्यालयका उपकुलपति, प्रदेश सरकारका सचिवहरू र प्रदेश सरकारद्वारा मनोनित सदस्य सहित १५ जना पदाधिकारीहरूको उपस्थिति रहेको थियो।






बैठकमा परिषद्का सदस्य-सचिव तथा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेद्वारा प्रतिष्ठानले हाँसिल गरेका उपलब्धीहरूका बारेमा प्रस्तुतीकरण गरिएको थियो। प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र

कर्मचारीको क्षमता विकास र शासकीय क्षमता अभिबृद्धिमा प्रतिष्ठानद्वारा पुगेको योगदानको समीक्षा गरिएको थियो ।

परिषद्‌ले कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावली प्रदेश लोक सेवा आयोगको परामर्शका लागि पेश गर्ने र कर्मचारीको सेवाकालीन तालिम सम्बन्धी कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको थियो ।

परिषद्‌का अध्यक्ष एवम् गण्डकी प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री खगराज अधिकारीले प्रतिष्ठानले छोटो समयमा गुण व्यवस्थापन प्रणालीको अवलम्बन गर्दै आइएसओ प्रमाण पत्रसमेत प्राप्त गरी सह्रानीय कार्य गरेको चर्चा गर्दै प्रतिष्ठानका तालिम तथा विभिन्न किसिमका कार्यक्रमहरूबाट स्थानीय तहहरूको संस्थागत विकास र शासकिय क्षमतामा सुधार आएको विचार व्यक्त गर्नु भएको थियो । साथै उहाँले प्रतिष्ठानलाई आगामी दिनमा थप ऊर्जाका साथ काम गर्न सुझाव दिनुभएको थियो ।

## सेवाकालीन तालिमसम्बन्धी कार्यविधि स्वीकृत



*आदर्श समाज*

पोखरा, ५ फागुन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान परिषद्‌को पाँचौ बैठक शुक्रबार भएको छ । प्रदेश सरकारका मुख्यमन्त्री एवं प्रशिक्षण परिषद् अध्यक्ष खगराज अधिकारीको अध्यक्षतामा बसेको उक्त बैठकमा प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष, प्रदेश लोक सेवा आयोग अध्यक्ष, गण्डकी विश्वविद्यालयका उपकुलपति, प्रदेश सरकारका सचिवहरू र प्रदेश सरकारद्वारा मनोनीत सदस्यसहित १५ जना पदाधिकारीहरूको उपस्थिति थियो ।

परिषद्‌का सदस्य-सचिव तथा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले प्रतिष्ठानको स्थापनाकालदेखि हालसम्म हासिल गरेका उपलब्धिबारे प्रस्तुतिकरण गरेका थिए । प्रतिष्ठानका कार्यकारी निर्देशक पाण्डेले प्रतिष्ठानले प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र शासकीय क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान गरेको चर्चा गरेका थिए ।

> गण्डकी प्रदेश प्रशिक्षण परिषद्‌को पाँचौ बैठक

परिषद्‌ले प्रतिष्ठानका उपलब्धिको समीक्षा गर्नुका साथै कर्मचारी सेवा शर्तसम्बन्धी विनियावली प्रदेश लोक सेवा आयोगको परामर्शका लागि पेश गर्ने र कर्मचारीको सेवाकालीन तालिमसम्बन्धी कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको छ ।

परिषद अध्यक्ष एवं मुख्यमन्त्री अधिकारीले प्रतिष्ठानले छोटो समयमा गुण व्यवस्थापन प्रणालीको अवलम्बन गर्दै आइएसओ प्रमाण पत्रसमेत प्राप्त गरी सह्रानीय कार्य गरेको चर्चा गर्दै प्रतिष्ठानका तालिम तथा विभिन्न किसिमका कार्यक्रमबाट स्थानीय तहहरूको संस्थागत विकास र शासकीय क्षमतामा सुधार आएको विचार व्यक्त गरेका थिए । उनले प्रतिष्ठानलाई आगामी दिनमा थप ऊर्जाका साथ काम गर्न सुझाव दिए ।

प्रतिष्ठानले हालसम्म १४ हजार ५ सयभन्दा बढी जनप्रतिनिधि र कर्मचारीलाई क्षमता विकासका तालिम प्रदान गरिसकेको छ भने अध्ययन तथा अनुसन्धान, पूर्वाधार निर्माण, समसामयिक सवालमा छलफल तथा संवाद कार्यक्रमको आयोजना र ज्ञान व्यवस्थापनका क्षेत्रमा कार्य गर्दै आएको छ । प्रतिष्ठानले आफ्ना सेवाका लागि क्वालिटी अष्ट्रियाबाट आइएसओ ९००१:२०१५ प्रमाणपत्र प्राप्त गरेको छ ।

### (२) कार्यकारी समितिको बैठक

चालु आ.व मा कार्यकारी समितिका दुई वटा बैठक बसेका छन् । २०७९ श्रावण २० गते बसेको बैठकले आ.व. २०७८/७९ को प्रगति समीक्षा गर्ने तथा आ.व. २०७९/८० को वार्षिक कार्यक्रम तय गर्ने काम गरेको थियो भने २०७९ माघ १३ गते बसेको बैठकले सेवाकालीन तालिम सञ्चालन कार्यविधि निर्माण गर्ने कार्य गरेको थियो ।

### (३) कर्मचारी सेवा शर्तसम्बन्धी विनियमावली तर्जुमा

संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम प्रदेश सरकारले स्वीकृत गरेको स्थायी दरवन्दीमा कर्मचारीको पदपूर्ति गर्ने प्रयोजनका लागि कर्मचारी सेवाशर्त सम्बन्धी विनियमावलीको अन्तिम मस्यौदा तयार गरी प्रशिक्षण परिषद्‌मा पेश गर्ने काम सम्पन्न भएको छ । उक्त विनियमावलीलाई प्रदेश लोक सेवा आयोगको राय सहित प्रशिक्षण परिषद्‌को आगामी बैठकमा स्वीकृतिका लागि प्रस्तुत गरिनेछ ।

## (४) सेवाकालीन तालिम सञ्चालन कार्यविधि निर्माण

प्रतिष्ठानले आ.व. २०७७/७८ देखि सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन गर्दै आइरहेकोमा चालु आ.व. देखि अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीका लागि समेत उक्त तालिम सुरु गरेको छ । सेवाकालीन तालिमलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि सेवाकालीन तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ तर्जुमा गरी २०७९ फागुन ५ गतेको प्रशिक्षण परिषद्को पाँचौं बैठकले स्वीकृत गरेको छ ।

## (५) ISO 9001:2015 Internal and Surveillance Audit

प्रतिष्ठानले अवलम्बन गरेको गुण व्यवस्थापन प्रणालीका लागि Quality Austria ले कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद, मागमा आधारित परामर्श सेवा, र ज्ञान व्यवस्थापनका कार्यलाई June 20, 2022 मा ISO 9001:2015 प्रमाणपत्र प्रदान गरेको छ भने प्रतिष्ठान International Quality Network को सदस्य बनेको छ । प्रमाणीकरण भएको एक वर्ष भित्रमा गर्नुपर्ने Internal and Surveillance Audit को कार्य यस आ.व.मा सम्पन्न भएका छन् । Internal Audit को कार्य National Certification and Management Nepal Pvt. Ltd. का प्रतिनिधिले फागुन ३० गते गरेका थिए भने Quality Austria का नेपाल प्रतिनिधिले जेठ १८ गते Surveillance Audit को कार्य सम्पन्न गरेका थिए । उपरोक्त परीक्षणहरूबाट संस्थाको गुण व्यवस्थापन प्रणाली अझ संस्थागत र परिस्कृत बन्दै गएको पाइएको छ । यो प्रदेश सरकार, प्रतिष्ठान र सेवाग्राहीका लागि समेत गौरवको विषय हो ।

MEMBER OF
IQNET
CERTIFIED MANAGEMENT SYSTEM
qualityaustria
SYSTEM CERTIFIED
ISO 9001:2015 No.27757/0

## (६) कर्मचारीको दक्षता तथा आन्तरिक कार्यसम्पादन मूल्याङ्कन


प्रतिष्ठानका मान्यता (Core Values) मध्ये व्यवसायिकता (Professionalism) एक हो । प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई व्यावसायिक/दक्ष बनाई उनीहरूद्वारा उच्च गुणस्तरको सेवा प्रदान गर्ने प्रतिबद्धता स्वरुप कर्मचारीको दक्षता र कार्यक्षमतालाई वार्षिक रुपमा मूल्याङ्कन गरी उनीहरूलाई थप व्यावसायिक र दक्ष बनाउनका लागि निश्चित मापदण्डको निर्धारण गरिएको छ । यसले कर्मचारीको कार्यसम्पादनस्तरको अनुगमन गर्ने एवम् कार्यदक्षता र सम्पादित कार्यको प्रभावकारिताको मापन गर्ने कार्यमा सहयोग गर्दछ । पाँच वटा विषयगत क्षेत्र (१) अनुसन्धान तथा विश्लेषण, (२) तालिम विकास, (३) तालिमको कार्यान्वयन तथा मूल्याङ्कन, (४) सूचना तथा ज्ञान व्यवस्थापन, र (५) क्रियाकलाप व्यवस्थापन) का २० वटा सूचकका आधारमा कार्यक्षमताको वार्षिक रुपमा मूल्याङ्कन गरिन्छ । कार्यक्षमता मूल्याङ्कनको खाका र विश्लेषण पद्धति निम्नानुसार छ ।

## प्रतिष्ठानका कर्मचारीहरुको कार्यक्षमता मूल्याङ्कनको खाका र विश्लेषण पद्धति

| Core Competency | Sub-Competency |
|---|---|
| A. Research and Analysis for TNA | 1. Understanding of what and how to conduct a training needs survey for planning of training programme |
| | 2. Development of the research instruments (field plan, check lists, questionnaire, etc.) |
| | 3. Implementation of needs survey/action research (interview, questionnaire, focus group discussion etc.) |
| | 4. Data analysis and report writing |
| B. Training Development | 5. Planning of a training (setting proper objectives, session plan, target group, training methodology, couse contents, etc) |
| | 6. Development of the training materials (handout, presentation, teaching aid etc) |
| | 7. Development of assessment tools (level 1 - 4 evaluation of training) |
| | 8. Improvement of training program based on the results of the field validation |
| C. Training Delivery and Evaluation | 9. Designing of the delivery plan (assignment plan, scheduling, training plan) |
| | 10. Presentation and facilitation of the training program |
| | 11. Evaluation of training(quantitative and qualitative) |
| | 12. Report writing (effectiveness, efficiency of the training, lesson learned) |
| D. Information and Knowledge Management | 13. Use of ICT (Word, Excel, Power Point, E-Mail, Web brouwser, SNS etc) |
| | 14. Collecting information and knowledge (through resource documents, report, website etc) |
| | 15. Organizing the information and knowledge (filing, archiving, indexing, storing, etc.) |
| | 16. Sharing information and knowledge (regular meeting, newsletter, official gmail, update facebook, etc.) |
| E. Activities Management | 17. Planning of the activities (monthly, trimester, annual plan) |
| | 18. Process management (update of the schedule, counter measures and lesson learned) |
| | 19. Output management (submit on time, receive approval by the director/client, etc.) |
| | 20. Report writing (report of planning, process and output management) |


| Score | Criteria for Assessment |
|---|---|
| 5 | Very high performance and self sufficient to do or to teach other staff by himself/herself |
| 4 | Relatively high performance and able to do or teach other staff with minimum help of the expert or other staff |
| 3 | Acceptable performance and able to do or teach other staff with some support ofexpert or other staff |
| 2 | Low level performance and able to do by strong support of expert or staff but not able to teach other staff yet |
| 1 | Never did before and no idea of how it can be done |

माथि तालिकामा उल्लेख भए बमोजिमका मूल्याङ्कनका सूचकका आधारमा वार्षिक रुपमा कर्मचारीको कार्यदक्षताको मापन गरिन्छ र समयक्रममा आएको परिवर्तनलाई तुलना गरिन्छ । कर्मचारीका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी सुधार गर्नुपर्ने पक्षका लागि व्यक्तिगत योजना तयार गरिन्छ । कार्यक्षमता अभिबृद्धिमा संस्थाको सहयोग आवश्यक पर्ने क्षेत्रमा वार्षिक कार्यक्रम तय गरी क्षमता विकासमा योगदान गरिन्छ । यसले कर्मचारीलाई व्यावसायिक र दक्ष बनाउन मद्दत गर्दछ । तलको चार्टले आ.व. २०८०/८१ को सुरुमा गरिएको मूल्याङ्कनको नतिजालाई देखाउँदछ ।




उल्लिखित चार्टले प्रतिष्ठानका कर्मचारीको यस वर्षको स्वमूल्याड्कन नतिजालाई देखाउँदछ । यो औजारको महत्वपूर्ण विशेषता के हो भने यसले कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा


आएको परिवर्तनको मापन गर्दछ । तलको चार्टले प्रतिष्ठानमा कार्यरत कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाई देखाउँदछ ।




माथिको चार्टले दुई जना कर्मचारीको ४ वर्षको, दुई जना कर्मचारीको तीन वर्षको र बाँकी दुई जना कर्मचारीको दुई वर्षको कार्यक्षमताको आवस्था देखाउँदछ । मूल्याङ्कन नतिजा अनुसार हरेक कर्मचारीले वार्षिक रुपमा आफ्नो कार्यक्षमतामा सुधार गर्दै लगेको देखिन्छ ।

प्रतिष्ठानले कर्मचारीको कार्यक्षमताको बेञ्चमार्क (Competency Benchmark) निर्धारण गरेको छ । सो अनुसार प्रतिष्ठानमा आ.व. २०७७/७८ देखि निरन्तर काम गर्ने हरेक कर्मचारीले आ.व. २०८१/८२ सम्म मूल्याङ्कनका हरेक क्षेत्रमा पाँच अंक प्राप्त गर्नुपर्ने लक्ष्य राखेको छ । सोही लक्ष्य प्राप्तिका लागि वार्षिक रुपमा कार्यक्षमतामा देखिएका सुधारका पक्षलाई विचार गरी क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाई माकुरे जालो विधिबाट विश्लेषण गरिन्छ । तलको चार्टले माकुरे जालो विधिबाट कसरी कर्मचारीको कार्यक्षमतामा अएको परिवर्तनलाई विश्लेषण गरिन्छ भन्ने कुरा देखाउँदछ ।




माथिको चार्टले ४ वर्षको अन्तरालमा प्रतिष्ठानमा कार्यरत कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तन देखाउँदछ । यस विधिको महत्वपूर्ण पक्ष के हो भने प्रशिक्षणको क्षेत्रमा कार्यरत कर्मचारीको पेशागत दक्षताका लागि पाँच वटै विषयगत क्षेत्रमा सन्तुलन आवश्यक छ ।

## (७) कर्मचारीको साप्ताहिक र मासिक योजना तथा प्रतिवेदन

प्रतिष्ठान नियमावलीले प्रतिष्ठानमा कार्यरत कर्मचारीले मासिक रुपमा आफुले सम्पादन गरेका कामको प्रतिवेदन गर्नुपर्ने व्ययवस्था गरेको छ। कर्मचारीको कामलाई व्यवस्थित, प्रभावकारी र नतिजा उन्मुख बनाउनका लागि उनीहरूको साप्ताहिक/मासिक योजना र प्रतिवेदन प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ । यसले कर्मचारीको साप्ताहिक र मासिक कार्यको आँकलन, कामको बाँडफाँट र कामको उत्पादकत्वको अनुगमन तथा कर्मचारीका काममा समन्वय गर्न सहज बनाएको छ।

साप्ताहिक रुपमा तयार गरेको प्रतिवेदनलाई हरेक महिनाको अन्तमा मासिक प्रतिवेदनमा रुपान्तरण गरिन्छ। साप्ताहिक योजना र प्रतिवेदन एवम् मासिक प्रतिवेदनलाई वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजनासँग तादात्म्यता कायम गर्ने गरी तयार गरिन्छ । यसले हरेक कर्मचारीका ब्यक्तिगत जिम्मेवारी र लक्ष्य प्राप्तिमा सहयोग गर्दछ ।

## (८) प्रतिष्ठानको भवन निर्माण

प्रतिष्ठानको भवन निर्माणको कार्य निरन्तर रुपमा अगाडि बढेको छ । भूतपूर्व प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०७७ फागुन १७ गते निर्माणाधिन भवनको शिलान्यास भएको थियो ।





आ.व. २०८०/८१ भित्र सम्पन्न गर्ने गरी गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत् उक्त भवन निर्माणको कार्य भइरहेको छ । प्रदेशको उत्कृष्ट ज्ञान केन्द्र (Center for Excellence) का रुपमा प्रतिष्ठानलाई विकास गर्ने लक्ष्य अनुसार भवन निर्माण भईरहेको ।

## (९) समन्वय र सहकार्य

यस आ.व. मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमसँग आवद्ध विकास साभ्केदारहरू एवम् अन्य निकायहरूसँग प्रतिष्ठानमा छलफल तथा अन्तरक्रिया भएको छ । मिति २०७९।१०।१६ र २०८०।०२।१० मा बेलायती दुतावास, अष्ट्रेलियन दुतावास, स्विस दुतावास, युएनडीपी, नर्बेजियन राजदुतावास तथा विश्वबैंकका प्रतिनिधिहरूसँग गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा कार्यान्वयन गरिएका कार्यक्रमबाट प्राप्त सिकाइ तथा सवालहरूका बारेमा छलफल तथा अन्तरक्रिया भएको थियो ।



त्यसैगरी, IOM Chief of Mission सँग २०७९ असोज २६ गते दुई संस्थाबीच सहकार्यका विषयमा छलफल भएको थियो । यस आ.व.मै प्रतिष्ठानले अनलाइन विधिबाट आयोजित 2022 EROPA Conference मा सहभागिता जनाएको थियो । विगत वर्षमा भै चालु आ.व.मा पनि प्रतिष्ठानका तर्फबाट University of British Columbia का विधार्थीहरूलाई स्थानीय आर्थिक

विकासका क्षेत्रमा प्रतिष्ठानले खेलेको भूमिकाका बारेमा Guest Lecture प्रस्तुतीकरण भएको थियो ।

सिंगापुरमा मुख्यालय रहेको Chandler Academy of Governance ले गरेको "Global Survey on Public Sector Training" का लागि प्रतिष्ठान छनौट भएको थियो । प्रतिष्ठानले अवलम्बन गरेको Comptency Based Training Design उक्त सर्वेक्षणमा समावेश भएको छ ।

चालु आ.व.मा फोरम अफ फेडेरेसनका विज्ञ प्रशिक्षकद्वारा प्रदेश सभाका माननीय सदस्यहरूका लागि आयोजित वित्तीय संघीयता र अन्तर सरकार सम्बन्ध सम्बन्धी संवाद कार्यक्रममा प्रस्तुतिकरण भयो भने नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा गण्डकी प्रदेशका तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण आयोजना भयो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा स्थानीय तहका पञ्जिकाधिकारीका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम सञ्चलन भए ।

प्रतिष्ठानले अवलम्बन गरेका प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति, कार्य प्रक्रिया, संस्थागत विकास र यसको भावी कार्यदिशाका बारेमा अवलोकन तथा अध्ययन भ्रमणहरू भए । यस बाट आपसी सिकाइको अवसर प्राप्त भएको छ । प्रतिष्ठानको कार्यक्षेत्रसँग मेल खाने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय र सहकार्यलाई अगाडि बढाउन प्रतिष्ठान निरन्तर क्रियाशील छ ।

## १०. मानव संशाधन विकास

### (क) प्रतिष्ठानका कर्मचारीहरूलाई Instructional Design सम्बन्धी तालिम

प्रतिष्ठानले स्थापनाकाल देखि नै प्रतिष्ठानद्वारा आयोजना गरिने तालिम तथा प्रशिक्षणलाई निश्चित सैद्धान्तिक धरातलमा आधारित रहेर सञ्चालन गर्ने गरेको छ । प्रतिष्ठानले हाल American Pedagogy मा आधारित Instructional Design Principle को अवलम्बन गरी तालिम तथा प्रशिक्षण कार्यक्रमको विकास र कार्यान्वय गर्दै आइरहेको छ । प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूलाई Instructional System मा दक्ष बनाउने उद्देश्यले २ दिने प्रशिक्षण मिति २०८०।०३।१५ र १६ गते सम्पन्न भयो । कार्यक्रम विशेषगरी Instructional Design अन्तरगत ADDIE मोडलको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रहेको थियो । यसका अलावा, प्रशिक्षणका क्रममा प्रशिक्षार्थीको सिकाइ मूल्याङ्कनका लागि गरिने सूचना संकलन एवम् नतिजा विश्लेषणका लागि उपयोगी हुने औजारहरू जस्तै, Google Tools, Mentimeter तथा Kahoot जस्ता अनलाइन टुल्सहरूको प्रयोग गर्ने विषयमा छलफल भएको थियो ।

### (ख) अन्तरप्रदेश अनुभव आदानप्रदान अध्ययन भ्रमण

प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम अन्तरगत मिति २०७९ कार्तिक २१ देखि २६ सम्म अन्य प्रदेशका प्रशिक्षण प्रतिष्ठानका असल अभ्यासहरू तथा कार्यसम्पादन तौरतरिकाको अध्ययन गर्न अन्तर प्रदेश सिकाइ आदानप्रदान कार्यक्रम सम्पन्न भयो। उक्त भ्रमणमा प्रतिष्ठानका कार्यकारी निर्देशक, शाखा अधिकृतहरू तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको प्राविधिक टोली गरी जम्मा १० जनाको सहभागिता रहेको थियो।



सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भएको छलफल पश्चात् लिइएको एक तस्विर

सिकाइ आदानप्रदान कार्यक्रमको क्रममा सुदूरपश्चिम प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, डोटी जिल्लाको पुन्नामा रहेको यसै प्रदेशको प्रादेशिक सुशासन केन्द्र र सुर्खेतस्थित प्रदेश सुशासन केन्द्रको अवलोकन तथा अन्तरक्रिया गरिएको थियो। यस अध्ययन भ्रमणले अन्य प्रदेशका तालिम केन्द्रको काम गर्ने तौरतरिका र असल अभ्यासहरूका बारेमा जानकारी लिने अवसर प्रदान गरेको छ।



प्रदेश सुशासन केन्द्र, डोटी



प्रदेश सुशासन केन्द्र, सुर्खेतमा सिकाइ आदान-प्रदान तथा अन्तरक्रिया गर्दै

### (ग) कर्मचारीको प्रशिक्षक प्रशिक्षण

यस आ.व.मा प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूले स्थानीय तहको आवधिक योजना तर्जुमा, लैससास रणनीति निर्माण, स्थानीय तहको अन्तरिक नियन्त्रण प्रणाली तर्जुमा जस्ता विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् आयोजित प्रशिक्षक प्रशिक्षणमा सहभागिता जनाएका छन् । प्रतिष्ठान मार्फत् कार्यान्वयनमा रहेको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगतका क्रियाकलाप कार्यान्वयनका लागि त्यस्ता प्रशिक्षक प्रशिक्षणले सहयोग गर्ने अपेक्षा गरिएको छ । त्यसैगरी, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा आयोजित पेशागत क्षमता विकास सम्बन्धी प्रशिक्षक प्रशिक्षणमा प्रतिष्ठानका कर्मचारी सहभागी भएका छन् ।

## (११) उपलब्ध जनशक्ति

प्रदेश लोक सेवा आयोगबाट कर्मचारीको स्थायी पदपूर्ति नभए सम्मका लागि आवश्यक कर्मचारी प्रदेश सरकारबाट कामकाजका लागि खटाउने ऐनको व्यवस्था बमोजिम यस आ.व. मा समेत सोही अनुसार कर्मचारीको व्यवस्थापन भयो । प्रतिष्ठानमा हाल कार्यरत कर्मचारीको विवरण देहाय बमोजिम रहेको छ ।

### कर्मचारी विवरण र कार्यजिम्मेवारी

**प्रतिष्ठान तर्फ**

| क्र.सं | कर्मचारीको नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | ऋषिराम पाण्डे | कार्यकारी निर्देशक | कार्यालय प्रमुख |
| २ | प्रकाश ओझा | शाखा अधिकृत ( आठौं) | तालिम तथा कार्यक्रम |
| ३ | बाबुराम न्यौपाने | शाखा अधिकृत | प्रशासन |
| ४ | नेत्र प्रसाद पौडेल | अधिकृत छैटौं | प्रशासन |
| ५ | दिपेन्द्र पौडेल | लेखापाल | आर्थिक प्रशासन |
| ६ | अनिल बराल | कार्यालय सहयोगी | कार्यालय सहयोगी |
| ७ | निर्वेश भुजेल | हलुका सवारी चालक | सवारी चालक |

**PLGSP तर्फ**

| क्र.सं | कर्मचारीको नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | निर्मला सुब्बा | स्थानीय शासन विज्ञ | टिम लिडर |
| २ | दिल प्रसाद मगर | पाठ्यक्रम विकास विज्ञ | पाठ्यक्रम विकास |
| ३ | पंकज अधिकारी | क्षमता विकास परामर्शदाता | क्षमता विकास |
| ४ | माधवी नेपाल | कार्यक्रम सहायक | कार्यक्रम सहायक |
| ५ | बेदमणी अधिकारी | हलुका सवारी चालक | सवारी चालक |

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान तर्फ**

| क्र.सं | कर्मचारीको नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | धनमाया तामाङ | कार्यालय सहयोगी | कार्यालय सहयोगी |
| २ | शान्ता मायाँ जलारी | कार्यालय सहयोगी | कार्यालय सहयोगी |
| ३ | गोपाल बहादुर कार्की | हलुका सवारी चालक | हलुका सवारी चालक |
| ४ | टिका कुमारी पंगेनी | माली | माली |
| ५ | देवी बहादुर राय | कार्यालय सहयोगी | कार्यालय सहयोगी |

प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी दरवन्दी सिर्जना गर्ने काम सम्पन्न भएको छ । सोही आधारमा कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली समेत तर्जुमा भएको छ । निकट भविष्यमा सो संगठन संरचना बमोजिम कर्मचारीको पदपूर्ति गरिनेछ ।

## (१२) विविध

### (क) ISO 9001:2015 को सार्वजनिकीकरण

प्रतिष्ठानले गुण व्यवस्थापन प्रणालीका लागि Quality Austria बाट प्राप्त ISO ९००१:२०१५ प्रमाणपत्र अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिमको अवसरमा मिति २०७९ भाद्र १९ गते प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री कृष्ण चन्द्र नेपाली पोखरेलले सार्वजनिकीकरण गर्नु भएको थियो ।



उक्त अवसरमा प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थ, सचिवहरू राम प्रसाद आचार्य र मनमाया पंगेनी भट्टराई, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे लगायतको सहभागिता रहेको थियो । उक्त प्रमाण-पत्रसँगै प्रतिष्ठान International Quality Network को सदस्य बनेको छ ।




## (ख) SOP को लोकार्पण

सरकारी तथा अर्धसरकारी निकायमा कार्यरत कार्यालय सहयोगी, सवारी चालक र सुरक्षा गार्डहरूका लागि लिखित कार्यविवरण, दैनिक कार्यसम्पादन प्रक्रिया, कार्यसम्पादनको अभिलेखीकरण र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थालाई समावेश गरी तयार गरिएको आधारभूत कार्यसञ्चालन कार्यविधि सहायक स्तरका कर्मचारीहरूको सेवाकालीन तालिमको समापन तथा दीक्षान्त समारोहको अवसरमा तत्कालीन मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलबाट २०७९ पौष २० गते विमोचन गरिएको थियो ।






उक्त कार्यविधि तालिमको विकल्पका रुपमा लक्षित कर्मचारीहरूको कार्यसम्पादनमा गुणस्तरीय सुधारको लागि उपयोगी हुने अपेक्षा गरिएको छ । कार्यविधिमा कार्यालय सहयोगीले गर्नु पर्ने विभिन्न किसिमका ७ वटा क्षेत्रगत कार्यविवरण, सवारी चालक र सुरक्षा गार्डको कार्यविवरण र सोको कार्यान्वयनका लागि कार्यविधि, कार्यसम्पादनका तरिका, कार्यसम्पादनको अनुगमन, मूल्याङ्कन र अभिलेखीकरणलाई सिलसिलाबद्ध तरिकाले समावेश गरिएको छ । सरकारी तथा अर्धसरकारी निकाय र कार्यालयहरूले सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सकून भन्ने सोंचका साथ तयार गरिएको यो कार्यविधि गैरसरकारी संघसंस्था र निजी क्षेत्रका व्यापारिक एवम् व्यावसायिक प्रतिष्ठानहरूका लागि समेत उपयोगी हुने अपेक्षा गरिएको छ ।

विमोचन कार्यक्रममा गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता रोहित राज वास्तोला, प्रदेश सरकारका सचिव राम प्रसाद आचार्य, प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे लगायतको उपस्थिति रहेको थियो ।

### (ग) अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन प्रतिवेदन लोकार्पण

प्रतिष्ठानद्वारा प्रकाशित नेपालको संघीयतामा अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन प्रतिवेदन अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिमको अवसरमा मिति २०७९ भाद्र १९ गते प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री कृष्ण चन्द्र नेपाली पोखरेलले लोकार्पण गर्नु भएको थियो । गण्डकी प्रदेशको सन्दर्भमा अन्तरसरकार सम्बन्धको अवस्था, तहगत सरकारबीच अन्तरसरकार सम्बन्धका सम्बन्धमा देखिएका समस्या र तिनको निराकरणका लागि आवश्यक सुझाव समेटिएको अध्ययन प्रतिवेदन प्रकाशन गरि सम्बन्धित सरोकारवालाहरूलाई वितरण समेत गरिएको छ । अन्तरसरकारी सम्बन्धको सैद्धान्तिक अवधारणा, संघीय मुलुकहरूमा विद्यमान अन्तरसरकारी सम्बन्धका व्यवस्थाहरू समेटिएको उक्त अध्ययन प्रतिवेदन तहगत सरकारहरूका लागि महत्वपूर्ण नीतिगत पृष्ठपोषण हुने अपेक्षा गरिएको छ ।





### (घ) प्रदेश सरकारमा वार्षिक प्रतिवेदन पेश

प्रतिष्ठानद्वारा आ.व. २०७८/७९ मा सम्पादन गरिएका क्रियाकलापहरू समावेश गरिएको वार्षिक प्रतिवेदन २०७९ भाद्र ६ गते गण्डकी प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री कृष्ण चन्द्र नेपाली पोखरेल समक्ष पेस गरिएको थियो । प्रतिष्ठानको सोंच, लक्ष्य, उद्देश्य र



रणनैतिक योजनाको सारसंक्षेप सहित वार्षिक प्रगति विवरणका साथसाथै प्रतिष्ठानको सहयोग पश्चात् प्रदेश र स्थानीय तहमा देखिएका परिवर्तन/सफलताका कथाहरू उक्त प्रतिवेदनमा समावेश गरिएको थियो । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम प्रतिष्ठानले हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्दै आइरहेको छ ।

# परिच्छेद–५
# आर्थिक वर्ष २०७९/८० को आर्थिक प्रतिवेदन

**(विनियोजित बजेट र खर्चको विवरण)**
**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**गण्डकी प्रदेश, पोखरा**
**खर्चको फाँटावारी**
**आर्थिक वर्षः २०७९/८०**

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| पूँजीगत कार्यक्रमः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश समानीकरण अनुदान) | | | | | | | | |
| ३११२२ | मेशिनरी तथा औजार | पटक | १ | ५००,०००।०० | ० | ०।०० | ०।०० | ० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | पटक | १ | ५००,०००।०० | १ | ४७४,७९२।०० | ९४।९६ | १०० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | वटा | १ | १,५००,०००।०० | ० | ०।०० | ०।०० | ० |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | वटा | १ | १,०००,०००।०० | १ | ५१३,८८०।०० | ५१।३९ | १०० |
| | जम्मा | | ४ | ३,५००,०००।०० | २ | ९८८,६७२।०० | २८।२५ | ५० |
| चालु कार्यक्रमः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश समानीकरण अनुदान) | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | ९ | ९ | ११,०९८,०००।०० | ९ | २,३२२,२९६।८० | २०।९३ | ९ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ९ | ९ | ७४७,०००।०० | ९ | ७४७,०००।०० | १००।०० | ९ |
| २११२१ | पोशाक | ९ | ९ | २००,०००।०० | ९ | ६०,०००।०० | ३०।०० | ९ |
| २११३२ | महंगी भत्ता | ९ | ९ | ४८०,०००।०० | ९ | ७८,०००।०० | १६।२५ | ९ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ९ | ९ | १००,०००।०० | ९ | २७,०००।०० | २७।०० | ९ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ९ | ९ | ३३०,०००।०० | ९ | ७६,०००।०० | २३।०३ | ९ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ९ | ९ | १६६,०००।०० | ९ | १५,६००।०० | ९।४० | ९ |
| २२१११ | पानी तथा बिजुली | ९ | ९ | ३६०,०००।०० | ९ | ७६,७३८।०० | २१।३२ | ९ |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२११२ | संचार महसुल | - | - | ३२४,०००।०० | - | ७९,८२०।०० | २४।६४ | - |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | - | - | ४९८,०००।०० | - | २०१,८००।०० | ४०।५२ | - |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ९ | ९ | ६००,०००।०० | ९ | २७०,१९८।०० | ४५।०३ | ९ |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | ९ | ९ | १००,०००।०० | ९ | ५०,६२०।०० | ५०।६२ | ९ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९ | ९ | १५०,०००।०० | ९ | ०।०० | ०।०० | ९ |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | ९ | ९ | ३००,०००।०० | ९ | २५८,८७७।०० | ८६।२९ | ९ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ९ | ९ | १००,०००।०० | ९ | २,२२०।०० | २।२२ | ९ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ९ | ९ | १००,०००।०० | ९ | २,३००।०० | २।३० | ९ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९ | ९ | ८००,०००।०० | ९ | ३४६,६३२।०० | ४३।३३ | ९ |
| २२४११ | सेवा र परामर्श खर्च | ९ | ९ | १,०००,०००।०० | ९ | ०।०० | ०।०० | ९ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | पटक | १ | १००,०००।०० | १ | ४९,७२०।०० | ४९।७२ | १०० |
| २२४१३ | करा र सेवा शुल्क | ९ | ९ | १,१९२,०००।०० | ९ | ६८०,०८२।०० | ५७।०५ | ९ |
| २२५११ | 2.6.1.8– कर्मचारीको क्षमता विकास ९ सेवा प्रवेश | वटा | १० | ४,०००,०००।०० | १० | ३,८८०,९७६।०० | ९७।०२ | १०० |
| २२५११ | 2.6.1.9- सेवाकालीन तालिम | वटा | ३ | ३,६००,०००।०० | ४ | ३,३१२,६४९।०० | ९२।०२ | १३३ |
| २२५११ | 2.6.2.3- प्रतिष्ठानको कर्मचारीको क्षमता विकास कार्यक्रम | वटा | १ | २५०,०००।०० | १ | १७७,१६७।०० | ७०।८७ | १०० |
| २२५२२ | 2.7.25.57- ज्ञान केन्द्रको स्थापना | वटा | १ | ५००,०००।०० | ० | ०।०० | ०।०० | ० |
| २२५२२ | 2.7.25.76- नेतृत्त्व सहितको सुशासन सम्मेलन | वटा | १ | १,०००,०००।०० | ० | ०।०० | ०।०० | ० |
| २२५२२ | 2.7.5.38- प्रशिक्षण सामग्री प्रकाशन | वटा | ३ | ९००,०००।०० | १ | २३३,०६२।०० | २५।९० | ३३ |
| २२५२२ | 2.7.7.6- सवाल केन्द्रित संवाद | वटा | २ | १,०००,०००।०० | २ | ७७८,६२२।०० | ७७।८६ | १०० |
| २२५२२ | 2.7.8.10- युवा नेतृत्व क्षमता विकास तालिम कार्यक्रम | वटा | १ | ४००,०००।०० | ० | ०।०० | ०।०० | ० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | 2.7.8.2- अन्तरसरकार सम्वन्ध र अनुगमन तथा मूल्याङ्कन प्रशिक्षण सामग्री छपाई तथा वितरण | वटा | २ | ५००,०००।०० | ० | ०।०० | ०।०० | ० |
| २२५२२ | 2.7.8.3- कार्यमूलक अनसन्धान, लेख तथा प्रकाशन | वटा | २ | १,०००,०००।०० | १ | ४९७,५००।०० | ४९।७५ | ५० |
| २२५२२ | 2.7.8.9- पेशागत क्षमता विकास सम्बन्धी तालिम | वटा | १ | ४००,०००।०० | १ | १४६,९९६।०० | ३६।७५ | १०० |
| २२५२२ | 2.7.8.8- कानून सम्बन्धी प्रवोधिकरण कार्यक्रम | पटक | १ | ७००,०००।०० | ० | ०।०० | ०।०० | ० |
| २२६१२ | भ्रमण खर्च | ९ | ९ | ५२४,०००।०० | ९ | १०६,१३९।०० | २०।२६ | ९ |
| २२७११ | विविध खर्च | ९ | ९ | ३००,०००।०० | ९ | १६०,०६६।०० | ५३।३६ | ९ |
| २८१४२ | घर भाडा | ९ | ९ | १८०,०००।०० | ९ | १८०,०००।०० | १००।०० | ९ |
| | जम्मा | | २९ | ३३,९९९,०००।०० | २१ | १४,८१८,०८०।८० | ४३।५८ | ७२।४१ |
| पूँजीगत कार्यक्रमः प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त) | | | | | | | | |
| ३१११२ | गैर आवासिय भवन निर्माण र खरिद | ९ | ९ | ०।०० | ९ | ०।०० | ०।०० | ९ |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | पटक | १ | ९००,०००।०० | १ | ६९,५९६।०० | ७।७३ | १०० |
| ३११२१ | सवारी साधन | वटा | २ | ७००,०००।०० | २ | ६९४,५००।०० | ९९।२१ | १०० |
| ३११२२ | मेशिनरी तथा औजार | पटक | १ | ६००,०००।०० | १ | ३३१,९१५।०० | ५५।३२ | १०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | पटक | १ | २००,०००।०० | १ | ५०,५००।०० | २५।२५ | १०० |
| | जम्मा | | ५ | २,४००,०००।०० | ५ | १,१४६,५११।०० | ४७।७७ | १००।०० |
| चालु कार्यक्रम : प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त) | | | | | | | | |
| २११२१ | पोशाक | ९ | ९ | ० | ९ | ० | ०।०० | ९ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ९ | ९ | १००,०००।०० | ९ | ० | ०।०० | ९ |
| २२१११ | पानी तथा बिजुली | ९ | ९ | ३००,०००।०० | ९ | २२,६९०।०० | ७।५६ | ९ |
| २२११२ | संचार महसुल | ९ | ९ | २००,०००।०० | ९ | ९५,९१८।०० | ४७।९६ | ९ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ९ | ९ | १,०००,०००।०० | ९ | ४०६,०३७।०० | ४०।६० | ९ |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ९ | ९ | ५००,०००।०० | ९ | ३१,६९५।०० | ६।३४ | ९ |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | ९ | ९ | १,०००,०००।०० | ९ | ५८३,४४०।०० | ५८।३४ | ९ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९ | ९ | ४००,०००।०० | ९ | ५८,०००।०० | १४।५० | ९ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | - | - | ५००,०००।०० | - | ० | ०।०० | - |
| २२५२२ | 2.7.25.112- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई गर्नका लागि स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई तालिम | वटा | २४ | २,४००,०००।०० | २४ | ६४०,४९१।०० | २६।६९ | १०० |
| २२५२२ | 2.7.25.113- DPR सम्बन्धी तालिम (प्रदेश अन्तर्गतका कर्मचारीहरूलाई) | वटा | १ | ५००,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.114– स्थानीय तहमा रहेको बिषयगत समितिहरूलाई क्रियाशील गर्नका लागि अन्तरक्रिया | वटा | ६ | २,४००,०००।०० | ३ | ६६२,७९२।०० | २७।६२ | ५० |
| २२५२२ | 2.7.25.115– अपाङ्ग मैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण | वटा | ५ | २,०००,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.116– स्थानीय तहको लैससास रणनीति निर्माण | वटा | २० | ४,०००,०००।०० | १९ | ३,७५७,१८५।६४ | ९३।९३ | ९५ |
| २२५२२ | 2.7.25.117– प्रदेश बाल अधिकार समिति र परिषद्का पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास तालिम | पटक | १ | २५०,०००।०० | २ | २३७,६८०।०० | ९५।०७ | २०० |
| २२५२२ | 2.7.25.118- प्राविधिक कर्मचारीहरूलाई वातावरणीय मूल्याङ्कन (IEE, EIA, BES) सम्बन्धी तालिम | पटक | ३ | १,२००,०००।०० | ३ | ७९५,४९१।०० | ६६।२९ | १०० |
| २२५२२ | 2.7.25.119 - स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिका लागि जोखिम संवेदनशील जग्गा व्यवस्थापन सम्बन्धी तालिम | पटक | ३ | १,०५०,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.123- निर्वाचित महिला जनप्रतिनिधिलाई रुपान्तरणकारी नेतृत्व विकास तालिम | पटक | ६ | २,४००,०००।०० | ४ | ३६३,८३१।०० | १५।१६ | ६६ |
| २२५२२ | 2.7.25.126 - स्थानीय जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना बिषयमा फलो अप तालिम | पटक | ६ | २,१००,०००।०० | ६ | ८४७,४३९।०० | ४०।३५ | १०० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | 2.7.25.127- स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली कार्यविधिको निर्माण सम्बन्धी तालिम | पटक | १० | १,०५०,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.109- स्थानीय तहमा स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | पटक | ५ | १,०००,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.108- योजना तर्जुमा र अनुगमन सम्बन्धी प्रशिक्षक प्रशिक्षण | पटक | १ | ५००,०००।०० | १ | ३३,९९९।०० | ६।८० | १०० |
| २२५२२ | 2.7.25.107- अध्यावधिक अनुगमन प्रणालीको रेफ्रेसर तालिम | पटक | १ | २००,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.106- कर्मचारीहरूलाई टेन्डर व्यवस्थापन तालिम तयारी, मूल्याङ्कन र सम्झौता व्यवस्थापन | पटक | १ | ४००,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.105- मन्त्रालयर कार्यालयका सवारी चालकहरूलाई तालिम (Safety and security) | पटक | १ | २००,०००।०० | १ | ० | ०।०० | १०० |
| २२५२२ | 2.7.25.104- स्थानीय तहको लैससास परीक्षण | वटा | २० | ३,०००,०००।०० | २० | २,४६२,२१२।०० | ८२।०७ | १०० |
| २२५२२ | 2.7.25.103- प्रशिक्षण सामग्री र आधारभूत कार्य सञ्चालन कार्यविधि निर्माण | वटा | ३ | १,५००,०००।०० | १ | ५०६,८६६।०० | ३३।७९ | ३३ |
| २२५२२ | 2.7.25.101- स्थानीय तहका न्यायीक समितिका सदस्य तथा कर्मचारीहरूका लागि न्यायीक कार्यसम्पादन र मेलमिलाप सम्बन्धी तालिम | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| २२५२२ | 2.7.25.100- स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि वित्तीय संघीयता तथा राजस्व व्यवस्थापन सम्बन्धी तालिम | पटक | ६ | २,१००,०००।०० | | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.128- सार्वजनिक खरिद सम्बन्धी प्रदेश अन्तरगतका कर्मचरीहरूलाई तालिम | पटक | ४ | १,४००,०००।०० | ४ | ८६८,३२३।०० | ६२।०२ | १०० |
| २२५२२ | 2.7.25.147- संघबाट बनेका कानूनहरूलाई एकिकृत गर्न प्रदेशको कानून App लाई स्तरोन्नती गरी सूचना प्रविष्टि गर्ने | वटा | १ | ६५०,०००।०० | | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.129- स्वास्थ्यका कर्मचारीका लागि तथ्याङ्क व्यवस्थापन, विश्लेषण र प्रतिवेदन सम्बन्धी तालिम | पटक | १ | ३५०,०००।०० | | ० | ०।०० | ० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | 2.7.25.130- स्थानीय तहका कर्मचारी र पदाधिकारीहरूको सार्बजनिक खरिद सम्बन्धी तालिम | पटक | ८ | २,८००,०००।०० | २ | ६३९,३१०।०० | २२।८३ | २५ |
| २२५२२ | 2.7.25.131- स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधिका लागि स्थानीय तहको संवैधानिक र कानूनी अधिकार, भूमिका र जिम्मेवारी बारे अनुशिक्षण | पटक | ५ | १,७५०,०००।०० | ५ | ९९८,०५७।०० | ५७।०३ | १०० |
| २२५२२ | 2.7.25.132- स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिका लागि समुदायमा आधारित विपद् व्यस्थापन सम्बन्धी तालिम | पटक | ३ | १,०५०,०००।०० | | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.133- गाउँपालिका/नगरपालिकाका शिक्षा शाखाका कर्मचारीका लागि IEMIS सम्बन्धी तालिम | पटक | ३ | १,०५०,०००।०० | ३ | ६३०,५३६।०० | ६०।०५ | १०० |
| २२५२२ | 2.7.25.134- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | पटक | ३ | १,०५०,०००।०० | ३ | ९६७,१८१।०० | ९२।११ | १०० |
| २२५२२ | 2.7.25.138- प्रतिष्ठानको Website Update गर्ने | पटक | १ | १५०,०००।०० | १ | ७,८२५।०० | ५।२२ | १०० |
| २२५२२ | 2.7.25.139- कार्यालयमा कम्प्यूटर तथा इन्टरनेट नेटवर्किङ सम्बन्धी तालिम (प्रदेश अन्तर्गतका कर्मचारीहरू) | पटक | १ | २५०,०००।०० | १ | १५६,६२०।०० | ६२।६५ | १०० |
| २२५२२ | 2.7.25.140- प्रदेशका जिल्ला कार्यालयका प्रमुख र प्रशासन अधिकृतहरूका लागि कार्यालय व्यवस्थापन तालिम | पटक | १ | ४००,०००।०० | | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.142- स्थानीय तहको संस्थागत क्षमता स्व मूल्याङ्कन (LISA) गुणस्तर परीक्षण कार्यान्वयनको फलोअप तालिम | पटक | २ | २,०००,०००।०० | २ | १,१०१,११५।०० | ५५।०६ | १०० |
| २२५२२ | 2.7.25.143- स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यान्वयनको फलोअप तालिम र अन्तरक्रिया र गुणस्तर परीक्षण | पटक | १७ | १,७५०,०००।०० | १७ | २६०,१५५।०० | १४।८७ | १०० |
| २२५२२ | 2.7.25.144- मन्त्रालय र कार्यालयका सहयोगीहरूका लागि आतिथ्यता व्यस्थापन तालिम | पटक | १ | २००,०००।०० | १ | ७६,५६६।०० | ३८।२८ | १०० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | 2.7.25.145- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम (EIA IEE) (प्रदेश अन्तर्गतका कर्मचारीहरूलाई) | पटक | १ | ५००,०००।०० | १ | २५९,८५३।०० | ५१।९७ | १०० |
| २२५२२ | 2.7.25.146- स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि कानून निर्माण प्रक्रिया सम्बन्धी तालिम | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| २२५२२ | 2.7.25.16- दिवसीय कार्यक्रम | पटक | १ | ५००,०००।०० | १ | १८३,३२५।०० | ३६।६७ | १०० |
| २२५२२ | 2.7.25.40- प्रतिष्ठानबाट सञ्चालन गरिएका तालिमहरूको प्रभाव मूल्याङ्कन | पटक | १ | ५००,०००।०० | १ | ४९६,०७०।०० | ९९।२१ | १०० |
| २२५२२ | 2.7.25.41- स्थानीय तहको आवधिक योजना निर्माण | वटा | ५ | ५,०००,०००।०० | ४ | ३,९९०,७२५।८० | ७९।८१ | ८० |
| २२५२२ | 2.7.25.89- कार्यस्थलमा हुने लैङ्गिक हिंसा बिरुद्धको आचार संहिताको कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया र अभिमुखीकरण | पटक | ४ | १,४००,०००।०० | १ | २१९,७५५।०० | १५।७० | २५ |
| २२५२२ | 2.7.25.90- स्थानीय तहका लैससास सम्पर्क व्यक्तिहरूको कार्य विवरण सम्बन्धी अभिमुखीकरण | पटक | ३ | १,२००,०००।०० | ३ | ४३९,५०१।०० | ३६।६३ | १०० |
| २२५२२ | 2.7.25.91- न्यायकि समितिका सदस्यहरूलाई लैङ्गिक मैत्री न्याय प्रणालि र मनोसामाजिक सहयोग सम्बन्धी तालिम | पटक | ४ | १,६००,०००।०० | | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.92- स्थानीय तहको वडा समितिका सदस्य तथा कर्मचारीलाई योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम | पटक | ११ | ४,४००,०००।०० | ११ | ३,५३७,९४९।०० | ८०।४१ | १०० |
| २२५२२ | 2.7.25.93- जनप्रतिनिधिहरूलाई जग्गा प्राप्ति, वन क्षेत्रको भोगाधिकार र वातावरणीय प्रभाव परीक्षण सम्बन्धी तालिम | पटक | २ | ७००,०००।०० | ० | ० | ०।०० | ० |
| २२५२२ | 2.7.25.95- प्रतिष्ठानको कर्मचारीहरूको लागि क्षमता विकास तालिम | पटक | १ | ३००,०००।०० | १ | ५१,४३५।०० | १७।१५ | १०० |
| २२५२२ | 2.7.25.96- ISO अडिट र कार्यशाला | पटक | १ | २००,०००।०० | १ | ९३,७५०।०० | ४६।८८ | १०० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | 2.7.25.97- स्थानीय तहको आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण | वटा | १५ | ७,५००,०००।०० | १४ | ६,८५५,०८८।५० | ९१।४० | ९३ |
| २२५२२ | 2.7.25.98- स्थानीय तहको क्षमता विकास योजना निर्माण | वटा | १५ | ७,५००,०००।०० | १४ | ६,८८२,५६७।०० | ९१।७७ | ९३ |
| २२५२२ | 2.7.25.99- जनप्रतिनिधी तथा कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी बजेट सम्बन्धि अभिमुखीकरण | वटा | ६ | २,४००,०००।०० | ६ | ९३६,०४३।०० | ३९।०० | १०० |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | ९ | ९ | ५००,०००।०० | ९ | ३२,९००।०० | ६।५८ | ९ |
| २२७११ | विविध खर्च | ९ | ९ | ६००,०००।०० | ९ | २३३,९७४।०० | ३९।०० | ९ |
| | **जम्मा** | | **२४४** | **८१,९००,०००।००** | **१८१** | **४१,४२४,३९०।९४** | **५०।५८** | **६५।१४** |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (सशर्त) | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | ९ | ९ | १,००९,०००।०० | ९ | १,००९,०००।०० | १००।०० | ९ |
| २११२१ | पोशाक | ९ | ९ | ४०,०००।०० | ९ | ३०,०००।०० | ७५।०० | ९ |
| २२४१३ | करार सेवा शुल्क | ९ | ९ | १,९५१,०००।०० | ९ | १,११७,७१०।४० | ५७।२९ | ९ |
| | जम्मा | ० | ० | ३,०००,०००।०० | ० | २,१५६,७१०।४० | ७१।८९ | ० |
| | **कुल जम्मा** | | **२८२** | **१२४,७९९,०००।००** | **२०९** | **६०,५३४,३६५।१४** | **४८।५१** | **७४** |

## समग्र प्रगति विवरण

| कार्यक्रम | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | परिमाण | बजेट | परिमाण | बजेट | | |
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान तर्फ | | | | | | |
| पूँजीगत | ४ | ३५००००० | २ | ९८८६७२.०० | २८.२५ | ५०.०० |
| चालु | २९ | ३३९९९००० | २१ | १४८१८०८०.८० | ४३.५८ | ७२.४१ |
| जम्मा | ३३ | ३७४९९००० | २३ | १५८०६७५२.८० | ४२.१५ | ६९.७० |
| प्रदेश तथा स्थानीयशासन सहयोग कार्यक्रम (सशर्त) | | | | | | |
| पूँजीगत | ५ | २४००००० | ५ | ११४६५११.०० | ४७.७७ | १००.०० |
| चालु | २४४ | ८१९००००० | १८१ | ४१४२४३९०.९४ | ५०.५८ | ६५.१४ |
| जम्मा | २४९ | ८४३००००० | १८६ | ४२५७०९०१.९४ | ५०.५० | ७४.७० |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (सशर्त) | | | | | | |
| चालु | ० | ३०००००० | ० | २१५६७१०.४० | ७१.८९ | ० |
| **कुल जम्मा** | २८२ | १२४७९९००० | २०९ | ६०५३४३६५.१४ | ४८.५१ | ७४.११ |

## परिच्छेद–६
## आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम

| क.स. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम | पटक | १ | ५०००० | ५०००० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कर्मचारीहरूको लागि क्षमता अभिबृद्धि तालिम | पटक | १ | ५००००० | ५००००० |
| ३ | कर्मचारीको सेवाकालीन तालिम | पटक | २ | १२००००० | २४००००० |
| ४ | फेलोशिप कार्यक्रम | पटक | १ | ५००००० | ५००००० |
| ५ | गुण व्यवस्थापन प्रणाली सम्बन्धी कार्यशाला | पटक | १ | २००००० | २००००० |
| ६ | सुशासनको लागि नेतृत्व सम्मेलन (Leader Summit) (संघ, प्रदेश र स्थानीय तह) | पटक | १ | १०००००० | १०००००० |
| ७ | अनुभव आदानप्रदान सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यशाला | पटक | १ | ८००००० | ८००००० |
| ८ | ज्ञान केन्द्र (Knowledge Center) को स्थापना | पटक | १ | ५००००० | ५००००० |
| ९ | प्रशिक्षार्थी (Internship) कार्यक्रम | पटक | २ | १५०००० | ३००००० |
| १० | प्रशिक्षण सामग्री प्रकाशन | पटक | २ | ५००००० | १०००००० |
| ११ | सवाल केन्द्रित संवाद | पटक | १ | ५००००० | ५००००० |
| १२ | अन्तरसरकार सम्वन्ध र अनुगमन तथा मूल्याङ्कन प्रशिक्षण सामग्री छपाई तथा वितरण | पटक | १ | ५००००० | ५००००० |
| १३ | कार्यमूलक अनसन्धान, लेखन तथा प्रकाशन | पटक | १ | ५००००० | ५००००० |
| १४ | पेशागत क्षमता विकास सम्बन्धी तालिम | पटक | १ | ५००००० | ५००००० |
| १५ | वार्षिक प्रगति प्रतिवेदन प्रकाशन | पटक | १ | २५०००० | २५००००० |
| १६ | वार्षिक क्यालेण्डर प्रकाशन | पटक | १ | १००००० | १००००० |
| १७ | चौमासिक बुलेटिन प्रकाशन | पटक | ४ | २०००० | ८०००० |

| क्र.स. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १८ | सफ्टवेयर सञ्चालन खर्च | पटक | १ | १२०००० | १२०००० |
| १९ | भवन निर्माण | संख्या | १ | ७००००००० | ७००००००० |
| २० | भर्चुअल ल्याव स्थापनाका लागि मेशिनरी, औजार, उपकरण खरिद | संख्या | १ | १००००० | १००००० |
| २१ | कार्यालयको लागि फर्निचर तथा फिक्चर्स | पटक | १ | १००००० | १००००० |
| २२ | प्रतिष्ठान परिसरमा पार्क तथा विश्रामस्थल निर्माण | वटा | १ | १०००००० | १०००००० |
| २३ | निर्मित भवनको सम्भार सुधार खर्च | संख्या | १ | ५००००० | ५००००० |

**(ख) प्रदेश तथा स्थानीय शसान सहयोग कार्यक्रम (संघ सशर्त अनुदान)**

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| | प्रतिफल ७ : क्षमता विकास सम्बन्धी सेवा प्रवाहका लागि प्रादेशिक सुशासन केन्द्र (PCGG) सञ्चालनमा आएको हुने । | | | | |
| १ | प्रतिष्ठानको Website Update गर्ने | पटक | १ | ३००००० | ३००००० |
| २ | जिन्सी प्रशासनका कर्मचारीहरूका लागि आधारभूत कार्य सञ्चालन कार्यविधि (SOP for Store) निर्माण | वटा | १ | ५००००० | ५००००० |
| ३ | प्रतिष्ठानको कर्मचारीहरूको लागि क्षमता विकास तालिम | पटक | १ | ४००००० | ४००००० |
| ४ | अन्तर प्रदेश सिकाइ आदानप्रदान भ्रमण | पटक | १ | ४००००० | ४००००० |
| ५ | प्रशिक्षण सामग्रीको प्रकाशन (९२ वटा आधारभूत कार्यविधिहरू र एउटा तालिम स्रोत पुस्तिका) | वटा | ३ | ७००००० | २१००००० |
| ६ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणालीको निर्माण | वटा | १ | ५००००० | ५००००० |

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| प्रतिफल ८ : स्थानीय तहहरूमा आधुनिक एवं प्रभावकारी प्रशासनिक प्रणाली र उत्तरदायी सार्वजनिक लेखा प्रणाली स्थापना भएको हुने । | | | | | |
| १ | स्थानीय तहको आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण | वटा | १५ | ५०००० | ७५०००० |
| २ | स्थानीय तहको क्षमता विकास योजना निर्माण | वटा | १५ | ३००००० | ४५००००० |
| ३ | स्थानीय तहको आवधिक योजना निर्माण | वटा | ११ | १०००००० | ११०००००० |
| ४ | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन LISA कार्यान्वनको फलोअप तालिम/अन्तरक्रिया र गुणस्तर परीक्षण | पटक | ४ | १०००००० | ४०००००० |
| ५ | स्थानीय तहको जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना बिषयमा फलोअप तालिम तथा अन्तरक्रिया | पटक | ४ | ७००००० | २८००००० |
| प्रतिफल ९ : स्थानीय तहको शासकीय प्रणालीलाई उर्ध्व र समतलीय रुपमा नागरिक प्रति उत्तरदायी बनाउन सक्षम हुने । | | | | | |
| १ | स्थानीय तहका लागि नमूना कार्यविधि निर्माण (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली) | वटा | ४ | ३००००० | १२००००० |
| २ | सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यान्वयनको फलोअप तथा अन्तरक्रिया कार्यक्रम | पटक | २ | १००००० | २००००० |
| प्रतिफल १० : स्थानीय शासन प्रणालीमा लैङ्गिक समानता र सामाजिक समावेशीतालाई मूलप्रवाहीकरण गरिएको हुने । | | | | | |
| १ | स्थानीय तहको लैससास रणनीति निर्माण | वटा | १४ | २००००० | २८००००० |
| २ | लैससास परीक्षण सम्बन्धी स्थानीय तहका कर्मचारीलाई प्रशिक्षक प्रशिक्षण | पटक | ३ | ५००००० | १५००००० |
| ३ | प्रदेश अन्तरगतका कार्यालयका कर्मचारीहरूलाई लैससास र कार्यस्थलमा हुने लैङ्गिक हिंसा बिरुद्धको आचार संहिताको निर्माण सम्बन्धी तालिम | पटक | २ | ५००००० | १०००००० |
| ४ | प्रदेशका मन्त्रालय र कार्यालयका लैससास सम्पर्क व्यक्तिहरूको लागि लैससास र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी तालिम | पटक | २ | ५००००० | १०००००० |
| ५ | स्थानीय तहमा लैससास परीक्षण र रणनीति, लैङ्गिक हिंसा बिरुद्धको आचारसहिंता निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धी अनतरक्रिया कर्यक्रम | पटक | २ | ६००००० | १२००००० |

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| | प्रतिफल ११ : स्थानीय शासन प्रणाली नागरिक सहभागिता र समावेशीतालाई आन्तरिकीकरण गरिएको हुने । | | | | |
| १ | स्थानीय तहको असल अभ्यासहरूको पहिचान र प्रकाशन | पटक | १ | ७००००० | ७००००० |
| | प्रतिफल १३ : उच्च गुणस्तरीय सेवा प्रवाहका लागि प्रदेश तहका पदाधिकारी एवं कर्मचारीको क्षमता विकास हुने । | | | | |
| १ | पाम्स तालिम (प्रदेश तथा जिल्ला स्थित कार्यालयका लागि) | पटक | ३ | ४००००० | १२००००० |
| २ | प्रदेश सभाका सदस्यहरूसँग सवाल केन्द्रित संवाद | पटक | १ | १०००००० | १०००००० |
| ३ | जिल्ला स्थित कार्यालयका कर्मचारीका लागि वित्तिय अनुशासन र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | पटक | २ | ४००००० | ८००००० |
| ४ | प्रदेश तहका कर्मचाारीहरूलाई सार्वजनिक खरिद तथा e-bidding सम्बन्धी तालिम | पटक | ३ | ५००००० | १५००००० |
| ५ | नव नियुक्त कर्मचारीहरूको लागि सेवा प्रवेश तालिम | पटक | १० | ५००००० | ५०००००० |
| ६ | क्याविनेटको लागि प्रस्ताव लेखन तालिम | पटक | १ | ४००००० | ४००००० |
| ७ | प्रदेश सभाका माननीय सदस्य तथा कर्मचारीहरूका लागि कानून निर्माणका विधि र प्रक्रिया सम्बन्धी अभिमुखीकरण | पटक | १ | ६००००० | ६००००० |
| ८ | प्रदेश अन्तरगतका कर्मचारीहरूका लागि नेपाली भाषा र व्याकरण सम्बन्धी तालिम | पटक | १ | ४००००० | ४००००० |
| ९ | सेवाकालीन तालिम | पटक | ४ | १५००००० | ६०००००० |
| | प्रतिफल १४ : उच्च गुणस्तरीय सेवा प्रवाहका लागि स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास हुने । | | | | |
| १ | स्थानीय तहका कर्मचारीलाई PAMS सम्बन्धी तालिम | | ३ | ४००००० | १२००००० |
| २ | स्थानीय तहका कर्मचारीलाई e-bidding सम्बन्धी तालिम | | ३ | ५००००० | १५००००० |
| ३ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायीत्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | | ५ | ४००००० | २०००००० |
| ४ | स्थानीय तहको वडा समितिलाई सहभागितामूलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम | | १९ | ३००००० | ५७००००० |
| ५ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | | १५ | ५००००० | ७५०००००० |
| ६ | स्थानीय तहका कर्मचारीहरूलाई Bio-Engineering सम्बन्धी तालिम | | ३ | ४००००० | १२००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | रुपान्तरकारी नेतृत्व विकास सम्बन्धी तालिम (वडा समितिका महिला, दलित सदस्य र टोल विकास समितिका सदस्यहरुलाई बाल सञ्जालहरूसँग) | पटक | ८ | ३०००००० | २४०००००० |
| ८ | सवाल केन्द्रित संवाद (स्थानीय तहले बनाएका आवधिक विकास योजना, क्षमता विकास योजना, राजस्व सुधार योजनाको कार्यान्वयन अवस्था सम्बन्धी संवाद कार्यक्रम) | पटक | २ | १०००००० | २०००००० |
| ९ | स्थानीय तहका न्यायीक समितिका सदस्य तथा कर्मचारीहरूका लागि न्यायीक कार्यसम्पादन र मेलमिलाप सम्बन्धी तालिम | | ४ | ५००००० | २०००००० |
| १० | स्थानीय तह र जिससका जनप्रतिनिधिलाई सकारात्मक सोंच सम्बन्धी तालिम | | ३ | ५००००० | १५००००० |
| ११ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई क्षमता विकास सम्बन्धी तालिम | | १ | ४००००० | ४००००० |

**आ.व. २०८०/८१ का लागि प्रतिष्ठानको कुल बजेट (रु हजारमा)**

| कार्यक्रम | पूँजीगत | साधारण | जम्मा |
|---|---|---|---|
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश समानीकरण अनुदान) | ७,१७,००,००० | ३,१०,५४,००० | १०,२७,५४,००० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | १,५०,००० | ९,२७,००,००० | ९,४२,००,००० |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (कर्मचारी तलब) | ० | ३०,००,००० | ३०,००,००० |
| कुल | ७,३२,००,००० | १२,६७,५४,००० | १९,९९,५४,००० |

# परिच्छेद-७
# समस्या, चुनौति, निष्कर्ष र आगामी कार्यदिशा

## ७.१ समस्या र चुनौति

चालु आ.व.को आसार मसान्त सम्ममा प्रतिष्ठानले कार्य प्रारम्भ गरेको ४० महिना पूरा भएको छ। यस अवधिमा प्रतिष्ठानले संस्थागत विकास र कार्यक्रम कार्यान्वनलाई सँगसँगै अगाडि बढाउँदै आइरहेको छ। प्रतिष्ठानको पहिलो रणनीतिक योजनाले परिलक्षित गरेका कार्यक्रमहरूलाई बार्षिक बजेट र कार्यक्रममा समावेश गर्दै प्रतिष्ठान लक्ष्य प्राप्तिमा निरन्तर क्रियाशील रहँदै आएको छ।

विगत वर्षहरूमा जस्तै यस आ.व. मा पनि प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फको संघ सशर्त अनुदानका क्रियाकलाप कार्यान्वयन गरेको छ। साविक नगर विकास प्रशिक्षण केन्द्रको जीर्ण भवनको मर्मतर संभार गरी प्रतिष्ठानको कार्यसञ्चालन भइरहेको छ। प्रदेश सरकारले उपलब्ध गराएको अस्थायी जनशक्ति र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फका प्राविधिक कर्मचारीको सहयोगमा कार्यक्रम कार्यान्वयन गरेको छ।

विगत वर्षमा जस्तै चालु आ.व.मा पनि प्रदेश सरकारले स्वीकृत गरेको अस्थायी दरवन्दी बमोजिमको ज्यादै न्यून संख्याका कर्मचारीबाट कार्यसम्पादन गर्नुपर्दा लक्ष्य अनुसारको प्रगति हाँसिल गर्न कठिन भयो। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यबोझलाई सम्बोधन गर्न उक्त जनशक्ति अपर्याप्त थियो।

अपर्याप्त र सानो आकारका प्रशिक्षण हलका कारण कतिपय कार्यक्रम प्रतिष्ठान बाहिर सञ्चालन गर्नुपर्ने बाध्यता रह्यो। प्रतिष्ठानका कर्मचारीको दैनिक कार्यसम्पादनका लागि समेत पर्याप्त कार्यस्थल उपलब्ध हुन सकेन।

अधिक कार्यबोझ र न्यून कर्मचारीका कारण प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् सञ्चालित कार्यक्रमको कार्यान्वयन चुनौतिपूर्ण रह्यो। प्राविधिक टिमका कर्मचारीको सरुवा र सो स्थानमा समयमानै कर्मचारी व्यवस्था नहुँदा कामको प्रगतिमा बाधा उत्पन्न हुन गयो। खर्चको मापदण्डका कारण कतिपय कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कठिनाई भयो। अधिकांश कार्यक्रम विज्ञ परामर्शदाता परिचालन गरी कार्यान्वयन गर्नुपर्ने हुँदा प्रशासनिक काममा कर्मचारीले लामो समय खर्च गर्नु पर्‍यो जसले गर्दा कार्यक्रमको अनुगमन, फलोअप र मूल्याङ्कनका लागि यथेष्ट समय उपलब्ध हुन सकेन।

## ७.२ समस्या समाधानका लागि चालिएका कदम

उपलब्ध जनशक्तिको अधिकतम परिचालन मार्फत् वार्षिक योजनामा समावेश भएका क्रियाकलापको कार्यान्वयन, सरोकारवालसँगको समन्वय एवम् साझेदारी विकास तथा प्रतिष्ठानका

संस्थागत पूर्वाधार निर्माणको कार्य सम्पादन भए । कर्मचारीको कार्यक्षमता अभिबृद्धिका लागि प्रशिक्षण, नयाँ कर्मचारीको अभिमुखीकरण, स्थानीय तहमा सञ्चालन गरिने कार्यक्रममा स्थानीय तहलाई नै जिम्मेवार बनाउने रणनीतिको अवलम्बन, कार्यक्रम कार्यान्वयनमा वहुसरोकारवालाको संलग्नता आदिद्वारा प्रतिष्ठान मार्फत् सञ्चालित कामको प्रभावकारिता अभिबृद्धि गर्ने र गुणस्तर कायम गर्ने काम भयो । उपलब्ध भौतिक पूर्वाधारको मर्मत संभार गरी तालिम कक्षको व्यवस्थापन र कर्मचारीका लागि कार्यस्थलको प्रबन्ध गर्ने कार्य भयो । कर्मचारीलाई बहुविषयगत क्षेत्रमा संलग्न गराउने रणनीति मार्फत् खास खास क्षेत्रमा अभाव भएको जनशक्ति व्यवस्थापनको कार्य भयो ।

## ७.३ निष्कर्ष

स्थापनाको छोटो अवधिमा प्रतिष्ठानले संस्थागत विकासको मजबुत जग बसाल्न सक्षम भएको छ। भौतिक पूर्वाधारको तयारी, जनशक्तिको प्रवन्ध, कार्यपद्धति एवम् कार्यप्रणालीको स्थापना र सोको आन्तरिकीकरणले कुनै पनि संस्थाको संस्थागत विकासको अवस्थालाई झल्काउँदछ । उल्लिखित सबै क्षेत्रमा प्रतिष्ठानले ठोस कार्य प्रारम्भ गरेको छ । कर्मचारीको स्थायी व्यवस्थापनका लागि संगठन संरचनाको निर्माण र सोका लागि आवश्यक कर्मचारी सेवाशर्त सम्बन्धी विनियमावलीको तर्जुमा, भौतिक पूर्वाधारका लागि अत्याधुनिक भवनको निर्माण, आवश्यक ऐन, नियम, कार्यविधि आदिको तर्जुमा सँगै संस्थागत पूर्वाधार विकासको बलियो जग बसेको छ । ISO 9001:2015 प्रमाणपत्रको प्राप्तिसँगै प्रतिष्ठान अन्तर्राष्ट्रिय मान्यता प्राप्त संस्थाका रुपमा स्थापित भएको छ ।

दक्ष जनशक्ति गुणस्तरीय सेवा प्रवाहको अनिवार्य शर्त हो । जनताका प्रतिनिधि र स्थायी सरकारका रुपमा चिनिने कर्मचारीतन्त्रको क्षमता विकास संघीय शासन प्रणालीको सफल कार्यान्वयनका आधारभूत पक्ष हुन् । यिनै कुरालाई मध्येनजर गरी स्थापनाको छोटो अवधिमा नै प्रतिष्ठानले आफ्ना गतिविधि केन्द्रित गरेको छ । गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित सवाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट प्रदेश र स्थानीय तहमा मानव संसाधन विकास, संस्थागत विकास, विकास प्रक्रियाको सहजीकरण र ज्ञान व्यवस्थापनका क्षेत्रमा योगदान गरी समृद्ध प्रदेश, सुखी नागरिकको प्रादेशिक आकांक्षा प्राप्तिमा योगदान गर्न प्रतिष्ठान सफल भएको छ ।

अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिमको प्रारम्भ गरेको छ भने सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिमलाई निरन्तरता दिएको छ । चालु आर्थिक वर्षमा सहायकस्तरका ५६ जना र अधिकृतस्तरका ५८ जना गरी कुल ११४ जनाले सेवाकालीन तालिमको अवसर प्राप्त गरेका छन् । चालु आ.व. देखि प्रतिष्ठानले सेवा प्रवेश तालिम प्रारम्भ गरेको छ । प्रदेश लोक सेवा आयोगबाट छनौट भई स्थानीय तहमा कार्यरत ३१५ जना कर्मचारीले चालु आ.व.मा ५ दिने सेवा प्रवेश तालिमको अवसर प्राप्त गरेका छन् । गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको

सहकार्यमा प्रशिक्षक प्रशिक्षण आयोजना गरी गण्डकी प्रदेशमा सञ्चालन गरिने तालिम कार्यक्रममा एकरुपता ल्याउने प्रयास गरिएको छ । चालु आ.व.मा लामो तथा छोटो अवधिका कुल ११६ वटा विभिन्न किसिमका तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन् । यसबाट ४२०७ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् । नवनिर्वाचित जनप्रतिनिधिहरूका लागि आधारभूत तालिम आयोजना भएका छन् ।

सवाल केन्द्रित संवाद कार्यक्रमले यस आ.व.मा पनि निरन्तरता पाएको छ । क्षमता विकासको क्षेत्रमा गुण व्यवस्थापन प्रणालीको महत्व, स्थानीय तहको शासकीय क्षमता अभिबृद्धि, नेपालमा वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध जस्ता समसामयिक सवालहरूमा विभिन्न सरोकारवालासँग संवाद कार्यक्रम आयोजना भएका छन् । यसले सरोकारवालाहरूलाई नीतिगत पृष्ठपोषण भएको छ ।

तालिमको आयाममा परिवर्तन गर्दै जाने रणनीति बमोजिम चालु आ.व. मा कार्यालय सहयोगी, माली, सवारी चालक र सुरक्षा गार्डका लागि आधारभूत कार्यसञ्चालन कार्यविधिको अभिमुखीकरण भएको छ भने आर्थिक प्रशासन सम्बन्धी कार्यका लागि आधारभूत कार्यसञ्चालन कार्यविधिको निर्माण भएको छ । यसले क्षमता विकासका वैकल्पिक माध्यमहरूको विकास र प्रयोगको आधार तयार गर्ने काम गरेको छ ।

अध्ययन र अनुसन्धानका कार्यले चालु आ.व. मा पनि निरनतरता पाएका छन् । प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको कार्यान्वयनको अवस्था र सेवा प्रवाहमा पारेको प्रभावको तेस्रो पक्षबाट अध्ययन गर्ने कार्य सम्पन्न भएको छ भने स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र भावि संभावन विषयमा प्राज्ञिक अध्ययन पूरा भएको छ । यसले तहगत सरकारहरूका लागि समृद्धि र विकासका क्षेत्रमा महत्वपूर्ण नीतिगत पृष्ठपोषण हुने अपेक्षा गरिएको छ ।

यस आ.व.मा स्थानीय तहको शासकीय क्षमता अभिबृद्धिमा ठोस योगदान पुगेको छ । स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन जस्ता कार्यमा प्रतिष्ठान मार्फत् प्राविधिक सहयोग पुगेको छ भने ५ वटा स्थानीय तहको आवधिक योजना, १४ वटा स्थानीय तहको क्षमता विकास योजना, १४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना र १९ वटा स्थानीय तहको लैससास रणनीति निर्माणमा चालु आ.व.मा आर्थिक एवम् प्राविधिक सहयोग पुगेको छ ।  चालु आ.व. मा २० वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सहयोग पुगेको छ । यसबाट नवनिर्वाचित जनप्रतिनिधिलाई सहज रुपमा कार्यसम्पादन गर्ने वातावरण तयार गर्न योगदान पुगेको छ ।

## ७.४ आगामी कार्यदिशा

संस्थागत विकासका माथि उल्लिखित तत्वहरू :- जनशक्ति, भौतिक पूर्वाधार र कार्यप्रणाली लाई संस्थागत गर्नु प्रतिष्ठानको प्राथमिक कार्यभार हुनेछ । संस्थागत विकासको जग बलियो हुँदा मात्र प्रतिष्ठानद्वारा सञ्चालन गरिने कार्यक्रमको प्रभावकारिता सुनिश्चित हुने हो । भवन निर्माणको कार्य सम्पन्न गरी कार्यालय व्यवस्थापन र प्रशिक्षण सञ्चालनका लागि आवश्यक तालिम हलको प्रवन्ध गर्ने, प्रदेश लोक सेवा आयोगबाट प्रतिष्ठानको स्वीकृत दरवन्दी बमोजिमको कर्मचारीको स्थायी पदपुर्ती गर्ने, आइएसओ प्रक्रिया मार्फत् सुरुवात गरिएको कार्यप्रणालीलाई संस्थागत गर्ने कुरामा प्रतिष्ठान केन्द्रित हुनु पर्नेछ ।

स्थानीय तहको निर्वाचन मार्फत् निर्वाचित पदाधिकारीहरूको क्षमता विकास, प्रदेश लोक सेवा आयोगबाट छनौट भई प्रदेश र स्थानीय तहमा सिफारिस भएका कर्मचारीको सेवा प्रवेश तालिम, कर्मचारीको सेवाकालीन तालिम निरन्तर रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू हुन् । अध्ययन अनुसन्धानका निष्कर्षहरूलाई सरोकारवाला समक्ष प्रचार प्रसार गर्ने एवम् आवश्यकता अनुसार प्रशिक्षणमा समावेश गराउने कार्यलाई निरन्तरता दिनु पर्नेछ ।

क्षमता विकासका वैकल्पिक माध्यमहरूको विकास र प्रयोग आजको आवश्यकता हो । Beyond Training को अवधारणालाई स्थापित गराउन तालिम प्रदायक संस्थाहरूसँग संवाद र अन्तरक्रिया आगामी दिनको महत्वपूर्ण कार्य हुनेछ । प्रदेशमा कार्यरत विभिन्न तालिम प्रदायक संघ संस्थासँगको समन्वय विस्तार गरी समग्र तालिम कार्यक्रमको प्रभावकारिता अभिबृद्धिमा प्रतिष्ठानले अग्रसरता लिनु पर्नेछ ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत् स्थानीय तहमा कार्यान्वयनमा रहेका स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन र स्थानीय आर्थिक विकासलाई स्थानीय तहको शासकीय प्रणाली र विकास प्रक्रियामा आन्तरिकीकरण गर्न सहजीकरण आवश्यक छ भने आवधिक योजना, क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना, लैससास रणनीति, सार्वजननिक सम्पत्ति व्यवस्थापन प्रणाली, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली आदिको फलोअप आगामी आ.व.को महत्वपूर्ण कार्य हुनेछ ।

प्रतिष्ठानलाई अन्तर्राष्ट्रियस्तरको तालिम केन्द्रका रुपमा विकास गर्ने लक्ष्यका लागि आवश्यक पूर्वाधार निर्माणमा आवश्यक समन्वय, सहकार्य र साझेदारी विकासका क्षेत्रमा प्रतिष्ठानले कार्य प्रारम्भ गर्नुपर्ने छ । आगामी आ.व. लाई प्रतिष्ठानले समन्वय साझेदारी निर्माणको वर्षका रुपमा घोषणा गरेको सन्दर्भमा यस दिशामा पहलकदमी लिनु प्रतिष्ठानको कार्यभार हुनेछ ।

Changing Behaviour

Integrity

Professionalism

Innovation

Improving Performance


**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
गण्डकी प्रदेश, पोखरा
फोन : ०६१-५७१०८२/५७०१४६
इमेल : academy.gandaki@gmail.com
वेवसाइट : gpta.gandaki.gov.np


qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

MEMBER OF IQNET CERTIFIED MANAGEMENT SYSTEM